# हंस बहुउद्देश्यीय सहकारी संस्था लि.

## Hans Multipurpose Co-operative Society Ltd.

भरतपुर-१, शहीदचोक, नारायणगढ, चितवन, फोन: ०५६-५९५८२५, ५९५६२६, ५९५७२७




**२०औं वार्षिक साधारण सभा**



# वार्षिक प्रगति प्रतिवेदन पुस्तिका-२०८०

## २०८० मसिर २३-२६




Website: hansmultipurpose.org.np
Email: hanscooperative@yahoo.com, hanscoop1@gmail.com

**सेवाकेन्द्रहरु:**
रत्ननगर-१, सौराहा चोक, टाँडी फोन: ०५६-५६२९७६
भरतपुर-१६, धरहरा चोक, विजयनगर, फोन: ०५६-५९१९६१
भरतपुर-२८, जीतपुर, मेघौली, फोन: ९८०२९५६०७८, ९८५५०५४८२७

## सञ्चालक समिति


दिनेश कुमार चुके
अध्यक्ष


बाबुराम अधिकारी
उपाध्यक्ष


शारदा शर्मा पौडेल
सचिव


प्रमोद कुमार श्रेष्ठ
कोषाध्यक्ष


प्रा.डा. होमनाथ सापकोटा
सदस्य


षडानन्द लामिछाने
सदस्य


ध्रुवकुमार ओझा
सदस्य


अनिता मैनाली
सदस्य


देशबन्धु अधिकारी
सदस्य


सन्देश पाठक
सदस्य


सूर्य बराल
सदस्य

## लेखा तथा सुपरिवेक्षण समिति


गोविन्द प्रसाद पौड्याल
संयोजक


गोविन्द सुवेदी
सदस्य


कृष्णहरि तिमल्सेना
सदस्य

## ऋण उप-समिति


बाबुराम अधिकारी
संयोजक


प्रमोद कुमार श्रेष्ठ
सदस्य


षडानन्द लामिछाने
सदस्य

## शिक्षा उप-समिति


देशबन्धु अधिकारी
संयोजक


विदुर के.सी.
सदस्य


नेत्रबन्धु पोखरेल
सदस्य

## पदपूर्ति उप-समिति


प्रा.डा. होमनाथ सापकोटा
संयोजक


जगन्नाथ न्यौपाने
सदस्य


ओम प्रसाद लामिछाने
सदस्य

## महिला परिचालन उप-समिति


अनिता मैनाली
संयोजक


लक्ष्मी लामिछाने
सदस्य


गंगा श्रेष्ठ राजभण्डारी
सदस्य


सीतादेवी के.सी. बुढाथोकी
सदस्य


उर्मिला रेग्मी लामिछाने
सदस्य

सहकारी दर्ता नं. २/१६३ (१४९) ०५६/०५७
पान नं.: ३०४४७४७५२

# हंस बहुउद्देश्यीय सहकारी संस्था लि.

Hans Multipurpose Co-operative Society Ltd.

भरतपुर-१, शहीदचोक, नारायणगढ, चितवन, फोनः ०५६-५९५८२५, ५९५६२६, ५९५७२७

प. सं.

च. नं.

मितिः २०८०/०७/२१

## २० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८० कार्तिक ३ गते बसेको सञ्चालक समितिको ३११ औं बैठकको निर्णय तथा सहकारी विभागले जारी गरेको साधारण सभा सम्बन्धी निर्देशिका बमोजिम प्रस्तावित विषयहरुमा छलफल गरी निर्णय गर्नका लागि संस्थाको २० औं वार्षिक साधारण सभा तपसिलको मिति, समय र स्थानमा इकाइगत रुपमा सम्पन्न हुने भएकाले सम्पूर्ण सेयर सदस्य महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**इकाइगत बैठक तालिकाः**

| क्र.सं. | मिति | केन्द्रको नाम | स्थान | समय |
|---|---|---|---|---|
| १. | २०८० मंसिर २३ | सदस्य सेवाकेन्द्र, विजयनगर | चारपाते युवा समाजको सभाहल, विजयनगर | विहान ११ देखि दिउसो २ बजेसम्म |
| २. | २०८० मंसिर २४ | सदस्य सेवाकेन्द्र, जीतपुर | संस्थाको आफ्नै भवन परिसर | |
| ३. | २०८० मंसिर २५ | सदस्य सेवाकेन्द्र, टाँडी | होटल गंगोत्री हाइवे परिसर, सौराहचोक, टाँडी | |
| ४. | २०८० मंसिर २६ | प्रधान कार्यालय, नारायणगढ | नारायणी कला मन्दीर, नारायणगढ | |

**छलफल तथा निर्णयार्थ प्रस्तावित विषयहरु :**

- संस्थाको आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
- लेखा सुपरीवेक्षण समितिको आ.व.२०७९/०८० को प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
- संस्थाको आ.व.२०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
- संस्थाको आ.व. २०८०/०८१ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
- संस्थाका उपसमितिहरुले प्रस्तुत गर्ने आ.व.२०७९/०८० को प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
- संस्थाको आ.व २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
- संस्थाको आ.व. २०७९/०८० मा सञ्चालक समितिको निर्णयबाट भए गरेका सम्पूर्ण कार्यहरुको छलफल गरी पारित गर्ने सम्बन्धमा ।
- लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
- संस्थाको विनियम संशोधन/ पुनर्लेखन साथै आन्तरिक कार्यविधि पारित तथा तर्जुमा गर्ने सम्बन्धमा ।
- जग्गा खरिद तथा बिक्री सम्बन्धमा ।
- सदस्य सेवाकेन्द्र थप गर्ने सम्बन्धमा ।
- संस्था एकीकरण (मर्जर) का सम्बन्धमा ।
- साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
- विविध सम्बन्धमा ।

**पुनश्च :**

१. सदस्यहरुलाई संस्थाको सदस्य भएको परिचय खुल्ने कागजात अनिवार्य लिएर आउनु हुन सूचित गरिन्छ ।
२. साधारण सभामा उपस्थित हुने सदस्यहरुलाई मात्र रु. ६००।- मा १५% कर कट्टी गरी रु. ५१०।- यातायात खर्च उपलब्ध गराइनेछ ।
३. मिति २०८० असार मसान्तसम्म सदस्य हुनुभएका सेयर सदस्यहरुले मात्र साधारण सभाको बैठकमा उपस्थिति जनाउन पाउनु हुनेछ ।

**शारदा शर्मा पौडेल**
सचिव

प्रकाशक : **हंस बहुउद्देश्यीय सहकारी संस्था लि.**

मुख्य कार्यालय भ.म.न.पा.-१, शहीदचोक, नारायणगढ, चितवन
☎ : ०५६-५९५८२५, ५९५६२६
टाँडी सेवाकेन्द्र : ०५६-५६२९७६, विजयनगर सेवाकेन्द्रः ०५६-५९१९६१
जीतपुर सेवाकेन्द्र : ९८०२९५६०७८

प्रकाशन मिति : **२०८० मंसिर २३-२६ गतेसम्म**

प्रकाशित प्रति : **२००० प्रति**



सर्वाधिकार : **प्रकाशकमा सुरक्षित**



कभर डिजाइनर : **मदन सेन्चुरी**

मुद्रक : **कालिका प्रिन्टिङ्ग एण्ड प्याकेजिङ्ग प्रा.लि.**, लाङ्घाली चोक रामघाट, चितवन

☎ : ०५६-४१२२७८, ९८५५०५७३७४

# राष्ट्रिय गान



सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो, मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ॥

## हंसमा नै सदस्य किन ?

- *नीति, विधि र प्रविधि अनुसार सञ्चालित संस्था ।*
- *४ वटा कार्यालय मध्ये २ वटा आफ्नै भवनबाट सेवा प्रदान गरिएको ।*
- *समुदायमा आधारित संस्था तथा स्थानीय प्रतिष्ठित सञ्चालक एवम् दक्ष अनुभवी कर्मचारीहरुद्वारा सञ्चालित ।*
- *संस्थागत पूँजीकोष बलियो बनाउन सफल ।*
- *प्रसस्त बचत तथा ऋणका उत्पादनहरु भएकाले कारोवार गर्न सहज र सरल ।*
- *समयानुकुल नीति तथा कार्यविधि परिमार्जन गर्ने गरेको ।*
- *सार्वजनिक बिदाको दिनमा समेत सेवा प्रवाह (३६५ दिन सेवा अन्तर्गत ३५२ दिन सेवा)*
- *सन्ध्याकालिन सेवा*
- *नविनतम् प्रविधिको प्रयोगमार्फत सदस्यहरुलाई छिटो छरितो सेवा प्रवाह ।*
- *निरन्तर समाज तथा समुदायप्रति उत्तरदायित्व बहन गरिरहेको ।*
- *बालबालिकादेखि ज्येष्ठ सेयर सदस्यहरुसम्मको लागि कार्यक्रम सञ्चालन ।*
- *उत्कृष्ट सहकारी संस्था घोषणा भई सम्मान तथा प्रशंसा पत्र प्राप्त गर्न सफल ।*
- *सदस्य शिक्षा तथा तालिममा नियमितता ।*
- *बहुउद्देश्यीय कार्यक्रमा प्रवेश गर्नु ।*
- *सदस्यहरुलाई विभिन्न अस्पताल तथा व्यवसायिक फर्महरुमा छुटको व्यवस्था भएको ।*

बागमती प्रदेश सरकार

# संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

मानननीय पुकार महर्जन
मन्त्री
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

हेटौंडा नेपाल

मितिः २०८०।०८।०७

बिषयः शुभकामना

श्री हंस बहुउद्देश्यीय सहकारी संस्था लि.
भरतपुर - १ शहीदचोक, नारायणगढ,
चितवन जिल्ला, बागमती प्रदेश, नेपाल।

सदस्यहरुको आर्थिक हितलाई केन्द्रबिन्दुमा राखेर सदस्य केन्द्रित तथा निर्देशित भई समुदायमा आधारित भएर सहकार्य गर्दै गरिने ब्यबसाय जुन खुल्ला तथा स्वेच्छिक सदस्यताको सिद्धान्त अंगिकार गरी सहकारी ऐन नियमको कानुनी धरातलबाट आजभन्दा २४ बर्ष अगाढी स्थापित तहाँ सहकारी संस्थाले जनताको सेवा गरी आर्थिक समृद्धी गरेकोमा प्रथमत सम्बद्ध सम्पुर्णमा हार्दिक शुभकामना ब्यक्त गर्दछु।

आफ्नो बार्षीक उत्सवको अबसर पारेर संस्थाको ऐताहासीक एवम् बर्तमान गतिविधिहरु हरहिसाव लगायत सहकारीमा आबद्ध सदस्यहरुको विवरणहरु समेटदै प्रकाशन गर्न लागीएको "प्रगति प्रतिवेदन पुस्तिका २०८०" मा आफ्नो शुभकामनाका भावहरु राख्ने अवसर दिनुभएकोमा याहाँहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु।

स्थापनाकाल देखी आजसम्म संस्था संचालन क्रममा भोगीएका राम्रा पक्षहरुको अनुसरण तथा चुनौतिहरुलाई थप सुधार गर्दै वर्तमान अर्थतन्त्रको प्रमुख एक खम्वालाई सदस्य हितमा लगाउदै थप उर्जाशिल, प्रविधिमैत्री तथा न्युन वित्तिय जोखिममा रहेर कारोवारहरु अगाडी बढाउनको लागी समेत आग्रह गर्दछु।

प्रकाशन गर्न लागीएको "प्रगति प्रतिवेदन पुस्तिका २०८०" शुसासन र पारदर्शिताको सवल नमुना सहित संग्रहित अभिलेखको रुपमा प्रकाशित प्रतिवेदन पुस्तिका भावि पुस्तालाई थप मार्गनिर्देश गर्ने पठन सामग्री समेत बनाउन सकियोस भन्ने कामना सहित सदस्यहरुको आर्थिक गतिविधमा सकारात्मक परिवर्तनको अपेक्षा गर्दै संस्थाको बढोत्तरीको शुभकामना ब्यक्त गर्दछु।

जय सहकारी ।।

मानननीय पुकार महर्जन
मन्त्री
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**Office of Municipal Executive**

Bharatpur, Chitwan, Nepal


## शुभकामना !!

भरतपुर महानगरपालिका वडा नं. १ मा प्रधान कार्यलय रही भरतपुर महानगरपालिका भित्र विभिन्न स्थानमा सेवाकेन्द्रहरु मार्फत सहकारी सेवा प्रदान गर्दै आईरहेको यस हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले २० औं वार्षिक साधारण सभा मनाउन सफल भएकोमा खुशी लागेको छ। म यस अवसरमा साधारण सभाको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछु। सहकारीका सिद्धान्त र विधान अनुरूप आफ्ना शेयर सदस्यहेरूको हितलाई मध्यनजर गरी समुदायमा आधारित विभिन्न सृजनात्मक कृयाकलापहरू सञ्चालन गर्दै सहकारीको अस्तित्व महसुस गराउन सफल भएको यस संस्थाले वार्षिक साधारण सभाको अवसरमा वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेकोमा उक्त प्रकाशनको समेत सफलताको शुभकामना व्यक्त गर्दछु।

यस सहकारी संस्थाले २० औं वार्षिक साधारण सभाको अवसर पारेर प्रकाशन हुन लागेको प्रगति प्रतिवेदन पुस्तिका भविष्यमा सहकारीको क्षेत्रमा अध्ययन र अनुसन्धानको क्षेत्रमा लाग्नेहरुको लागी एक दस्ताबेजको रूपमा समेत रहने विश्वास लिनुको साथै यस संस्थाका गतिविधिहरू जानकारी राख्न चाहनेहरूका लागि समेत उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु। धन्यवाद।

मितिः २०८०/०८/०८

...............

(रेनु दाहाल)

नगर प्रमुख


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014

E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

# जिल्ला सहकारी संघ लि.
District Co-operative Union Ltd.

र.नं. २ घ ६(११४३)०३४
पान नं. ६०१३३७५३२
भरतपुर, चितवन
☎ ०५६-५९५२७०
इमेल:
dcuchitwan85@gmail.com


प.सं./च.नं.: २०८०।२०८१
१०५

मिति : २०८०।०८।०५

# शुभकामना सन्देश

यस **हंस बहुउद्देश्यीय सहकारी संस्था लि**.को २० औं **बार्षिक साधारण सभाको** अवसरमा शुभकामना व्यक्त गर्न पाउदा खुसी लागेको छ । गत **आ.व. २०७९।२०८०** को वार्षिक प्रगती विवरण साधारण सभामा प्रस्तुत गर्ने, वार्षिक बजेट पासपारित गर्ने, संस्थाद्धारा आगामी बर्षका लागि संचालन गरिने कार्यक्रमहरु पारित गराउने उद्धेश्यले ऐन र नियमावलीको अधिनमा रहि विनियमको पूर्ण रुपमा पालना गर्दै साधारण सभाको आयोजना गर्नु भएको छ भन्ने कुरामा पूर्ण विश्वस्त हुदै संघको तर्फबाट हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछु।

**समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय अभिष्ठ पुरा गर्न संविधानले तीन खम्बे अर्थ निति स्वीकार गर्दै जसरी सहकारीलाई जिम्मेवार भूमिका निर्वाह गर्न निर्दिष्ठ गरेको छ, त्यसै गरि सहकारीहरु पनि जवाफदेहिताका साथ प्रस्तुत हुन जरुरी छ। निति, विधि र प्रविधि मार्फत सुशासनयुक्त संघ/संस्था निर्माण गर्नु हामी सहकारी कर्मिहरुको मुलधर्म हो।

हाल राष्ट्रिय रुपमा देखिएको तरलता अभावका कारण संस्थाहरुको कारोवारमा पनि सुस्तता आएको छ । जसले सदस्यहरुको जनजिबनमा पनि ठूलो अप्ठेरो अवस्था सिर्जना गरेको छ । यस परिस्थितिमा धैर्य रहदै सन्तुलित कारोवारलाई प्राथमिकतामा राखेर कार्य सम्पादन गर्नु सहकारीलाई सम्भावित ठूलो जोखिमवाट बचाउनु हुनेछ ।

अन्तमा लामो आरोह, अवरोह पार गर्दै आफ्नो २० औं बार्षिक उत्सवमा प्रकाशित गर्न लागिएको **बार्षिक प्रतिवेदन पुस्तिका** सम्पुर्ण सहकारीकर्मीलाई उपयोगी हुने गरी सही र तथ्यमा आधारीत हुन सकोस भन्ने शुभेच्छा सहित **हंस बहुउद्देश्यीय सहकारी संस्था लि**.को पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**जय सहकारी !!!**

हरि प्रसाद पौडेल
अध्यक्ष

स.प्र. डि.का. दर्ता नं.: १०८९/०६९/०७०

# चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि.

भ.म.न.पा.-चितवन (प्रदेश नं. ३)

प.सं. ०८०/८१
च.नं. ४

मिति. २०८०/८/४

हंस बहुउद्देश्यीय सहकारी संस्था लि.
भरतपुर महानगरपालिका -१, शहीदचोक
नारायणगढ, चितवन

## हार्दिक शुभकामना

यस चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि. मा आवद्ध भरतपुर महानगरपालिका वडा नं १ मा अवस्थित हंस बहुउद्देश्यीय सहकारी संस्थाको २० औं वार्षिक साधारण सभाको अवसरमा प्रकाशित वार्षिक नीति तथा प्रगति प्रतिवेदन पुस्तिकामा चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघको तर्फबाट शुभकामना व्यक्त गर्न पाउदा हामीलाई हर्षित तुल्याएको छ । यस महत्वपूर्ण घडिमा हार्दिक बधाई एवं शुभकामना ज्ञापन गर्दछु ।

सहकारी अभियानको जननी जिल्लाको अभिभारा वहन गर्दै नीति र विधिद्धारा शुसज्जित एंव शेयर सदस्यको आशा र भरोसाको धरोहर यस हंस बहुउद्देश्यीय सहकारी संस्था लि. ले कुशल नेतृत्व प्राप्त गर्दै आएको छ । त्यसै कारण सहकारी क्षेत्रमा बेला बेला देखिदै आएका आरोह अवरोहहरुमा पटक्कै विचलित नभई सहकारी अभियानमा अटल रुपमा उभिदै छुट्टै पहिचान कायम गरेको छ ।

समयको मागसँगै सहकारी ऐन र नियमावलीको कार्यान्वयनको क्षेत्रमा समेत यस संस्थाले अग्रणी भुमिका खेल्न सकोस् साथै जोखिमको व्यवस्थापन र संस्थागत विकासको अभिभारा एकै साथ अघि बढाउन सफलता प्राप्त होस ।

अन्तमा पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

जय सहकारी !!!

जय लाल श्रेष्ठ
उपाध्यक्ष

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सङ्क्षिप्त परिचय | १ |
| अध्यक्षको प्रतिवेदन | ४ |
| सचिवको प्रतिवेदन | ८ |
| कोषाध्यक्षको प्रतिवेदन | ३२ |
| लेखा समितिको प्रतिवेदन | ४७ |
| ऋण उप-समितिको प्रतिवेदन | ५३ |
| शिक्षा उप-समितिको प्रतिवेदन | ५८ |
| पदपूर्ति उप-समितिको प्रतिवेदन | ६१ |
| लेखापरीक्षण प्रतिवेदन | ६४ |
| पर्ल्स अनुपात अवस्था | ७८ |
| संस्थाको वृद्धि अनुपात ग्राफमा | ८६ |
| पत्रपत्रिकामा हंस बहुउद्देश्यीय सहकारी | ८८ |

# हंस बहुउद्देश्यीय सहकारी संस्था लि.

**भ.म.न.पा.-१, शहिदचोक, नारायणगढ, चितवन**

## सङ्क्षिप्त परिचय

२०८० अषाढ मसान्त

- संस्थाको नाम : हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
- दर्ता नं. : २/१६३/(१४९) ०५६/५७
- दर्ता मिति : २०५६ चैत्र २० गते
- स्थापना दिवस : मंसिर २७ गते
- कार्यक्षेत्र : चितवन जिल्लाभर
- पान नं. : ३०४४७४७५२
- फोन नं. : ०५६-५९५८२५/५९५६२६
- वेभसाइट : www.hansmultipurpose.org.np
- इमेल : hanscoop1@gmail.com, hanscooperative@yahoo.com
- संस्थागत आवद्धता :
  - संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, वागमती प्रदेश सरकार
  - बागमती प्रदेश सहकारी संघ लि.
  - जिल्ला सहकारी संघ, चितवन
  - आन्तरिक राजश्व कार्यालय, भतरपुर
  - भरतपुर महानगरपालिकाको कार्यालय, चितवन
  - जिल्ला बहुउद्देश्यीय सहकारी संघ, चितवन
  - राष्ट्रिय सहकारी वैक लि.
- सेयर सदस्य संख्या: ४६२७ जना (पुरुष: २४७४, महिला: २१३८ र संस्थागत: १५)
- संचालक सदस्य संख्या: ११ जना (पुरुष: ९, महिला २)
- कर्मचारी संख्या: २६ जना (पुरुष: ९, महिला: १७)
- लेखा परीक्षण अवधि: आ.व.२०७९/८०
- पछिल्लो साधारण सभा भएको मिति: २०७९ मंसिर १८ गतेदेखि २१ गतेसम्म
- संचालक समिति निर्वाचन भएको मिति: २०७९ मंसिर २१ गते
- वित्तीय विवरण:
  - चुक्ता पूँजी: १० करोड २३ लाख ७८ हजार
  - जगेडा कोष: ५ करोड ९२ लाख ५५ हजार
  - कुल सम्पति (वासलात): ८६ करोड ८८ लाख ७९ हजार
  - कुल निक्षेप (बचत संकलन): ६० करोड ८४ लाख २० हजार
  - कुल लगानीमा रहेको ऋण: ६२ करोड ७२ लाख २२ हजार
  - कुल सेयर लगानी: २१ लाख ६७ हजार

- कुल आय: १२ करोड १ लाख ६९ हजार
- कुल व्यय: ९ करोड ०८ लाख ४४ हजार
- कुल सञ्चालन मुनाफा: २ करोड ९३ लाख २५ हजार

❖ भौतिक सम्पति (जग्गा तथा भवन)

| जग्गा रहेको स्थान | जमिनको क्षेत्रफल | भवनको क्षेत्रफल |
|---|---|---|
| बेलचोक, नारायणगढ | १३४.७५ ब.मि. (०-०-८-०) | |
| जीतपुर, मेघौली (भवन समेत) | ४३५.९८ ब.मि. (०-१-५.७५-०) | २,३२० ब.फि. (जीतपुर सेवाकेन्द्र कार्यालय) |
| जीतपुर, मेघौली | ३९४.४९ ब.मि. (०-१-३.३०-०) | |
| नारायणगढ | १९०.७५ ब.मि. (०-०-११.२६-०) | |
| विजयनगर (भवन समेत) | १६९.३० ब.मि. (०-०-१०-०) | १,१०३. ६२ ब.फि. (विजयनगर सेवाकेन्द्र कार्यालय) |

❖ सम्मान, प्रशंसा तथा पुरस्कार

- नेपाल अर्वुद रोग निवारण संस्थाद्वारा क्यान्सर जनसचेतना सम्बन्धी कार्यक्रममा योगदान पुऱ्याए वापत सम्मानित (२०७१ कार्तिक १५)
- ५९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जिल्ला सहकारी संघ चितवनबाट मूल्याङ्कनको आधारमा उत्कृष्ट सहकारी संस्था, (२०७२ चैत्र २०)
- ६१ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जिल्ला सहकारी संघ चितवनबाट प्रशंसा पत्र (२०७४ चैत्र २०)
- ६२ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जिल्ला सहकारी संघ चितवनबाट प्रशंसा पत्र (२०७५ चैत्र २०)
- राष्ट्रिय सहकारी बैंकको १६ औं वार्षिक साधारण सभाको अवसरमा उत्कृष्ट सदस्य संस्थाको रुपमा सम्मान (२०७६ पौष ३)
- भरतपुर महानगरपालिकाद्वारा ११ औं नगरसभाको अवसरमा उत्कृष्ट करदाताको रुपमा सम्मान (२०७९ असार १२)

❖ **परिकल्पना**: " दिगो तथा उत्कृष्ट संस्था, व्यावसायिक एवम् समृद्ध सदस्य"

❖ **ध्येय**:

"सहकारी सिद्धान्तमा आधारित प्रविधियुक्त माध्यमबाट वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गरी सदस्यहरुको आर्थिक सामाजिक तथा सांस्कृतिक जीवनस्तर उकास्दै संस्थालाई व्यावसायीकरण गर्ने ।"

❖ **उद्धेश्य**:

- संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने र आवश्यक परेको समयमा ऋण लिने बानीको बिकास गराउने ।
- सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पुँजीको उपयोग बढाउने ।
- दातृ संस्थाहरुबाट कुनै शर्त नराखी प्राप्त हुने अनुदान स्वीकार गर्ने ।
- आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुमा सहयोगात्मक भावना राख्ने ।
- सदस्यहरुको समूह र विकासको अधिकतम् हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सञ्चालनका लागि चल, अचल सम्पत्ति आर्जन, उपभोग गर्ने, आवश्यक परेमा ऋय/बिऋय गर्ने ।

- सदस्य लगायत कार्यक्षेत्रभित्रका गरीब, वञ्चितिमा परेका समुदाय, जनजाति, महिला साना किसानहरुलाई संगठित गराई सहकारिताको माध्यमबाट उनीहरुको जीवनस्तर उकास्न आर्थिक, सामाजिक एवं सामूदायिक विकासमा जोड दिने ।
- सदस्यहरुलाई विद्युतसेवा उपलब्ध गराउने तथा सामुदायिक रुपमा विद्युत वितरण गर्ने ।
- सदस्यको मागअनूरुप स्थानीय रुपमा संकलित वित्तीय स्रोत अपर्याप्त भएमा अन्य संघ संस्था वा निकायबाट ऋण वा अनुदान प्राप्त गरी संस्थागत लगानी वा सदस्यहरुलाई धितो लिएर वा नलिई उचित व्याजदरमा ऋणको रुपमा परिचालन गर्ने ।
- सदस्यहरुलाई विप्रेषण सेवा प्रदान गर्ने ।
- संस्था र सदस्यको विकासका लागि आय आर्जनमूलक परियोजना सञ्चालन गर्ने ।
- सदस्यहरुका लागि आवश्यक प्रशोधनका कार्यहरु गर्ने र बिक्रीका लागि उचित बजार व्यवस्थापन तथा भण्डारणको व्यवस्था गर्ने ।
- सदस्यहरुलाई सेवा प्रदान गर्न सुपथ मूल्यको पसल सञ्चालन गर्ने ।
- सदस्यलाई गुणस्तरीय उपभोग्य वस्तु उपलब्ध गराउन एकिकृत कृषि फार्म सञ्चालन गर्ने ।

❖ **प्रविधिः**

धेरै मेहनत गर्नुभन्दा प्रभावकारी काम गर्नु भन्ने भनाइलाई आत्मासात् गर्दै आफ्ना सदस्यहरुलाई युग तथा बजार सुहाँउदो छिटो छरितो र सरल वैकिङ सेवा प्रदान गर्न उच्च कम्प्युटर संजाल प्रणाली मार्फत वैकिङ सफ्टवेरलाई व्यवस्थित गरिएको छ । वेवसाइट, सामाजिक सञ्जाल तथा नविनतम प्रविधिको प्रयोगबाट सदस्य सेवा प्रदान गरिएको छ ।

संस्थाको मोवाइल बैंकिङ् एप्स् सेवा मार्फत जुनसुकै स्थानबाट पनि निम्न सेवा प्राप्त गर्न सकिने छ ।

- ब्यालेन्स जानकारी
- मिनी स्टेटमेन्ट जानकारी
- चेक अनुरोध र चेक रद्द
- कर्जाको जानकारी लिन तथा भुक्तानी गर्न मिल्ने
- एसएमएस अलर्ट र एप नोटिफिकेशन
- Fonepay, Esewa, Khalti, IME Pay Wallet आदि मार्फत आफ्नो खाताबाट जम्मा तथा भुक्तानी सकिने
- E-Teller, E-Payment मार्फत खातामा रहेको रकम निकाल्न मिल्ने
- यस संस्थाको एक खाताबाट अर्को खातामा तथा अन्य बैंक खातामा सजिलै रकम सार्न मिल्ने
- QR SCAN गरी सजिलै रकम भुक्तानी गर्न सकिने
- NTC, Ncell, UTL, SmartCell, DishHome, SIM TV, NET TV, Clear TV, Worldlink, Subisu, Vianet, Broadlink, ADSL, Airlines टिकट, बिजुलीबत्ती र खानेपानीको बिल भुक्तानी गर्न सकिने ।

❖ मुद्रा विप्रेषण सेवा

- आइ.एम.इ. मनी ट्रान्सफर, प्रभु मनी ट्रान्सफर, वेस्ट्रन युनियन मनी ट्रान्सफर, सिटी एक्स्प्रेस मनी ट्रान्सफर, सम्सरा रेमिट, हिमाल रेमिट, आइ पे रेमिट, जि.एम.इ. रेमिटेन्स्, इजिलिङ्क रेमिटेन्स्

❖ संस्थागत सर्म्पकका लागि

- दिनेश कुमार चुके, अध्यक्ष, मो.नं. ९८५५०५६०२५
- शारदा शर्मा पौडेल, सचिव, मो.नं. ९८५५०६१५६०
- नारायण प्रसाद सापकोटा, प्रबन्धक, मो.नं. ९८०२९५६०९२

# सञ्चालक समितिको तर्फबाट २० औं वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको प्रतिवेदन



**दिनेश कुमार चुके**

अध्यक्ष

यस हंस बहुउद्देश्यीय सहकारी संस्था लि. नारायणगढको २० औ वार्षिक साधारण सभामा उपस्थित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथि महानुभावहरु, संस्थाका सेयर सदस्य महानुभावहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, सञ्चालक समितिका उपाध्यक्ष, सचिव, कोषाध्यक्षज्यू, सञ्चालक समिति सदस्यज्यूहरु, कर्जा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, शिक्षा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, पदपूर्ति उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, महिला उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, बचत बृद्धि उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सेवाकेन्द्र व्यवस्थापन उपसमितिका संयोजक तथा सदस्यज्यहरु, नीति विधि परामर्श उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, ज्येष्ठ नागरिक उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, युवा, संस्कृति, वातावरण, तथा सञ्चार उपसमितिका संयोजक तथा सदस्यज्यूहरु तथा संस्थाका प्रबन्धक तथा कर्मचारीहरु एवं शुभचिन्तक, शुभेच्छुक सम्पूर्ण महानुभावहरुमा संस्थाको तर्फबाट हार्दिक अभिवादन गर्दछु ।

*आदरणीय सेयर सदस्य महानुभावहरू,*

२०५६ सालमा दर्ता भई निस्क्रिय रूपमा रहेको हंस बहुउद्देश्यीय सहकारी संस्थालाई २०६७ सालमा १५३ जना सेयर सदस्यको सहभागिता जुटाई सञ्चालक समितिको यस नेतृत्वले यसलाई सञ्चालनमा ल्याएको हो । २०६७ सालमा १५३ जना सेयर सदस्यको सहभागिताबाट शुरू भएको यस संस्थामा हाल सेयर सदस्यको संख्या ४,६२७ पुगेको छ । वित्तीय विवरणको रूपमा हाल संस्थामा चुक्ता पूँजी १० करोड २३ लाख ७८ हजार, जगेडा कोष ५ करोड ९२ लाख ५५ हजार, कुल सम्पति (वासलात) ८६ करोड ८८ लाख ७९ हजार, कुल निक्षेप ६० करोड ८४ लाख २० हजार, कुल लगानीमा रहेको ऋण ६२ करोड ७२ लाख २२ हजार, कुल सेयर लगानी २१ लख ६७ हजार, कुल आय १२ करोड १ लाख ६९ हजार, कुल व्यय ९ करोड ०८ लाख ४४ हजार, कुल सञ्चालन मुनाफा २ करोड ९३ लाख २५ हजार रहेको छ । त्यसैगरी संस्थाको नाममा बेलचोक, नारायणगढमा १३४.७५ वर्ग मिटर जमिन, जीतपुर मेघौलीमा ४३५.९८ वर्ग मिटर जमिनमा २३२० वर्ग फिटको भवन, जीतपुर मेघौलीमा ३९४.४९ वर्ग मिटर जमिन, नारायणगढमा १९०.७५ वर्ग मिटर जमिन र विजयनगरमा १६९.३० वर्ग मिटरको जमिनमा ११०३.६३ वर्ग फिटको भवन संस्थाको नाममा रहेको छ ।

*आदरणीय सेयर सदस्य महानुभावहरू,*

सेयर सदस्यहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकारका तालिम दिइदै आइरहेको कुरा अवगत नै छ । विभिन्न समयमा जिल्लामा आइपरेका मानवीय समस्याहरु जस्तैः- बाढी, भुकम्प, कोरोना जस्ता विपदहरुमा उल्लेखनीय सहयोग, विपन्न वर्ग तथा विद्यार्थीलाई स्टेशनरी, लत्ताकपडा वितरण, स्वास्थ्य शिविर सञ्चालनसहित वार्षिकोत्सवमा रक्तदान कार्यक्रम जस्ता मानवीय कार्यहरु वर्षेनी गरी समाजमा टेवा पुऱ्याउनुका साथै यस हंस बहुउद्देश्यीय सहकारी संस्थाको प्रतिष्ठा एवं ख्यातीलाई उच्च राख्ने कार्यका लागि हंस परिवारप्रति आभार प्रकट गर्दछु । सञ्चालक समिति, लेखा समिति, अन्य उप-समितिहरु र सम्पूर्ण सेयर सदस्य तथा कर्मचारीहरुको साथ सहयोगले मात्र यहाँसम्म आइपुग्न सम्भव भएको हो । विविध सामाजिक समस्याका कारण संस्थामा वीच-वीचमा सानातिना उतार चढावहरु आउनु स्वभाविकै हो, तापनि संस्थामा सहकारी नीति, विधि र नियमहरु बढि भन्दा बढि लागु गरी सो अनुरूप संस्थालाई सञ्चालन गर्न हामीहरु लागी परेका छौं ।

*आदरणीय सेयर सदस्य महानुभावहरू,*

आर्थिक बर्ष २०७९/८० सहकारी क्षेत्रको लागि चुनौतिपूर्ण रहेको बिषय यहाँहरु सबैलाई विदितै छ । कोरोनाको असरले अर्थतन्त्रमा पुऱ्याएको क्षती र त्यसपछि रूस-युक्रेन युद्धको कारण आपूर्ति प्रणालीमा भएको अवरोधले मूल्यबृद्धिको चपेटामा परेको समयमा घरेलु वित्तीय बजारमा ब्याजदरको उच्च बृद्धिले गर्दा संस्थामा रहेको वित्तीय श्रोतको लागत बृद्धि भई समग्र ब्याज खर्च बढेको र ब्याजदरको सीमाले गर्दा बचतको लागत बृद्धिको तुलनामा कर्जा तर्फ ब्याजदर बढ्न नसक्दा कर्जा लगानी तर्फबाट भएको ब्याज आम्दानीको तुलनामा ब्याजखर्च बढी भएको व्यहोरा अनुरोध गर्दछु । यस बर्षमा संस्थाको समग्र आम्दानीमा गीरावट आई ब्याजदरको असन्तुलनको कारण खुद मुनाफामा कमी हुन गएको छ । कर्जाको गुणस्तरमा आएको कमिको कारण कर्जानोक्सानी व्यवस्था तर्फ बृद्धि हुन गएको छ भने वित्तीय तरलता अभाव, ब्याजदरमा निरन्तर वृद्धि, सहकारी संस्थाहरुले तीन बर्ष भन्दा बढीको निक्षेप स्विकार गर्न नमिल्ने भएतापनि समग्र वित्तीय बजारमा दीर्घकालिन निक्षेप प्राथमिकतामा परेको, वित्तीय बजारमा अस्वस्थ प्रतिस्पर्धा जस्तो स्थिति कायम रहेको, समीक्षा बर्षमा समग्र बैंक, वित्तीय क्षेत्रमा नकारात्मकताको अवस्था सिर्जना भएको र विशेष गरी सहकारी क्षेत्रप्रति आम जनमानसमा नकारात्मकताको अवस्था सिर्जना भएकोले आर्थिक बर्ष २०७९/८० भर यस क्षेत्रले निकै अत्यासलाग्दो र चुनौतिपूर्ण अवस्थाबाट गुज्रन वाध्य हुनुपऱ्यो । संस्थाले चुस्त तथा आधुनिक सेवा लाई निरन्तरता दिई सदस्य महानुभावहरुको चौतर्फि हितमा व्यवस्थित तवरबाट लगानी गरी अधिकतम लाभ हासील गर्ने प्रयत्न गरिरहेको व्यहोरा अनुरोध गर्दै यहाँहरुको साथ र सहयोगले आगामी दिनमा अझ नयाँ योजना र उच्च प्रविधिको अनुकरण गर्दै बहु व्यवसाय मार्फत यहाँहरुको सेवामा निरन्तर समर्पित रहने व्यहोरा समेत म यहाँहरुमाझ अनुरोध गर्दछु ।

यो संस्था चितवन जिल्ला सहकारी संघ, जिल्ला बहुउद्देश्यीय सहकारी संघ चितवन, राष्ट्रिय सहकारी बैंक र भरतपुर महानगरपालिकाबाट समेत विभिन्न विधामा सम्मानित भएको कुरा पनि सगौरव स्मरण गराउन चाहन्छुं । सहकारी र सामाजिक क्षेत्रमा सक्रीय सहभागीता जनाइरहेको छु । सम्पूर्ण सेयर

सदस्यहरुको सेयर लगानी र निक्षेपकर्ताहरुको रकम जोखिममा नजाओस् भनेर यस संस्थाले अर्गानिक कृषि उत्पादन र अर्गानिक बजार प्रवर्द्धन गर्ने बिक्री केन्द्र सञ्चालन गरेकोमा सन्तोषजनक रूपमा सञ्चालन नभएको कारणले बन्द गर्नु परेको र आगामी वर्ष दीगो बहुउद्देश्यीय प्रकारको उद्योग, फार्म र कृषि उत्पादनतर्फ विचार पुऱ्याएर लगानी गर्नुपर्नेछ । यसका साथै संस्थाले चार वर्षिय व्यावसायिक रणनीति योजना मार्फत संस्थाको जमिन भएको साविक गणेश हल वरपर सवारी साधन पार्किङ व्यवसाय गर्ने योजना अगाडि सारेको छ । यस संस्थाको सञ्चित कोष दरिलो भएको कारणले जीतपुर मेघौलीमा सटरसहितको पक्की घर खरिद, विजयनगरमा पनि पक्की घर खरिद गरी सेवाकेन्द्र सञ्चालन गरिएको छ भने नारायणगढ शहिदचोकमा रहेको १९ हात घडेरीमा निकट भविष्यमा आफ्नै भवन निर्माण गरी कार्यालय सञ्चालन गर्ने योजना रहेको छ। कार्यालय निर्माण गर्नका लागि बेलचोक नारायणगढको घडेरी र जीतपुरको घडेरी बिक्री गरी आर्थिक तरलता बढाउन प्रयासरत छौं ।

*आदरणीय सेयर सदस्य महानुभावहरू,*

संस्थाले राज्यलाई भुक्तान गर्नुपर्ने कर दायित्व समयमा नै भुक्तानी गर्ने गरेको छ । यस अवधिमा आयकर बापत रू २१ लाख ५९ हजार, व्याज कर रू ३६ लाख ५६ हजार पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर रू १ लाख ७ हजार, पारिश्रमिक कर (साधारण सभामा सदस्यलाइ प्रदान भत्ता, सञ्चालक तथा समिति बैठक भत्ता तथा अन्य पारिश्रमिक कर समेत) रू ३ लाख ९८ हजार, लाभांश कर रू. ५ लाख ८६ हजार, संरक्षित पुँजी फिर्ता कोष वितरण कर १ लाख १ हजार, बहाल कर रू. २६ हजार तथा अन्य कर रू ५१ हजार गरी जम्मा रू ७० लाख ८४ हजार नेपाल सरकारलाई यस संस्थाले योगदान पुऱ्याएको छ ।

## कोषको अवस्था :

सहकारी नीति नियम तथा संस्थाको विनियम अनुसार कोषहरुको अवस्था निम्नानुसार रहेको छ ।

| क्र.सं | विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| १ | साधारण जगेडा कोष | ५,९२,५५,९०५.३७ | ५,०३,२५,१६३.८३ |
| २ | सेयर लाभांश कोष | ७२,७०,१७९.०० | १,२५,१९,५४६.०४ |
| ३ | सहकारी प्रवर्द्धन कोष | २,५०,५४७.७४ | १,९२,६३९.२७ |
| ४ | सहकारी शिक्षा कोष | ७,५१,८१२.६२ | ८,३४,६३६.४० |
| ५ | भवन निर्माण कोष | १२,१८,९७४.७३ | - |
| ६ | संरक्षित पूंजी फिर्ता कोष | २८,९५,४२३.२५ | ५६,०१,५८६.५८ |
| ७ | सहकारी विकास कोष | ६,४०,०७७.१६ | ८,३४,६३६.४० |
| ८ | घाटापूर्ति कोष | ४०,७०,६५३.९२ | ३६,३९,२३५.८६ |
| ९ | सामुदायिक विकास कोष | ५,४२,२५५.५० | ८,३४,६३६.४० |
| १० | अन्य जोखिम व्यवस्थापन कोष | २५,५२,१८८.२४ | २१,२०,७७०.१८ |

| | | | |
|---|---|---|---|
| ११ | ऋण नोक्सानी व्यवस्था कोष | २,५२,०३,६३३.४३ | १,४४,५३,६०२.९३ |
| १२ | कर्मचारी बोनस कोष | १६,२०,७४८.३० | १८,६४,४५०.२७ |
| १३ | कर्मचारी बिदा तथा उपदान कोष | १,८५,७४९.५० | १,८५,७४९.५० |
| | जम्मा | १०,६४,५८,१४८.७६ | ९,३४,०६,६५३.६६ |

अन्त्यमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अथितिज्यूहरु, उपस्थित पाहुनाहरु सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दछुं । साथै संस्थालाई यो उचाइसम्म पुऱ्याउनका लागि निरन्तर सहयात्रा गर्नुहुने सहयात्री साथीहरु, संस्थाका प्रवन्धक, सेवा केन्द्र प्रमुख लगायत कर्मचारी वर्ग, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सेयर सदस्यहरु तथा सहयोगी हातहरु, उपस्थित पत्रकारज्यूहरुमा धन्यबाद व्यक्त गर्दै प्रतिवेदनलाई अन्त गर्दछु ।

धन्यवाद । जय हंस । जय सहकारी ।

**दिनेश कुमार चुके**
अध्यक्ष

यस हंस बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष एवं होटल व्यवसायी महासंघ नेपालका अध्यक्ष **श्री दिनेश कुमार चुके**ज्यू भरतपुर महानगरपालिकामा भएका पर्यटकीय गन्तव्यहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने, पर्यटकको संख्या र बसाइ अवधि वृद्धि गर्ने तथा दिगो पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन गर्ने उद्देश्यले निजी क्षेत्रसँगको सहकार्यमा आयोजना गर्न लागिएको बृहत अभियान "भरतपुर भ्रमण वर्ष २०२४" सफल बनाउनका लागि कार्य सम्पादन समितिको सह-संयोजक एवं स्तम्भ निर्माण उप-समितिको संयोजकको रुपमा मनोनयन हुनुभएको व्यहोरा सम्पूर्ण सेयर सदस्य एवं शुभचिन्तक महानुभावहरुमा सहर्ष जानकारी गराउँदछौं ।

साथै "भरतपुर भ्रमण वर्ष २०२४" लाई सफलतापूर्वक सम्पन्न गर्नको लागि संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरुमा आ-आफ्नो तर्फबाट सक्रिय भूमिका निर्वाह गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

**हंस बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार**

# २० औं वार्षिक साधारण सभामा प्रस्तुत सचिवको प्रतिवेदन



**शारदा शर्मा पौडेल**
सचिव

*"तीन खम्बे अर्थ नीति सहकारीको अंश,*
*नीति, विधि, प्रविधिमा चलेको छ हंस"*

यस २० औं वार्षिक साधारण सभाका सभाध्यक्ष तथा संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु एवं विभिन्न संघ संस्थाबाट पाल्नुभएका अतिथिगण, संचालक समितिका पदाधिकारीज्यूहरु लेखा समिति तथा उप समितिहरुका संयोजक एवं सदस्यज्यूहरु, सेयर सदस्य महानुभावहरु, कर्मचारी वर्ग, सञ्चारकर्मी र सभामा उपस्थित सम्पूर्ण शुभेच्छुक, शुभचिन्तक तथा सहयोगी मनहरुमा हार्दिक सहकारी अभिवादन अर्पण गर्दछु ।

*आदरणीय सेयर सदस्यज्यूहरु,*

१९ औं वार्षिक साधारण सभाबाट पूर्ण विश्वासका साथ पुनः मलाई सचिवको जिम्मेवारी प्रदान गर्नुभएकोमा यहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो सामर्थ्यले भ्याएसम्म संस्थागत हितमा कार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु । सहकारी विभागको तर्फबाट मिति २०७९।५।९ गते जारी निर्देशनको पालना गर्दै हामी संस्थाको २० औं वार्षिक साधारणलाई विकेन्द्रित रुपमा आयोजना गर्दैछौं । हामीले यो साधारण सभालाई एकाइगत रुपमा २०८० मङ्सिर २३ गते सुरू गरी २०८० मंसिर २६ सम्म सम्पन्न गर्नेछौं ।

सहकारी संस्थामा साधारण सभाको महत्व असाधारण हुने गर्दछ किनभने साधारण सभा नै संस्थाको सर्वोच्च निकाय हो । साधारण सभालाई व्यवस्थापिकासँग तुलना गर्ने गरिन्छ । किनकि संस्थामा कार्यपालिकाको भूमिका निर्वाह गर्ने सञ्चालक समिति र संस्थाको कारोबारको लेखापरीक्षण तथा सम्परीक्षण गर्ने लेखा सुपरिवेक्षण समिति साधारण सभाप्रति पूर्ण जवाफदेही हुने गर्दछ । त्यसैले साधारण सभाले चुनेको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले साधारण सभाप्रति उत्तरदायी भई प्रत्येक साधारण सभामा आआफ्नो प्रतिवेदन पेस गर्नुपर्दछ । कतिपय अवस्थामा पहिलो सत्र (उद्घाटन सत्र) विशेष तामझामका साथ आयोजना गर्ने र दोस्रो सत्र (छलफल तथा निर्णय सत्र) लाई खासै महत्व नदिई साधारण सभा समापन हुने गरेको पाइन्छ । त्यसो गर्दा सदस्यहरुले संस्थाको गतिविधि, व्यवसाय र वित्तीय अवस्थाबारे जानकारी प्राप्त गर्न सक्दैनन्। आफ्नो संस्थाको सबल पक्ष वा कमजोरीबारे थाहा नपाउँदा सदस्यहरुमा आफ्नो संस्थाप्रति अपनत्वभाव विकास हुन सक्दैन । हामी बितेका धेरै वर्षदेखि साधारण सभालाई सार्थक बनाउने प्रयत्न गर्दैछौं, यसले सफलता हासिल गर्दै गएको पनि छ ।

दीगो तथा उत्कृष्ट संस्था, व्यावसायिक एवम् समृद्ध सदस्यको परिकल्पनासहित सहकारी ऐन तथा मापदण्डअनुसार वित्तीय सेवा प्रदान गरी सेयर सदस्यहरुलाई आर्थिक, सामाजिक एवं साँस्कृतिक

विकासमा टेवा पुऱ्याउने उद्देश्य राखेर वि.सं. २०५६ सालमा विधिवत रूपमा दर्ता भएको भएता पनि विविध कारणले निस्कृय रहेको यो संस्था वि.सं. २०६७ साल मंसिरदेखि पुनः सञ्चालनमा आएको हो । यस संस्थाले नेपालको सहकारी अभियानको जननी जिल्ला चितवनको मुटु भरतपुर महानगरपालिका-१, नारायणगढलाई मुख्य कार्यालय बनाई रत्ननगर नगरपालिका १, सौराहचोक, भरतपुर महानगरपालिका १६, विजयनगर र भरतपुर-२८, जितपुर, मेघौलीमा सेवाकेन्द्रहरु संचालन भइरहेका छन् ।

*आदरणीय सेयर सदस्य महानुभावहरु,*

संस्थाका अध्यक्षज्यूबाट यस वर्षका सङ्क्षिप्त गतिविधिहरु सहितको प्रगति प्रतिवेदन प्रस्तुत भइसकेको अवस्था र कोषाध्यक्षबाट संस्थाको आर्थिक गतिविधि एवं अनुमानित बजेट पेश हुँदै गरेको यो सम्मानित सभामा संस्थाका उद्धेश्यहरुसहित संस्थाले वर्षभरि गरेका मुख्य मुख्य काम, भावी कार्यक्रमहरु, गत साधारण सभा पश्चात भएका बैठकहरुबाट लिइएका निर्णयहरुका साथै यस वर्ष कार्यान्वयन गरेका र आगामी दिनमा अवलम्बन गरिने नीतिहरुका बारेमा प्रकाश पार्ने अनुमति चाहन्छु ।

- **संस्थाको समितिगत संरचना तथा बैठकको संख्या विवरण**

| समिति र उपसमितिको नाम | सदस्य संख्या | बैठक संख्या |
|---|---|---|
| सञ्चालक समिति | ११ जना | १७ |
| संयुक्त बैठक | | ४ |
| लेखा सुपरिवेक्षण समिति | ३ जना | ८ |
| ऋण उपसमिति | ३ जना | १२ |
| शिक्षा उपसमिति | ३ जना | ७ |
| पदपूर्ति उपसमिति | ३ जना | ६ |
| नीति विधि परामर्श उपसमिति | ३ जना | ३ |
| महिला परिचालन उपसमिति | ३ जना | ३ |
| बचत वृद्धि उपसमिति | ३ जना | १ |
| जेष्ठ नागरिक उपसमिति | ३ जना | २ |
| युवा, संस्कृति, स्वास्थ्य, सञ्चार तथा वातावरण उपसमिति | ३ जना | २ |
| विजयनगर सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ५ जना | ५ |
| टाँडी सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ५ जना | ७ |
| जीतपुर सेवाकेन्द्र उपसमिति | ३ जना | ४ |
| व्यवसाय पवर्द्धन कार्यदल (पार्किङ्ग व्यवसाय) | ५ जना | १ |
| विविध बैठक | | |

- **साधारण सभा, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको कार्यकाल समाप्ति र निर्वाचन :**

१९ औं वार्षिक साधारण सभा टाँडी सेवाकेन्द्रमा ७५२ जना मध्ये ३९१ अर्थात् ५२ प्रतिशत, विजयनगर सेवाकेन्द्रमा ११२३ जना मध्ये ७८६ जना अर्थात् ७० प्रतिशत तथा प्रधान कार्यालयमा २१६० जना मध्ये ११०६ जना अर्थात् ५१.२० प्रतिशत गरी कुल ४०३५ जना मध्ये २२८३ जना अर्थात् ५६

प्रतिशत सदस्यहरुको उपस्थितिमा सम्पन्न गरिएको थियो । २०७९ साल मंसिरदेखि सुरू भएको वर्तमान सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको अवधि ४ वर्षको रहेको छ । संस्थाको आन्तरिक कार्यविधिमा भएको व्यवस्था बमोजिम सम्पूर्ण उपसमितिको कार्यकाल एक साधारण सभादेखि अर्को साधारण सभासम्म १ वर्ष मात्र कायम रहेकाले सम्पूर्ण उपसमितिहरुको कार्यकाल यस साधारण सभा पश्चात समाप्त हुँदैछ । आफ्नो कार्यकालमा संस्थाको हितका लागि खर्चिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु । साधारण सभा पश्चात सञ्चालक समितिबाट सम्पूर्ण उपसमितिहरुको पुनर्गठन गरिने कुरा पनि जानकारी गराउँदछु । १९ औं वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र सञ्चालक समितिबाट गठित उपसमितिहरुको विवरण निम्न बमोजिम रहेको छ ।

### सञ्चालक समिति:

| नाम | पद |
|---|---|
| श्री दिनेश कुमार चुके | अध्यक्ष |
| श्री बाबुराम अधिकारी | उपाध्यक्ष |
| श्री शारदा शर्मा पौडेल | सचिव |
| श्री प्रमोद कुमार श्रेष्ठ | कोषाध्यक्ष |
| प्रा.डा. श्री होमनाथ सापकोटा | सञ्चालक सदस्य |
| श्री षडानन्द लामिछाने | सञ्चालक सदस्य |
| श्री ध्रुवकुमार ओझा | सञ्चालक सदस्य |
| श्री अनिता मैनाली | सञ्चालक सदस्य |
| श्री देशबन्धु अधिकारी | सञ्चालक सदस्य |
| श्री सन्देश पाठक | सञ्चालक सदस्य |
| श्री सूर्य बराल | सञ्चालक सदस्य |

### लेखा सुपरिवेक्षण समिति:

| नाम | पद |
|---|---|
| श्री गोबिन्द प्रसाद पौड्याल | संयोजक |
| श्री गोबिन्द सुबेदी | सदस्य |
| श्री कृष्णहरि तिमिल्सेना | सदस्य |

**उपसमितिको विवरण**:

१) टाँडी सेवाकेन्द्र व्यवस्थापन उपसमिति : संयोजक सन्देश पाठक, सदस्यहरु शंकर पौडेल, राजु मालाकार, भवानी अधिकारी र कृष्ण श्रेष्ठ

२) विजयनगर सेवाकेन्द्र व्यवस्थापन उपसमितिः संयोजक ध्रुवकुमार ओझा, सदस्यहरु बिष्णु भट्ट, ईश्वरी देवी घिमिरे, शंकर अधिकारी र रमा ढुङ्गाना

३) जीतपुर सेवाकेन्द्र व्यवस्थापन उपसमितिः संयोजक देवी प्रसाद पौडेल, सदस्यहरु हरिचन्द्र महतो र नेत्र प्रसाद आचार्य
४) ऋण उपसमितिः संयोजक बाबुराम अधिकारी, सदस्यहरु प्रमोद कुमार श्रेष्ठ र षडानन्द लामिछाने
५) शिक्षा उपसमितिः संयोजक देशबन्धु अधिकारी, सदस्यहरु बिदुर के.सी. र नेत्रबन्धु पोखरेल
६) महिला परिचालन उपसमितिः संयोजक अनिता मैनाली, सदस्यहरु लक्ष्मी लामिछाने, गंगा श्रेष्ठ राजभण्डारी, सितादेवी के.सी. बुढाथोकी र उर्मिला रेग्मी लामिछाने
७) पदपूर्ति उपसमितिः संयोजक प्रा.डा. होमनाथ सापकोटा, सदस्यहरु जगन्नाथ न्यौपाने र ओम प्रसाद लामिछाने
८) नीति, विधि परामर्श उपसमितिः संयोजक शारदा शर्मा पौडेल सदस्यहरु शिवराज गिरी र शिव प्रसाद पौडेल
९) बचत वृद्धि उपसमितिः संयोजक प्रमोद कुमार श्रेष्ठ, सदस्यहरु धनबल्लभ अधिकारी र प्रकाश कुमार चुके
१०) ज्येष्ठ नागरिक उपसमितिः संयोजक ध्रुव कुमार ओझा, सदस्यहरु बाबुराम देवकोटा र राम प्रसाद सुबेदी
११) युवा, सँस्कृति, स्वास्थ्य, सञ्चार तथा वातावरण उपसमितिः संयोजक सूर्य बराल, सदस्यहरु पदमकान्त डल्लाकोटी र राम प्रसाद अधिकारी

■ **लेखा सुपरिवेक्षण समितिको भूमिका तथा लेखा परीक्षणः**

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको नेतृत्व गर्ने गरी लेखा सुपरिवेक्षण समिति रहेको हुन्छ । आन्तरिक सुशासन र नियमनमा लेखा सुपरिवेक्षण समितिको सक्रिय एवम् महत्वपूर्ण भूमिका रहँदै आएको छ । संस्थाले नियमित रूपमा चार्टड एकाउन्टेन्टद्वारा लेखा परीक्षण गराउँदै आइरहेको छ । १९औं वार्षिक साधारण सभाबाट नियुक्ति गरी संस्थाले आ.व. २०७९/०८० को अन्तिम वार्षिक लेखा परीक्षण एल. ए. एण्ड एसोसियट्स चार्टड एकाउन्टेन्टद्वारा सम्पन्न गरिएकोछ ।

■ **मानव संसाधन व्यवस्थापनः**

साधारण सभा र समिति/उपसमितिका निर्णयहरु कार्यान्वयनका लागि प्रबन्धकको नेतृत्वमा संस्थामा कर्मचारी प्रशासन परिचालन गरिएको छ । पदपूर्ति उपसमितिको सिफारिस बमोजिम संस्थामा आवश्यक कर्मचारीहरुको पदपूर्ति, कर्मचारीहरुको सेवा सुविधा समायोजन, बढुवा तथा समग्र व्यवस्थापन गर्ने गरिएको छ । हाल कार्यरत कर्मचारी सम्बन्धी विवरण निम्न अनुसार रहेको छ ।

**कार्यरत कर्मचारी विवरण (२०८० असोज)**

| क्र.सं. | कार्यालय/सेवाकेन्द्र | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १ | प्रधान कार्यालय | ७ | ५ | १२ |
| २ | टाँडी सेवाकेन्द्र | ५ | ० | ५ |
| ३ | विजयनगर सेवाकेन्द्र | ३ | २ | ५ |
| ४ | जीतपुर सेवाकेन्द्र | २ | २ | ४ |
| कुल | | १७ | ९ | २६ |

मानव संसाधन व्यवस्थापन सम्बन्धी थप विवरण पदपूर्ति उपसमितिको प्रतिवेदनमा समावेश गरिएकोछ ।

- **बहुव्यवसाय सञ्चालन:**

संस्थाले स्थापनाकालदेखि नै बहुव्यवसाय सञ्चालन गर्ने प्रयास गर्दै आएको र विगतका दिनहरुमा कृषि, माछा पालन, प्राङ्गारिक कृषि पसल आदि सञ्चालन समेत गरेको थियो । कोरोना लगायतको महामारी पश्चात हाल संस्थाले वित्तीय व्यवसाय मात्र गरिरहेको छ । यस वर्षदेखि संस्थाले ४ वर्षे व्यावसायिक रणनीति योजना बमोजिम पार्किङ्ग व्यवसाय लगायतका अन्य व्यावसायिक कार्य गर्ने योजना बनाएको छ । साथै यस सम्बन्धी आवश्यक थप कार्यका लागि भरतपुर महानगरपालिकासंग सम्झौता गर्ने एवम् सहयोग माग गर्ने निर्णय गरिएकोछ ।

- **कार्यालय व्यवस्थापन:**

संस्थाको नयाँ सेवाकेन्द्र जीतपुरमा कार्यालय उपकरण, फर्निचर तथा विद्युतीय उपकरण आदिको व्यवस्थापन गरी कार्यालय सञ्चालन गरियो । प्रधान कार्यालयमा आवश्यक मर्मत गरी कार्यालयलाई आकर्षक तरिकाले व्यवस्थापन गरियो । त्यसैगरी टाँडी सेवाकेन्द्रको कार्यालयलाई आवश्यकता बमोजिम मर्मत सम्भार गरियो । संस्थालाई आवश्यक कार्यालय उपकरण, फर्निचर तथा विद्युतीय उपकरण आदिको बजेट सिमाभित्र रही सञ्चालक समितिले निर्णय गरी व्यवस्थापन गरेको छ ।

- **प्रतिवेदन:**

संस्थाद्धारा सहकारी विभाग तथा नियामक निकायहरुबाट जारी निर्देशन बमोजिम नियमित रूपमा मासिक विवरण सहितको प्रतिवेदन, वार्षिक प्रतिवेदन संस्थाको सूचना पाटी, सामाजिक सञ्जाल तथा वेवसाइटमा प्रकाशन गर्ने गरिएको छ । संस्थाको १९ औं वार्षिक साधारण सभामा भए गरेका कामहरुको विवरणसहित तयार पारिएको निर्णय पुस्तिका प्रमाणित गरी सम्बन्धित नियामक निकायमा पेश गरिएको छ । त्यसै गरी कोपोमिस र गो.ए.एम.एल. (सम्पत्ति शुद्धिकरण निवारण ऐनसंग सम्बन्धित) प्रतिवेदन नियमित रूपमा प्रविष्टि तथा सम्प्रेषण गर्ने गरिएको छ ।

- **सूचना तथा प्रविधि:**

संस्थाबाट गरिने संस्थागत गतिविधिहरुको सूचना एस.एम.एस, मोवाईल एप्स, वेवसाइट, सामाजिक सञ्जाल, सूचना पाटी तथा पत्रपत्रिकामार्फत सम्प्रेषण गर्ने गरिएको छ । संस्थाको कारोबारलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न आधुनिक प्रविधियुक्त सफ्टवेयर इन्फिनिटीको प्रयोग गरिएको छ भने डाटाको सुरक्षा क्लाउडमा आधारित प्रविधिमा गरिएको छ। । मोवाइल बैकिङ्ग सेवामार्फत बैंकमा तथा वालेटबाट रकम स्थानान्तरण, सबै प्रकारको बिल भुक्तानी सेवा, इ-सेवा, खल्ती, आइ.एम.इ पे वालेट सेवा, इ-टेलर तथा इ-पेमेन्ट र नौ प्रकारका मुद्रा विप्रेषण सेवा प्रदायक कम्पनीसंग सम्झैता गरी सदस्यहरुलाई सेवा प्रदान गरिरहिएको छ । साथै यस संस्थाको दैनिक बचत संकलन कार्यलाई प्राविधिक रूपमा थप व्यवस्थित गर्नका लागि ट्यावलेट बैंकिङ्ग सेवामार्फत सदस्यहरुको दैनिक बचत संकलन गरिएको छ ।

- **संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन:**

संस्थाले आफ्नो व्यवसायिक वातावरण निर्माण र जोखिम व्यवस्थापनलाई समानन्तर रूपले अगाडि

बढाइरहेको कुरा म यहाँहरुमाझ अवगत गराउन चाहन्छु । संस्थाको नेतृत्वले गर्ने हरेक निर्णयले संस्थाको दीर्घ जीवनमा असर पर्ने भएकोले त्यस्ता निर्णयको दीर्घकालीन प्रभाव आंकलन गर्दै व्यवसायिक निरन्तरता प्रगाढ रहन सक्ने कुरालाई बिचार पुर्‍याई सदैव उच्चतम् अनुभव एवं दक्षतापूर्ण निर्णयलाई सदैव आत्मसाथ गर्दै आएकोछ । संस्थामा सबै सरोकारवालाहरुमाझ पर्याप्त छलफल गरी निर्णयहरु गर्ने गरिएको छ । सहकारी मूल्य, मान्यताहरुलाई व्यावहारिक रूपमा लागु गर्दै वित्तीय प्रणालीका नविनतम अभ्यासहरुलाई अनुसरण गर्न र संस्थागत सुशासन कायम राख्न आवश्यक नीति, विधि तथा प्रविधिहरुको अनुशरण गरिएको छ । संस्थाले आफ्नो वासलात बढाउने मात्रभन्दा पनि चौतर्फी हितमा संस्थाका श्रोत साधनहरुको समुचित उपयोगमा ध्यान दिइरहेको छ । संस्थाले कारोवारमा हुने जोखिमहरु पहिचान गर्दै कर्जा सम्बन्धी जोखिम प्रमुख जोखिमको रूपमा पहिचान गरेको छ । संस्थाले सहकारी विभागद्धारा जारी गरिएको मापदण्ड अनुरूप कर्जालाई वर्गीकरण गरी जोखिम कोषको व्यवस्था समेत गरेको छ । कर्जा लगानीमा हुनसक्ने जोखिम पहिचान गरी सिफारिस गर्न र कर्जाको गुणस्तर परिक्षण गर्नका निमित्त तीन सदस्यीय ऋण उपसमिति गठन गरिएको छ जसले जोखिम न्यूनिकरणका उपाय सुझाउनुका साथै कर्जाको सीमा निर्धारणको काम समेत गर्दै आएको छ । सञ्चालनमा देखिन सक्ने जोखिम न्यूनिकरणको लागि सम्पत्ति शुद्धिकरण निवारण ऐन, नियम तथा संस्थाको आन्तरिक कार्यविधि बमोजिमको कार्य गर्न व्यवस्थापन तहको कर्मचारीलाई कार्यान्वयन अधिकृत तोकी जोखिम न्यूनिकरण कार्यलाई अगाडि बढाइरहेको छ । नगद कारोवारमा हुने जोखिम न्यूनीकरण गर्न नगद रहित कारोवारलाई प्रोत्साहन गर्दै मोवाइल भुक्तानी सेवालाई प्राथमिकता दिई विद्युतीय भुक्तानी सेवा अंगीकार गर्दै सञ्चालनमा ल्याइएको छ । यसैगरी रू १० लाखभन्दा बढीको कारोवार र कम्पनीको नाममा काटिएका भक्तानी पुर्जाहरुको फर्छ्यौट चेक मार्फत मात्र गर्ने नीति अख्तियार गरिएको छ । संस्थाको सम्पूर्ण कारोवार सिसि टिभि निगरानीमा भएकोले भिडभाड तथा जालसाजी प्रयास निरूत्साहित गर्न सकिने तथा कुनै घटना भइहालेमा त्यसलाई पहिचान गर्न सक्ने भएकोले सञ्चालन जोखिम न्यूनीकरण गर्न मद्दत पुगेको छ । साथै संस्थाले नगद कारोवारको जोखिम न्यूनीकरण गर्न मार्गस्थ तथा भल्ट र काउण्टरमा रहने नगदको बीमा गरिएको छ । संस्थाको कारोवारलाई ठीक दुरूस्त भए नभएको जाँच गरी संचालक समितिलाई आवश्यक सुझाव तथा निर्देशन दिन लेखा सुपरिवेक्षण समितिले सक्रिय भूमिका निर्वाह गरिरहेको छ । संस्थाले आन्तरिक र बाह्य लेखापरीक्षणलाई प्रभावकारी गराई प्रारम्भिक प्रतिवेदन मार्फत प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्दै आएको छ र आगामी दिनहरुमा सो कार्यलाई थप प्रभावकारी बनाइनेछ । सहकारी ऐन तथा नियमावली र निर्देशनहरुको पालनाको निमित्त आवश्यक सांगठनिक संरचना निर्माण र कार्यप्रणालीको विकास गर्नुपर्ने भएकोले सो को लागि आवश्यक निर्णयहरु लिइएको छ । संस्थाको कारोवार सदस्यमुखी गराउन र सदस्यहरुको सुझावलाई आत्मसाथ गर्दै अगाडि बढ्नका लागि संस्थाले विभिन्न माध्यमबाट सुझाव संकलन गर्दै सोही अनुरूप आफ्ना नीति तथा कार्यक्रमहरु लागु गर्दै अगाडि बढिरहेको छ । यसका अलावा संस्थाले आफ्ना कर्मचारीहरुलाई सदस्यमुखी सेवा प्रदान गर्न तथा संस्थामा अन्तर्निहित

जोखिमहरुको विश्लेषण गर्दै अगाडि बढ्नका लागि आवश्यक ज्ञान तथा सीप विकासका निमित्त विभिन्न प्रशिक्षण कार्यक्रम पनि संचालन गर्दै आएको छ। साथै संस्थाले आफ्नो अन्तरविभागीय सूचना आदान प्रदानका निम्ती भरपर्दो र सजिलो सूचना प्रणाली स्थापित गरेको छ। जसले गर्दा कर्मचारीहरुले एक अर्काको सीप तथा अनुभवहरुलाई आदान प्रदान गर्न सजिलो भएको मैले महसुस गरेको छु।

■ **चार वार्षीय व्यावसायिक रणनीतिक योजना:**

यस संस्थालाई दिर्घकालीन रूपमा सफल एवम् व्यवस्थित तवरले सञ्चालन गर्नका लागि व्यावसायिक रणनीतिको आवश्यकता भएकाले आ.व. २०८०/०८१ देखि आ.व. २०८३/०८४ सम्मका लागि चार वर्षीय व्यावसायिक रणनीति योजना तर्जुमा गरिएको छ। २०८० असार २ र ३ गते गोरखा लिगलिगकोटमा तथा ६ गते संस्थामा नै सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, नीति विधि परामर्श उपसमिति एवम् माथिल्लो तहका कर्मचारीहरुको सहभागिता तथा श्री इन्द्रराज ज्योति पौडेल र श्री हरिलाल सापकोटाको सहजीकरणमा तर्जुमा गरिएको थियो। गोष्ठीबाट संस्थाले परिकल्पनासहित निम्न बमोजिमको लक्ष्य तथा रणनीति तय गरेको छ।

- **परिकल्पना:** दिगो तथा उत्कृष्ट संस्था, व्यावसायिक एवम् समृद्ध सदस्य
- **ध्येय:** सहकारी सिद्धान्तमा आधारित प्रबिधीयुक्त माध्यमबाट वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गरी सदस्यहरुको आर्थिक सामाजिक तथा सांस्कृतिक जीवनस्तर उकास्दै संस्थालाई व्यवसायीकरण गर्ने।
- **लक्ष्य:**
  - संस्थागत व्यवसायलाई विविधीकरण गर्ने,
  - स्थानीय श्रोत साधनलाई समुचित परिचालन गर्ने,
  - मानवीय श्रोतको विकास र परिचालन गर्ने,
  - भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने,
  - संस्थागत सुशासन कायम राख्ने,
  - आधुनिक नीति, विधि र प्रविधीमा जोड दिई गुणस्तरीय सेवा प्रदान गर्ने,
- **व्यावसायिक योजनाले ४ वर्षभित्र हासिल गर्न खोजेका उद्देश्यहरू:**
  - सेयर सदस्य वृद्धि गरी ४ वर्षमा १०,५०० जना पुऱ्याउने।
  - सेयर पुँजीं वृद्धि गरी १५ करोड ७ लाख पुऱ्याउने।
  - बचत वृद्धि गरी ४ बर्षभित्र १ अर्ब पुऱ्याउने।
  - ऋण लगानी वृद्धि गरी १ अर्ब ५ करोड पुऱ्याउने।
  - बचतका प्रकार १० पुऱ्याउने।
  - जगेडा कोष वृद्धि गरी १३ करोड पुऱ्याउने।
  - ऋण असुली दर ९५ प्रतिशत पुऱ्याउने।
  - सेवा केन्द्र ३ ओटा थप गरी ७ पुऱ्याउने (माडी, इच्छाकामना, राप्ती)

- राहत कोष खडा गरी सञ्चालनमा ल्याउने
- व्यवसायमा विविधिकरण गर्ने
- स्थानीय श्रोत साधनलाई समुचित प्रयोग गर्ने ।
- संस्थाको भौतिक पूर्वाधारको विकास गर्ने ।
- संस्थाको मानवीय श्रोतको विकास गर्ने ।
- दिगो विकासका लागि पर्यावरण संरक्षण तथा प्रवर्द्धनमा जोड दिने ।
- सामाजिक सुधार, नैतिक मूल्य, मान्यतामा प्रवर्द्धन गर्ने ।
- नीति, विधि र आधुनिक प्रविधिमा जोड दिई गुणस्तरीय सेवा प्रदान गर्ने ।
- दुग्धजन्य पदार्थ संकलन, प्रसोधन, उत्पादन, वितरण व्यवसाय सञ्चालन गर्ने।
- भ.म.न.पा. १ स्थित संस्थाको आफ्नै जग्गा परीसरमा पार्किङ्ग व्यवसाय सञ्चालनमा ल्याउने ।
- हरेक वर्ष कम्तीमा २५ जना सेयर सदस्यलाई सीपमूलक तालिम प्रदान गर्ने ।
- हरेक वर्ष ज्येष्ठ नागरिकलाई सम्मान गर्ने ।
- हरेक वर्ष रक्तदान कार्यक्रम आयोजना गर्ने ।
- क्यान्सर परीक्षण तथा स्वास्थ्य शिविर सञ्चालनमा ल्याउने ।
- वार्षिक रूपमा सदस्य शिक्षा शिविर, वित्तीय साक्षरता तथा प्रविधि साक्षरता शिविर सञ्चालनमा ल्याउने ।
- कर्मचारीहरुलाई पल्स, ऋण असुली तथा व्यवस्थापन, सदस्य हेरचाह सम्बन्धी तालिम तथा ताजगिकरण कार्यक्रममा सहभागी गराउने।
- सञ्चालकहरुका लागि सञ्चालकहरुको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास तालिम सञ्चालन गर्ने।
- सेयर सदस्यहरुका लागि हरेक वर्ष अवलोकन भ्रमणको आयोजना गर्ने ।
- राष्ट्रिय दिवस समारोहमा भाग लिने।
- सहकारी दिवस, संस्थाको वार्षिकोत्सव मनाउने ।
- संस्थामा भइरहेका नीतिहरु परिमार्जन गरी आवश्यक नीति थप गरी कम्तीमा १७ प्रकारका नीति र १५ प्रकारका कार्यविधीहरु निर्माण गर्ने ।
- संस्थामा आवश्यक पर्ने उपकरण, फर्निचर तथा अफिस सामग्रीहरु थप गर्ने र दिगो विकासका लागि वातावरण संरक्षण तथा प्रवर्द्धनमा जोड दिने।

**▪ नीति तथा कार्यविधि:**

संस्थाले हाल तपशिलमा उल्लिखित आन्तरिक नीति तथा कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याएकोछ ।

- ऋण व्यवस्थापन नीति
- बचत नीति
- आर्थिक प्रशासन नीति
- सुशासन नीति
- संगठन तथा सामान्य नीति

- मानव संसाधन व्यवस्थापन नीति
- नगद व्यवस्थापन कार्यविधि
- सदस्यता कार्यविधि
- सेयर कार्यविधि
- कोष परिचालन कार्यविधि
- बाह्य ऋण कार्यविधि
- गल्ती व्यवस्थापन नीति
- जोखिम व्यवस्थापन नीति
- विदाको दिन कार्यालय सञ्चालन कार्यविधि
- संस्था एकिकरण सम्बन्धी कार्यविधि
- बैठक सञ्चालन कार्यविधि
- सेवाकेन्द्र व्यवस्थापन नीति
- निर्वाचन कार्यविधि
- सञ्चालक समिति निर्देशिका
- उपसमिति संचालन सम्बन्धी कार्यविधि
- सम्पति शुद्धिकरण निवारण कार्यान्वयन नीति
- पूराना कागजात धुल्याउने कार्यविधि
- सम्मान तथा पुरस्कार कार्यविधि
- विद्युतीय प्रविधि (भर्चुअल) बैठक सञ्चालन कार्यविधि
- कार्यालय सरसफाई कार्यविधि
- सूचना तथा प्रविधि कार्यविधि (प्रस्तावित)
- सदस्य राहत कोष परिचालन कार्यविधि (प्रस्तावित)
- बहु व्यवसाय सञ्चालन नीति (प्रस्तावित)

**सञ्चालक समितिको बैठकबाट पारित नीतिगत तथा महत्वपूर्ण निर्णयहरुको संक्षिप्त विवरण:**

- संस्थाको १९ औं वार्षिक साधारण सभाबाट पूर्ण विश्वासका साथ निर्विरोध निर्वाचित गराई संस्थाको सञ्चालक समितिको जिम्मेवारी प्रदान गर्नुभएकोमा सम्पूर्ण सेयर सदस्य महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै संस्थालाई सफलताका साथ एक उत्कृष्ट सहकारी संस्था बनाउनका लागि संकल्प प्रस्ताव तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
- संरक्षित पूँजीकोषको रकम प्रचलित सहकारी ऐन तथा नियमावली बमोजिम  सदस्यहरुको बचत खातामा जम्मा गरियो ।
- संस्थाको कागजात धुल्याउने कार्यविधि २०७८ बमोजिम कागजातहरुको विभाजन गरी सबै कार्यालयका धुल्याउन उचित देखिएका कागजातहरु धुल्याउने कार्य सम्पन्न भएको छ ।
- १९ औं वार्षिक साधारण सभाको निर्णय बमोजिम हंस मासिक अनिवार्य बचत खाता खोल्न बाँकी रहेका सम्पूर्ण सदस्यहरुको संस्थाले नै खाता खोलिदिने कार्य सम्पन्न भएको छ ।
- संस्थामा आवश्यक तरलता व्यवस्थापनका लागि आवधिक बचतका आधारमा राष्ट्रिय सहकारी बैंक लि. बाट कर्जा लिइएको र चुक्ता समेत गरिसकिएको छ ।
- संस्था सञ्चालन हुने दिन र बिदाका दिनहरुको कोडमार्क सहित २०८० सालको भित्तेपात्रो प्रकाशन गरी सदस्यहरुलाई वितरण गरिएको थियो ।
- यस संस्थाको आफ्नै भवन भएका सेवाकेन्द्रहरुको सटर तथा कोठाहरु विभिन्न व्यक्तिहरुलाई बहालमा लगाइएकोमा हाल सबै सेवाकेन्द्रका कोठाहरु खाली रहेको जानकारी गराउँदछौं ।
- संस्थाका सबै सेवाकेन्द्रहरुमा विद्युत मिटर संस्थाको नाममा नै जडान गरिएको छ ।

- यस संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा नव गठित उपसमितिहरुका लागि सहकारीसंग सम्बन्धित विषयमा क्षमता अभिबृद्धि गराउनका साथै पुनः ताजगीकरण गर्ने उद्देश्यले २ दिने क्षमता अभिवृद्धि तथा ताजगीकरण कार्यक्रम २०७९ फाल्गुण २६ र २७ गते धादिङमा सम्पन्न गरियो । तालिमको सहजिकरण सहकारी अभियन्ता तथा प्रशिक्षक श्री इन्द्रराज ज्योती पौडेलज्यूले गर्नुभएको थियो ।
- यस संस्थाको पर्ल्स अनुपात अनुसार स्थीर सम्पतिको अनुपात बढि भएकाले संस्थाको नाममा रहेका जग्गाहरु बिक्री सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरिएको थियो तर हालसम्म उक्त जग्गाहरु बिक्री भएका छैनन् ।
- यस संस्थाका सदस्यहरु श्री शर्मिला बस्नेत तथा श्री प्रदिप घलेले लिनुभएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समयमा कर्जा चुक्ता भुक्तान नगरेकाले नियमानुसार निजहरुको धितो लिलामीको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा श्री प्रदिप घले संस्थामा उपस्थित भई केही रकम भुक्तान गरी धितो लिलाम प्रक्रिया रोक्न निवेदन दिएकाले निजको धितो लिलाम प्रक्रिया स्थगित गरिएको र श्री शर्मिला बस्नेतको धितो लिलाम प्रक्रिया अगाडि बढाइएको थियो । तर डाँक बढाबढ प्रक्रियामा कसैको निवेदन नपरेकाले नीजको धितो रू. २५ लाखमा संस्थाले नै सकार गर्ने निर्णय गरियो । साथै अपुग रकम रू. ६,०६,४८७।६८ (अक्षरेपी छ लाख छ हजार चार सय सतासी रूपैयाँ अठसठ्ठी पैसा मात्र) तथा धितो लिलाम सकार गर्ने क्रममा भएको जम्मा खर्च रू. १,८१,७००।- (अक्षरेपी एक लाख एकासी हजार सात सय रूपैयाँ मात्र) गरी रू. ७,८८,१८७।६८ (अक्षरेपी सात लाख अठासी हजार एक सय सतासी रूपैयाँ अठसठ्ठी पैसा मात्र) सहकारी ऐन तथा नियमावली बमोजिम ऋणी तथा धनजमानीबाट असुल उपरका लागि आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
- धितो लिलामी प्रक्रिया सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि संस्थाका उपाध्यक्ष श्री बाबुराम अधिकारीज्यूको संयोजकत्व र सदस्यहरुमा सचिव श्री शारदा शर्मा पौडेल, सञ्चालक सदस्य श्री षडानन्द लामिछाने, सञ्चालक सदस्य श्री सन्देश पाठक तथा सदस्य सचिवःप्रबन्धक श्री नारायण प्रसाद सापकोटा रहने गरी धितो लिलामी उपसमिति गठन गरिएको थियो ।
- यस संस्थाको वार्षिक कार्यक्रम अनुसार संस्थामा कार्यरत कर्मचारीहरुलाई पुनर्ताजगी प्रदान गर्ने उद्धेश्यले मिति २०७९ फाल्गुण ७ गतेदेखि ९ गतेसम्म नेपालको पर्यटकीय तथा धार्मिक क्षेत्र (कास्की, बाग्लुङ्ग आदि) को ३ दिने कर्मचारी भ्रमण कार्यक्रम सम्पन्न गरियो।
- संस्थाका कर्मचारीहरुलाई आ.व. २०७८/०७९ मा कार्य गरेको समयको आधारमा संस्थाको कर्मचारी प्रशासन नियमावली तथा १९ औं वार्षिक साधारण सभाको निर्णय बमोजिम आधारमान तलबको ३ (तीन) महिना बराबरको बोनस प्रदान गरियो ।
- संस्थाको आवश्यकता अनुसार बैंक खाताहरु खोलिएको र निष्क्रिय बैंक खाताहरु बन्द गरिएको छ ।
- संस्थाको साधारण सभाले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा बचत तथा ऋण शीर्षकहरुको

व्याजदर परिवर्तन गर्ने निर्णय गरी कार्यान्वयन गरिएकोछ ।

- स्थानीय तहको प्रावधान अनुसार सेवाकेन्द्र सञ्चालन गर्नका लागि संस्थाको टाँडी सेवाकेन्द्रको व्यवसाय दर्ता रत्ननगर नगरपालिकामा समेत गरियो ।
- संस्थाको लागि आवश्यक मसलन्दको छपाई तथा खरिद नियमानुसार समयसमयमा निर्णय गरी गरिएको छ ।
- संस्थामा बिना धितो ऋण कारोबार गर्ने ऋणीहरुको म्यादी जीवन बिमा गर्नका लागि सिटिजन लाइफ ईन्सुरेन्स कम्पनी लि. तथा सानिमा रिलायन्स ईन्सुरेन्स लिमिटेडसंग आवश्यक सहकार्य तथा सम्झौता गर्ने निर्णय गरियो ।
- यस संस्थाका सेयर सदस्यहरुलाई स्वास्थ्य सेवामा छुट प्रदान गर्ने उद्धेश्यले निम्न बमोजिमका स्वास्थ्य संघसंस्थाहरुसंग स्वास्थ्य सेवामा छुटको लागि सम्झौता गर्ने निर्णय गरियो ।
  - चितवन हिमाल डेन्टल प्रा.लि, भरतपुर-१, शहीदचोक, नारायणगढ
  - एन.पि.आई. नारायणी सामुदायिक अस्पताल लि., भरतपुर-१०, चितवन
  - पुष्पाञ्जली अस्पताल प्रा. लि., भरतपुर-१०, चितवन
- ऋण लगानी तथा असुलीको क्रममा ऋणीहरु कुनै वित्तीय संघसंस्थामा खराब ऋणीको रूपमा भए नभएको सामान्य जानकारी उपलब्ध गराउने प्लेटफर्म www.cicnp.com मा संस्था आवद्ध भएकोछ ।
- यस संस्थाको कानुनी सल्लाहकारको रूपमा अधिवक्ता श्री गजेन्द्र प्रसाद वस्तीलाई मिति २०८० जेष्ठ १ गतेबाट २०८१ असार मसान्तसम्मको कार्यकाल रहने गरी नियुक्त गरियो ।
- यस संस्थाका ऋणी सदस्य राजकुमार श्रेष्ठको स्वस्थ्य स्थिती खराव भएको कारण निजको ऋण असुली सम्बन्धमा संघिय सहकारी ऐन २०७४ को दफा ३८ (ट) तथा संस्थाको विनियम २०७२ को दफा १ (घ) बमोजिमको अधिकार प्रयोग गरी सञ्चालक समितिबाट निर्णय गरी व्याजमा रू. ३,६७,३९३।७५ तथा बिलम्ब शुल्कमा रू. ७,२७,६७३।७८ छुट प्रदान गरिएकोमा सोको यस साधारण सभाबाट अनुमोदन गराउन पेश गर्ने निर्णय गरियो ।
- यस संस्थाका उपाध्यक्ष तथा ऋण उपसमितिका संयोजक श्री बाबुराम अधिकारीज्यूले आफ्नो व्यक्तिगत कामको शिलशिलामा मिति २०८० श्रावण १ गतेदेखि केही समयको लागि संयुक्त राज्य अमेरिकाको भ्रमणमा रहने जानकारी गराउनु भएकाले उहाँको अनुपस्थितिमा ऋण उपसमितिको संयोजकको जिम्मेवारी संस्थाका सञ्चालक समिति सदस्य एवम् ऋण उपसमितिका सदस्य श्री षडानन्द लामिछानेज्यूलाई प्रदान गर्ने निर्णय गरियो । हाल उहाँ नेपाल आई संयोजकको रूपमा कार्यभार सम्हालिसक्नु भएको छ ।
- सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता प्रति बैठक प्रति व्यक्ति रू. २,०००।-, उपसमितिको बैठक भत्ता प्रति बैठक प्रति व्यक्ति रू. १,५००।-, अध्यक्षको मासिक इन्धन तथा सञ्चार भत्ता रू. ६,०००।-, सचिव र कोषाध्यक्षको रू. ५,०००।- लाई कायमै राखिएको छ भने

संस्थाका प्रबन्धकलाई इन्धन खर्च बापत मासिक रू. ५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

- बागमती प्रदेश सहकारी संघ लिमिटेडको रू. १०,०००।- (अक्षरेपी दश हजार मात्र) बाराबरको सेयर खरिद गरी सदस्यता लिइएको छ ।
- यस संस्थाका ऋणीहरु गौरीश्वर सापकोटा, कमला कुमारी सापकोटा, राम शरण न्यौपाने तथा पूर्ण बहादुर गुरूङले लिनु भएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत यसै संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तरताकेता गर्दा समेत सोको वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएकाले कर्जा चुक्ता एवं भुक्तान गर्नका लागि ऋणी र धनजमानीको तीनपुस्ते सहितको विवरण राष्ट्रिय पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरी ताकेता गरियो ।
- यस संस्थाको सञ्चालक समितिको नियमित बैठक हरेक महिनाको ७ गते भित्र बस्ने निर्णय गरियो ।
- संस्थाको विनियम २०७० पुनर्लेखन गर्न आवश्यक देखिएकाले बागमती प्रदेश सहकारी महाशाखामा आवश्यक कागजात सहित अनुरोध गर्ने निर्णय गरियो । साथै विनियम पुनर्लेखन तथा संस्थाका आन्तरिक नीति, कार्यविधि संसोधन/लेखन गर्नका लागि यस संस्थाका नीति विधि परामर्श उपसमितिलाई अनुरोध गर्ने निर्णय गरियो ।
- संस्थाका केही ऋणीहरुले यस संस्थाको नाममा खिचिदिएको बैक चेकहरु अप्रयाप्त मौज्दातका कारण सटही नभइ चेक अनादर भएकाले नीजहरुलाई चेक अनादरको लागि कालो सूचिमा राख्न सम्बन्धित बैंकहरु साथै आवश्यकता बमोजिम कानुनी कारवाही गर्ने निकायहरु (जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत आदि) मा आवश्यक कागजातसहित पत्रचार/एवम् अनुरोध गर्ने निर्णय गरियो ।
- ऋण उपसमितिको सिफारिस बमोजिम विभिन्न मितिमा लगानी गरिएका ऋणहरुमध्ये कोभिड १९ को महामारी र आर्थिक मन्दी लगायत ऋणीको व्यक्तिगत तथा व्यावसायिक समस्याका कारण संस्थासंग गरिएको शर्त बमोजिम ऋणको किस्ता समयमा भुक्तान गर्न असमर्थ भएका ऋणीहरुको बाँकी ऋण रकमको ०.५ प्रतिशत सेवा शुल्क निर्धारण गरी ४६ जना ऋणीहरुको ऋण पुनरसंरचना तथा तालिकीकरण गरियो ।
- संस्थाको विभिन्न उपकरण सामाग्रीहरु काम नलाग्ने भएकाले रू. ७,८१२।२९ बराबरको सम्पति अपलेखन गरियो ।
- संस्थाको २० औं वार्षिक साधारण सभा मिति २०८० साल मंसिर २३ देखि २६ गतेसम्म एकाइगत रूपमा सम्पन्न गर्ने निर्णय गरियो ।
- सम्मान तथा पुरस्कारः संस्थाले वार्षिक साधारण सभा तथा वार्षिकोत्सवको अवसरमा प्रदान गर्ने सम्मान तथा पूरस्कारको कार्यविधि बमोजिम गर्ने गरी संस्थाका सचिव श्री शारदा शर्मा पौडेल एवम्

सञ्चालक सदस्य प्रा.डा. होमनाथ सापकोटाज्यूलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

- जिम्मेवारी बाँडफाँडः साधारण सभा सम्पन्न गर्नका लागि समिति, उप-समिति तथा कर्मचारीहरुबीचमा जिम्मेबारी बाँडफाँड गरियो ।
- यातायात खर्चः साधारण सभामा उपस्थित हुने सदस्यहरुलाई मात्र रू ६००।- मा १५ प्रतिशत कर कट्टी गरी रू ५१०।- यातायात खर्च उपलब्ध गराइनेछ । मिति २०७९ असार मसान्तसम्मको नियमित मासिक बचत गरेका सदस्यहरुलाई मात्र यातायात खर्च उपलब्ध गराइनेछ ।
- खाजाः साधारण सभामा उपस्थित हुने सदस्यहरुलाई सञ्चालक समितिले निर्णय गरेबमोजिमको खाजा उपलब्ध गराइनेछ ।
- हरेक बैठकमा संस्थागत समिक्षा गर्दै आवश्यक निर्णय गरिदै आइएको छ ।
- संस्थामा विभिन्न मितिमा प्रक्रिया पूरा गरी बनेका सदस्यहरुको सदस्यता अनुमोदन गरियो ।
- संस्थाबाट विभिन्न मितिमा प्रक्रिया पूरा गरी सदस्यहरुलाई गरिएको ऋण लगानी अनुमोदन गरियो ।
- संस्थाबाट ऋण लिएपश्चात कोरोना तथा अन्य समस्याले ऋण विलम्ब शुल्कमा छुट माग गर्ने सदस्यहरुको जायज निवेदनमाथि ऋण उपसमितिको सिफारिसमा छुट प्रदान गरी अनुमोदन गरिएको छ ।
- संस्थाको संस्थागत पुँजीलाई मजबुत गराउने उद्धेश्यले विभिन्न कोषहरुमा रहेको रकम रू. ५०,२३,३७७.२१ लाई जगेडा कोषमा स्थान्तरण गर्ने निर्णय गरियो ।

## ▪ सहकारी शिक्षा, तालिम तथा सामुदायिक कार्यक्रमः

संस्थाले सेयर सदस्य, कर्मचारी, समिति, उपसमिति तथा समुदायका लागि समय समयमा सहकारी शिक्षा, तालिम र सामाजिक क्रियाकलापहरु गर्दै आइ रहेको छ । यस अवधिमा संस्थाद्वारा निम्न कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

| कार्यक्रमहरूको विवरण | कार्यक्रमको उद्देश्य | मिति |
|---|---|---|
| कर्मचारी बिदाई तथा पुरस्कार | संस्थाबाट बिदा हुने कर्मचारीहरुलाई | २०७९ मंसिर २० |
| १३ औं वार्षिकोत्सवको अवसरमा पुरस्कार तथा सम्मान | बचतकर्ता तथा असल ऋणीहरुलाई प्रोत्साहन | २०७९ मंसिर १८-२१ |
| १३ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम | रक्तदान जीवनदान | २०७९ मंसिर २० |
| कर्मचारीहरुलाई पुनर्ताजगी कार्यक्रम | कर्मचारी उत्प्रेरणा | २०७९ फाल्गुण ७-९ |
| फागु पूर्णिमा पर्व २०७९ अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम | समिति, उपसमिति, कर्मचारी तथा सदस्यसंग नजिकको सम्बन्ध राख्न | २०८० फागुन २२ |
| अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सचेतनामूलक शुभकामना आदान प्रदान कार्यक्रम | सदस्यहरुमा सचेतना | २०८० फागुन २२ |
| समिति तथा उपसमितिहरुका लागि क्षमता अभिवृद्धि तथा ताजगीकरण कार्यक्रम | नव गठित समिति, उपसमितिको क्षमता वृद्धि | २०७९ फाल्गुण २६-२७ |

| | | |
|---|---|---|
| समिति तथा उपसमितिहरुद्वारा धादिङ स्थित श्री कृषक सुधार फलफूल तथा तरकारी सहकारी संस्था लि.को अध्ययन अवलोकन भ्रमण | सूचना तथा अनुभव आदान-प्रदान | २०७९ फाल्गुण २७ |
| ६६ औं राष्ट्रिय सहकारी दिवसमा व्यानर सहित दीप प्रज्वलन | सहकारी दिवसको निरन्तरता | २०७९ चैत्र २० |
| नव वर्ष शुभकामना आदान प्रदान कार्यक्रम | समिति, उपसमिति, कर्मचारी तथा सदस्यसंग नजिकको सम्बन्ध राख्न | २०८० बैशाख १ |
| २०८० सालको भित्तेपात्रो बिमोचन | संस्था खुल्ने दिनको विवरण सहित संस्थागत सूचना प्रवाह | २०८० बैशाख १ |
| सहकारी संस्थाप्रति इच्छुक पूर्व नेपाली सेना हितकारी बोर्डसंग आबद्ध सदस्यहरु बीच अन्तरक्रिया कार्यक्रम | सूचना तथा अनुभव आदान-प्रदान | २०८० जेठ २५ |
| राष्ट्रिय मा. वि., हात्तिबाङमा अध्ययनरत विद्यार्थीलाई अतिरिक्त पाठ्य पुस्तक वितरण कार्यक्रम | शिक्षामा हंस र समुदायप्रतिको चासो | २०८० जेठ २८ |
| चार वर्षीय व्यावसायिक रणनीतिक योजना तर्जमा | कार्यक्रम तथा बजेट निर्माण | २०८० असार २ , ३ र ६ |
| कृषि सम्बन्धी क्षमता तथा सीप विकास तालिम कार्यक्रम | कृषकसंग हंस र समुदायप्रतिको चासो | २०८० असार ४-६ |
| दही चिउरा खाने कार्यक्रम | परम्परालाई कायम राख्दै संस्थागत जानकारी सम्प्रेषण | २०८० असार १५ |
| भरतपुर-१६ स्थित शिव मन्दिरलाई सहयोग हस्तान्तरण कार्यक्रम | धार्मिक स्थल संरक्षण, जेष्ठ नागरिक र समुदायप्रतिको चासो | २०८० साउन १९ |
| वित्तीय सक्षरता तथा मोवाइल बैंकिङ्ग सेवा अभिमुखिकरण कार्यक्रम | सदस्य शिक्षा र नविनतम् प्रविधिको हस्तान्तरण | २०८० साउन २८ |
| चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि.लाई टेवल सहयोग हस्तान्तरण कार्यक्रम | छाता संघको समृद्धिमा ऐक्यवद्धता | २०८० साउन ३० |
| जिल्ला स्तरीय अन्तर मा. वि. निवन्ध लेखन प्रतियोगिता | विद्यार्थीसंग हंस र समुदायप्रतिको चासो | २०८० असोज ३ |
| तीजको शुभकामना सहित नेतृत्व विकास तथा कानुनी साक्षरता कार्यक्रम | महिला सदस्य लक्षित कार्यक्रम तथा प्रचालित कानुनको जानकारी प्रदान | २०८० भदौ २५ |
| व्यवसायीहरुसंग अन्तरक्रिया तथा शुभकामना आदान प्रदान कार्यक्रम | व्यवसायीसंग हंस तथा सदस्य विस्तार | २०८० असोज २४ |
| दशै, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्बत्को अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम | समिति, उपसमिति, कर्मचारी तथा सदस्यसंग नजीकको सम्बन्ध राख्न | २०८० कार्तिक ३ |

| बधाई तथा शुभकामना कार्यक्रम (विभिन्न मितिमा) | | |
|---|---|---|
| • संस्थाका अध्यक्ष दिनेश कुमार चुके होटल व्यवसायी महासंघ नेपालको अध्यक्ष तथा गणेशधाम संरक्षण सम्वर्द्धन समितिको अध्यक्ष<br>• संस्थाका उपाध्यक्ष बाबुराम अधिकारी नेपाल जग्गा तथा आवास विकास महासंघको केन्द्रीय सदस्य<br>• संस्थाका सचिव शारदा शर्मा पौडेल नेपाल रेडक्रस सोसाइटी चितवन शाखाको कार्य समिति सदस्य<br>• संस्थाका कोषध्यक्ष प्रमोद कुमार श्रेष्ठ बाल कुमारी कलेजको संचालक समितिको अध्यक्ष<br>• संस्थाका संचालक सदस्य सूर्य बराल साप्ताहिक संजाल नेपाल चितवनको अध्यक्ष<br>• संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटा कोअपरेटिभ म्यानेजर्स क्लबको समितिको सदस्य<br>• संस्थाका सेयर सदस्य विनु रायमाझीज्यू बागमती प्रदेशको सांसदमा निर्वाचित हुनुभएकोमा | | |
| समवेदना | स्वर्गारोहण हुनुभएका सेयर सदस्य तथा परिवारजन | विभिन्न मितिमा |

▪ विभिन्न संघ संस्थाहरुले आयोजन गरेको कार्यक्रममा संस्थागत सहभागिता निम्न अनुसार रहेको थियो ।

| कार्यक्रम विवरण | सहभागिकर्ता | मिति |
|---|---|---|
| चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि.को वार्षिक साधारण सभा | संस्थाका सचिव शारदा शर्मा पौडेल तथा प्रबन्धक नारायण प्रसाद सापकोटा | २०७९ पुस ३० |
| मुक्तिनाथ विकास बैंकद्वारा आयोजिय समुदाय स्तरीय सहकारी संस्थाहरुसंग कृषि प्रविधि विशेष अन्तरक्रिया कार्यक्रम | संस्थाका लेखा तथा सुपरिवेक्षण समितिका संयोजक गोबिन्द प्रसाद पौड्याल, सचिव शारदा शर्मा पौडेल, सञ्चालकहरु देशबन्धु अधिकारी, सूर्य बराल तथा प्रबन्धक नारायण प्रसाद सापकोटा | २०७९ फागुन १६ |
| जिल्ला सहकारी संघद्वारा आयोजित सहकारी अन्तरक्रिया कार्याक्रम | संस्थाका अध्यक्ष दिनेश कुमार चुके, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक गोबिन्द प्रसाद पौड्याल, सञ्चालकहरु देशबन्धु अधिकारी, अनिता मैनाली, महिला परिचालन उपसमिति सदस्य सिता के.सी. बुढाथोकी तथा प्रबन्धक नारायण प्रसाद सापकोटा | २०७९ चैत्र २० |
| राष्ट्रिय सहकारी महासंघद्वारा आयोजित तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन | संस्थाका सचिव शारदा शर्मा पौडेल | २०७९ चैत्र २३-२५ |
| ऋण असुली सम्बन्धी लघु गोष्ठी | संस्थाका ऋण शाखा प्रमुख प्रकाश पौडेल | २०८० बैशाख ८ |
| बृहत अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी कार्यक्रम | संस्थाका अध्यक्ष दिनेश कुमार चुके, सचिव शारदा शर्मा पौडेल, संचालक सदस्य डा. होमनाथ सापकोटा, पदपूर्ति उपसमिति सदस्यहरु जगन्नाथ न्यौपाने, ओम लामिछाने, महिला उपसमिति सदस्य लक्ष्मी लामिछाने तथा प्रवन्धक नारायण प्रसाद सापकोटा | २०८० वैशाख २४ |
| ऋण असुली व्यवस्थापन तालिम | संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटा, विजयनगर सेवाकेन्द्र प्रमुख श्री कृष्ण श्रेष्ठ | २०८० जेठ ३-४ |

| | | |
|---|---|---|
| वित्तीय संघ संस्थाहरुसंग भरतपुर महानगरपालिकाको सहकार्य विषयक अन्तरक्रिया कार्यक्रम | संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटा | २०८० असार १ |
| कोअपरेटिभ म्यानेजर्स क्लबद्वारा आयोजित व्यवस्थापन प्रमुखहरुको भेला | संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटा | २०८० साउन १९ |
| वागमती प्रदेश सहकारी संघद्वारा आयोजित सहकारी सञ्चालनको असल अभ्यासमा सुशासनका आयामहरु र व्यवहारिक प्रयोग विषयक अन्तरक्रिया कार्यक्रम | संस्थाका सचिव शारदा शर्मा पौडेल तथा प्रवन्धक नारायण प्रसाद सापकोटा | २०८० भाद्र ८ |
| कोअपरेटिभ म्यानेजर्स क्लब र राष्ट्रिय सहकारी बैंक लि.ले आयोजना गरेको ऋण असुली कार्यबिधि तर्जुमा गोष्ठी | संस्थाका अध्यक्ष दिनेश कुमार चुके, का.बा. ऋण उपसमिति संयोजक षडानन्द लामिछाने, प्रवन्धक नारायण प्रसाद सापकोटा | २०८० भाद्र १९-२० |
| राष्ट्रिय सहकारी बैंक लि.ले आयोजना गरेको Comprehensive Credit Management तालिम | संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटा | २०८० भाद्र २४ |
| एशियन क्रेडिट युनियन फोरम २०२३, काठमाडौं, नेपाल | संस्थाका अध्यक्ष दिनेश कुमार चुके | २०८० भाद्र २८-३१ |
| नेफ्स्कून र कोअपरेटिभ म्यानेजर्स क्लबद्वारा आयोजित वित्तीय सहकारीका समस्या र आगामी कार्यदिशा विषयक अन्तरक्रिया कार्यक्रम | संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटा | २०८० असोज ८ |
| राष्ट्रिय सहकारी बैंक लि.ले आयोजना गरेको सहकारीमा प्रविधिः आवश्यकता, जोखिम तथा न्यूनिकरण विषयक तालिम | संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटा | २०८० असोज १८ |
| राष्ट्रिय सहकारी बैंक लि.ले आयोजना गरेको लेखा सुपेरीवक्षण समितिको राष्ट्रिय गोष्ठी | संस्थाका लेखा तथा सुपरिवेक्षण समितिका संयोजक गोबिन्द प्रसाद पौड्याल | २०८० असोज २५-२६ |
| राष्ट्रिय सहकारी बैंक लि.द्वारा हरेक शुक्रबार जुमबाट आयोजन भएका सहकारी सम्बन्धी विभिन्न तालिमहरु | सम्बन्धित शाखाका कर्मचारी | विभिन्न मितिमा |
| विभिन्न सहकारी संस्थाको साधारण सभा लगायत विविध कार्यक्रममा सहभागिता | संस्थाका अध्यक्ष तथा चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि. का अध्यक्ष दिनेश कुमार चुके | विभिन्न मितिमा |

▪ **सम्मान तथा पुरस्कारः** संस्थाको १९ औं वार्षिक साधारण तथा १३ औं वार्षिकोत्सवको अवसरमा निम्न विधामा सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

विद्यावारिधि-तर्फ

- डा. सीता तिवारी पोखरेल, सेयर सदस्य स्वयम्
- डा. मिनराज पोखरेल, सेयर सदस्य स्वयम्
- डा. बिलास के.सी., सेयर सदस्य श्री बिदुर के.सी.का छोरा
- डा. सन्ध्या न्यौपाने, सेयर सदस्य श्री जगन्नाथ न्यौपानेकी छोरी

विशेष सम्मान-तर्फ

- श्री शंकर सापकोटा, सञ्चालक सदस्य
- श्री तेजनारायण खरेल, सञ्चालक सदस्य
- श्री गोविन्द अर्याल, प्रवन्ध निर्देशक, चितवन पोष्ट दैनिक
- श्री नवराज सापकोटा, सहकारी अभियन्ता
- श्री हरि प्रसाद पौडेल, अध्यक्ष, जिल्ला सहकारी संघ लि. चितवन

कर्मचारीतर्फ

- श्री सुदर्शन बञ्जारा (प्रशंसा पत्र सहित बिदाई कार्यक्रम)
- श्री मञ्जु कुमारी महतो, उत्कृष्ट कर्मचारी

सेयर सदस्यतर्फ

| प्रधान कार्यालय | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम | सदस्यता नं. | ठेगाना | सम्मान/पुरस्कारको बिधा |
| १ | बसन्त लाल चुके | १००४४९१ | भरतपुर-०३, चितवन | उत्कृष्ट मुद्धति बचत कर्ता |
| २ | शिवलाल सापकोटा | १००४८९१ | भरतपुर-१०, चितवन | उत्कृष्ट मुद्धति बचत कर्ता |
| ३ | प्रणय चुके | १००४५२७ | भरतपुर-०४, चितवन | उत्कृष्ट दैनिक बचत कर्ता |
| ४ | धनकुमारी श्रेष्ठ (जोशी) | १००१०३६ | भरतपुर-०४, चितवन | उत्कृष्ट नारी बचत कर्ता |
| ५ | विमला शर्मा अधिकारी | १०००७७१ | भरतपुर-०७, चितवन | उत्कृष्ट नारी बचत कर्ता |
| ६ | महालक्ष्मी सिंह | १००४१७४ | भरतपुर-०४, चितवन | उत्कृष्ट बचत कर्ता (बजार) |
| ७ | राजन गुरुङ | १००४७९४ | भरतपुर-१०, चितवन | उत्कृष्ट बचत कर्ता (बजार) |
| ८ | पेमा काल्टेन घले | १००१३३१ | भरतपुर-०४, चितवन | उत्कृष्ट बचत कर्ता (बजार) |
| ९ | शिवकुमार जोशी | १०००७५२ | भरतपुर-०४, चितवन | उत्कृष्ट बचत कर्ता (बजार) |
| १० | सविता तिवारी | १००४६४६ | भरतपुर-१०, चितवन | उत्कृष्ट बचत कर्ता (बजार) |
| ११ | सावित्री पिया | १००१८८१ | भरतपुर-०३, चितवन | उत्कृष्ट खुत्रुके बचत कर्ता |
| १२ | प्राञ्जल थापा | | भरतपुर-०३, चितवन | उत्कृष्ट बाल बचत कर्ता |
| १३ | प्रेम थापा | १०००१७३ | भरतपुर-०३, चितवन | असल ऋणी |
| १४ | बुद्धि जङ्ग गुरुङ | १००१७३४ | भरतपुर-०७, चितवन | असल ऋणी |
| १५ | पुष्पा गुरुङ | १००४२७६ | भरतपुर-०७, चितवन | असल ऋणी |
| १६ | चिजा थापामगर | १००४१८८ | भरतपुर-०८, चितवन | असल ऋणी |
| १७ | सुदिश थापा | १००४८०२ | भरतपुर-१०, चितवन | असल ऋणी |
| १८ | सरस्वती घर्ती | १००४८४७ | भरतपुर-१२, चितवन | असल ऋणी |
| १९ | गंगा थापा | १००५००७ | भरतपुर-११, चितवन | असल ऋणी |
| २० | केशव कुमाल | १००४८८१ | भरतपुर-१८, चितवन | असल ऋणी |

| | | | | |
|---|---|---|---|---|
| २१ | विशु वि.क. | १००४९८४ | भरतपुर-११, चितवन | असल ऋणी |
| २२ | सोमे तमाङ | १०००९५२ | भरतपुर-०४, चितवन | असल ऋणी |
| | | **टाँडी सेवाकेन्द्र** | | |
| १ | तिम्ला मालाकार | २००२८९५ | रत्ननगर-०१, चितवन | उत्कृष्ट मुद्धति बचत कर्ता |
| २ | लक्ष्मण आचार्य | २००२०३२ | रत्ननगर-०२, चितवन | उत्कृष्ट दैनिक बचत कर्ता |
| ३ | शर्मिला थापा पौडेल | २००२७६४ | रत्ननगर-०२, चितवन | उत्कृष्ट नारी बचत कर्ता |
| ५ | बलराम उपाध्याय | २००२४५९ | रत्ननगर-०८, चितवन | जेष्ठ नागरिक बचत |
| ६ | जितेन्द्र चौधरी | २००२१५२ | रत्ननगर | उत्कृष्ट बचत कर्ता (बजार) |
| ७ | फूलमाया थिङ | २००२६३७ | रत्ननगर-१०, चितवन | उत्कृष्ट बचत कर्ता (बजार) |
| ८ | अम्बिका ढकाल | २००२५६५ | रत्ननगर-१०, चितवन | उत्कृष्ट बचत कर्ता (बजार) |
| ९ | सुव्रिम गिरी | २००२८५२ | रत्ननगर | खुत्रुके बचत |
| १० | श्रीयान्स दुवाडी | | रत्ननगर-०३, चितवन | बाल बचत |
| ११ | बसन्ती थिङ | २००२७५६ | रत्ननगर-०२, चितवन | असल ऋणी |
| १२ | दल बहादुर दर्जी | २००२७३४ | रत्ननगर-१०, चितवन | असल ऋणी |
| १३ | देवकी कुमारी भट्ट | २००२७३३ | रत्ननगर-१३, चितवन | असल ऋणी |
| | | **बिजयनगर सेवाकेन्द्र** | | |
| १ | भरत विश्वकर्मा | ३०००३५१ | चितवन | उत्कृष्ट आवधिक बचत |
| २ | देव कुमारी देवकोटा | ३०००११२ | शरणपुर | उत्कृष्ट आवधिक बचत |
| ३ | तिलु गिरी | ३००११८० | भरतपुर-१६, चितवन | उत्कृष्ट दैनिक बचत |
| ४ | गुनाखर सापकोटा | ३००१२५९ | भरतपुर-१६, चितवन | उत्कृष्ट दैनिक बचत |
| ५ | मिना गिरी | ३०००८२१ | भरतपुर-१६, चितवन | उत्कृष्ट नारी बचत |
| ६ | राम माया सार्की | ३००१२१६ | भरतपुर-१६, चितवन | उत्कृष्ट नारी बचत |
| ७ | रत्न काली कंडेल | ३०००५४८ | भरतपुर-०८, चितवन | उत्कृष्ट जेष्ठ नागरीक बचत |
| ८ | विश्व सुबेदी | ३०००४६५ | भरतपुर-०८, चितवन | उत्कृष्ट दैनिक बचत (बजार) |
| ९ | सुस्मिता गिरी | ३००१०९० | भरतपुर-१६, चितवन | उत्कृष्ट दैनिक बचत (बजार) |
| १० | बुद्दिमान तामाङ | ३०००३४९ | भरतपुर-१६, चितवन | उत्कृष्ट दैनिक बचत (बजार) |
| ११ | बिजय दुग्ध उत्पादक संस्था | ३०००१०१ | भरतपुर-०८, चितवन | उत्कृष्ट संस्थागत बचत |
| १२ | बिक्रम बावु चौधरी | | भरतपुर-१६, चितवन | उत्कृष्ट खुत्रुके बचत |
| १३ | अनुज चौधरी | ३०००२४३ | भरतपुर-१६, चितवन | उत्कृष्ट खुत्रुके बचत |
| १४ | युभानी कंडेल | ३०००८७२ | भरतपुर-१७, चितवन | उत्कृष्ट बाल बचत |
| १५ | संगिता पोखरेल | ३०००३१३ | भरतपुर-१६, चितवन | उत्कृष्ट ऋणी |
| १६ | सोबिता थापा | ३०००९२५ | भरतपुर-१६, चितवन | उत्कृष्ट ऋणी |
| १७ | बिष्णु बि.क. | ३००१२७३ | भरतपुर-१६, चितवन | उत्कृष्ट ऋणी |

*आदरणीय सेयर सदस्यज्यूहरु,*

अब म संस्थाको आ.व. २०८०/८१ को लागि तयार पारिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नीति तथा कार्यक्रमको मुख्य क्षेत्र:**

*क) आ.व. ०८०/०८१ को कार्यक्रम तथा बजेट देहायका नीतिहरुबाट परिलक्षित हुनेछ ।*

- संस्थाको परिकल्पना बमोजिम संस्थाले तयार पारेको ४ वर्षीय व्यावसायिक रणनीतिक योजना बमोजिम संस्थालाई स्वचालित रूपमा सञ्चालन गरिने छ ।
- संस्थाको वित्तीय अवस्थालाई थप सुदृढ बनाउनको लागि निर्दिष्ट वित्तीय संरचना कायम गरिनेछ, जोखिमहरुबाट सदस्यहरुको निक्षेप तथा लगानीको सुरक्षण गरिनेछ, आवश्यक गुणस्तर कायम गरिनेछ, सदस्यहरुको लगानीमा उचित प्रतिफल प्रदान गरिनेछ र प्रतिस्पर्धी स्थान कायम रहने हिसाबले सदस्यता, पूँजी र सम्पत्तिको वृद्धि दर कायम गरिने । जस अन्तर्गत सदस्य संख्या ५ हजार ८२७ जना, सेयरपूँजी ११ करोड, बचत ६६ करोड ५२ लाख ३५ हजार, कर्जा ७० करोड ९८ लाख २९ हजार र कूल सम्पत्ति (वासलात) ९१ करोड ३४ लाख ४७ हजार पुऱ्याउने लक्ष्य लिएको छ ।
- बहुउद्देश्यीय सहकारी संस्था भएकाले नयाँ व्यवसाय सञ्चालनको सम्भाव्यता अध्ययन गरी उपयुक्त व्यवसायको सञ्चालन गरिने । यस वर्ष सशुल्क सवारी साधन पार्किङ्ग व्यवसायको शुरूवात गरिनेछ ।
- सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति, सदस्यहरु र कर्मचारी व्यवस्थापनको क्षमता अभिवृद्धि गरिने ।
- स्वनियमन, स्वसुशासन र स्वयं सहयोगको सिद्धान्तलाई थप प्राथमिकता प्रदान गरिनेछ ।
- डिजिटल रूपान्तरणमा अग्रसर रहँदै प्रविधि मैत्री सेवाहरु थप विस्तार गरिने । सदस्यहरुलाई क्रमशः प्रविधि साक्षरता प्रदान गरिने ।
- सम्भाव्यताको आधारमा थप क्षेत्र र केन्द्रहरुबाट संस्थाको गुणस्तरीय सेवा विस्तार गरिनेछ ।
- साना आकारका र उत्पादनमुलक क्षेत्रको ऋण लगानीलाई प्राथमिकतामा राखिनेछ ।
- दीगो विकास लक्ष्य पूरा गर्न मद्धत पुग्ने क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- सरकारी, गैरसरकारी तथा निजी संघ संस्था र व्यावसायिक फर्महरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- नियमित र अत्यावश्यक खर्च बाहेक अन्य खर्चहरुमा मितव्ययिता अपनाइनेछ ।
- नेपाल सरकार तथा सहकारी अभियान मार्फत प्राप्त मार्गदर्शनहरु पालना गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यनीति बनाई लागु गरिनेछ ।
- युवा केन्द्रित वस्तु तथा सेवाहरुलाई प्राथमिकता दिइने तथा हंससंग विद्यार्थी कार्यक्रमको अवधारणा ल्याई अभियानको रूपमा अगाडि बढाइनेछ ।

*ख) परिलक्षित कार्यक्रम र बजेट*

- वित्तीय सुरक्षा तथा सक्षमता कायम गर्ने

- भाखा नाघेको ऋणको अनुपातलाई नियन्त्रण गर्दै २ प्रतिशत भित्रै कायम राख्ने प्रयास गरिनेछ।
- खराव ऋणहरु धितो लिलाम तथा कानुनी प्रक्रियाद्वारा असुल उपर गरिनेछ।
- सेवाकेन्द्रहरुको खर्च धान्न सकिने ऋण पोर्टफोलियो तयार पारिनेछ।
- जगेडा कोष तथा अन्य संस्थागत विकास कोषमा तोकिएको न्यूनतम दर भन्दा थप रकम छुट्याई संस्थागत पूँजीलाई प्राथमिकता दिइनेछ।
- ऋण पोर्टपोलियो व्यवस्थापन गर्दै उत्पादनमुलक कृषि ऋणको अनुपात वृद्धि गरिनेछ।
- सेयर लाभांश वृद्धि हुने गरी वित्तीय परिचालन तथा व्यवस्थापन गरिनेछ।

*ग) सदस्य सन्तुष्टी, सामाजिक क्रियाकलाप तथा गुणस्तरीय वस्तु तथा सेवाः*

- सदस्यहरुको आवश्यकताको आधारमा नयाँ बचत र ऋणको प्रोडक्टहरुको विकास गरिनेछ।
- वित्तीय बजारको अध्ययन गरी आवश्यकतानुसार बचत र ऋणमा ब्याजदर समायोजन गरिनेछ।
- सदस्य तथा नीजका छोराछोरीहरुका लागि शैक्षिक प्रोत्साहन तथा पूरस्कारको छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सदस्यहरुलाई सहकारी सचेतना, वित्तीय तथा व्यवसायीक साक्षरता कार्यक्रममा सहभागी गराई वित्त तथा व्यवसाय व्यवस्थापन सम्बन्धी ज्ञान सिप प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सदस्यहरुमा उद्यमशीलता विकासको लागि स्थानीय तहका सरकारसँग समन्वय गरी आवश्यकता अनुसार तालिमहरुको व्यवस्था गर्न पहल गरिनेछ।
- महिला लक्षित स्वास्थ्य सेवा, सिप विकास कार्यक्रम तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसका अवसरमा संस्थाले एकल वा अन्य सामाजिक संघसंस्थाहरुको समन्वयमा सदस्य सेवा लक्षित कार्यक्रम आयोजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विभिन्न बचत तथा कर्जा योजनामा दिने गरिएका पुरस्कारहरुलाई निरन्तरता दिइनेछ।
- सदस्यहरुको लागि योगदानमा आधारित तीर्थाटन तथा देश दर्शन कार्यक्रम आयोजना गरिनेछ।
- सदस्य राहत कोष खडा गरी कार्यान्वयनमा ल्याइनेछ।
- बाल बचत तथा ज्येष्ठ नागरिक सेयर सदस्यहरु लक्षित विभिन्न कार्यक्रम आयोजना गरिनेछ।
- औचित्यको आधारमा सामुदायिक विद्यालय, बालविकास केन्द्र तथा सामाजिक संघ संस्था र व्यक्तिलाई सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सहकारी सम्बन्धी स्थानीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा सहभागी हुने कार्यलाई निरन्तरता दिइनेछ।
- वर्षिकोत्सवको अवसरमा सदस्य तथा समुदाय केन्द्रीत कार्यक्रम सञ्चालन गरिनेछ।
- मोबाइल बैंकिङ्ग एप्सलाई थप आधुनिकिकरण गरिदै लगिनेछ।
- दैनिक बजारबाट बचत संकलनमा ट्याबलेट बैंकिङ्ग, क्यू. आर. कोडबाट प्राप्ती तथा भुक्तानी सेवा,

इ-टेलर तथा इ-पेमेन्ट सेवालाई निरन्तरता दिइनेछ भने कनेक्ट आइ पि एसमा आवद्ध भई सेवाको शुरूवात गरिनेछ। साथै संस्थाको प्रधान कार्यालयमा डिजिटल बडा पत्रको व्यवस्था गरिनेछ।

- सदस्यलाई संस्थाको वित्तीय अवस्था र बैठकका महत्त्पूर्ण निर्णयहरु मासिक रूपमा संस्थाको वेवसाइट मार्फत जानकारी प्राप्त हुने व्यवस्था मिलाइनेछ।
- रेमिटान्स (मुद्रा विप्रेषण) सेवालाई प्रभावकारी र सदस्यहरुसँगको कारोवारलाई संस्थामा केन्द्रित गर्न थप रेमिटान्स सेवाहरुसँग सम्झौता गरी कार्यान्वयन गरिनेछ।
- सदस्यहरुको वचत रकम र संस्थाको ऋण लगानीलाई सुरक्षित बनाउन आवश्यक निर्देशिका बनाई सदस्य बिमासहित संस्थाको सम्पत्ति, भल्ट तथा नगदको बिमा गरिनेछ।

*घ) कार्यगत सक्षमता प्रतिस्पर्धी अवस्था कायम गरिनेछः*

- बागमती प्रदेश सहकारी ऐन र नियमावलीअनुरूप हुने गरी विनियम संशोधन तथा पुनर्लेखन कार्य सम्पन्न गरिनेछ। संस्थाको रणनीतिक योजनाबमोजिम सञ्चालक तथा कर्मचारीहरुको समेत सोही आधारमा क्षमता विकासको मुल्याङ्कन गर्ने प्रणालीको प्रारम्भ गरिनेछ।
- संस्थाको विद्यमान नीतिहरु आवश्यकताअनुसार अद्यावधिक र संशोधन गरी संस्थालाई नीतिगत पूर्वाधारमा सम्पन्न गरिनेछ।
- NFRS (Nepal Financial Reporting Standard) लागु गर्न आवश्यक पूर्वाधार तयार पारिनेछ।
- विभिन्न सहकारी तथा सामाजिक संघ संस्थासंग भगिनी सम्बन्ध कायम गरी संस्थागत विकासका लागि कार्यक्रमहरु आयोजना गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउन आन्तरिक लेखापरीक्षण गर्न विशेष व्यवस्था मिलाइने छ।
- आन्तरिक सूचना तथा सञ्चार प्रणालीलाई प्रभावकारी बनाउन संस्थाको सामाजिक सञ्जाल तथा वेवसाइटलाई थप प्रभावकारी बनाइने छ।
- उपयुक्त र इच्छुक सहकारी संस्थाहरुसँग एकीकरण गरिनेछ र सेवाकेन्द्रहरु मार्फत प्रभावकारी सेवा प्रवाह गरिनेछ।

*ङ) नेतृत्व र व्यवस्थापन पक्षः*

- नेतृत्व विकासका लागि आवश्यक तालिमहरु सञ्चालन गरिनेछ।
- सञ्चालकहरुमा वित्तीय प्रतिवेदनहरु अध्ययन तथा विश्लेषण गर्ने सीप विकासका लागि तालिम सञ्चालन गरिनेछ।
- संस्थागत लक्ष्य हासिल गर्न उपसमितिहरुलाई थप सक्रिय गराइनेछ।
- कर्मचारीहरुमा सक्षम व्यवस्थापकीय तह निर्माण गर्न सो अनुरूपका दरबन्दीहरु सिर्जना गर्ने र सक्षम मानव संशाधनको व्यवस्था मिलाइनेछ।
- संस्थाको संस्थागत गतिविधि सहितको वार्षिक प्रतिवेदन, क्यालेण्डर छपाई कार्यक्रमलाई निरन्तरता

दिदै संस्थाको कार्यक्रमको जानकारीका लागि ब्रुसर, प्रोडक्ट क्याटलग निर्माण तथा प्रकाशन गरिनेछ।

- संस्थाको लागि आवश्यक पर्ने कार्यालय उपकरण, बिद्युतीय उपकरण, फर्निचर तथा अन्य सम्पत्तिहरु खरिद गर्ने र आवश्यकता अनुसार कार्यालय निर्माण तथा मर्मत गरिनेछ।

*आदरणीय सेयर सदस्यज्यूहरु,*

अब म संस्थाले आ.व. २०८०/०८१ का लागि तयार पारेको कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| तालिम तथा कार्यक्रमको नाम | लक्षित वर्ग | कार्यक्रम संख्या | सहभागी संख्या | खर्चको स्रोत |
|---|---|---|---|---|
| वित्तीय साक्षरता | सेयर सदस्य | ५ | ३५ | सहकारी शिक्षा कोष |
| सहकारी शिक्षा नयाँ सदस्य | सेयर सदस्य | आवश्यकता बमोजिम | सबै नयाँ सदस्य | सहकारी शिक्षा कोष |
| ऋण शिक्षा | सेयर सदस्य | ४ | २५ | सहकारी शिक्षा कोष |
| महिला साक्षरता | सेयर सदस्य | १ | ५० | सहकारी शिक्षा कोष |
| स्वास्थ्य/ दन्त शिबिर | सेयर सदस्य | १ | | सामुदायिक विकास कोष |
| वातावरण लक्षित कार्यक्रम | सेयर सदस्य | १ | | सामुदायिक विकास कोष |
| राहात वितरण | सेयर सदस्य तथा समुदाय | १ | | सामुदायिक विकास कोष |
| बाल भेला तथा विद्यार्थी लक्षित कार्यक्रम | सेयर सदस्य | १ | | सामुदायिक विकास कोष |
| जेष्ठ नागरिक विशेष कार्यक्रम | सेयर सदस्य | १ | | सामुदायिक विकास कोष |
| सदस्य अवलोकन भ्रमण | सेयर सदस्य | १ | ३०० | कार्यक्रम खर्च |
| कर्मचारीहरूलाई पुनताजगिकरण | कर्मचारी | १ | २८ | कार्यक्रम खर्च |
| कर्मचारीहरूलाई क्षमता अभिबृद्धि | कर्मचारी | आवश्यकता बमोजिम | २१ | कार्यक्रम खर्च |
| समिति उपसमिति अध्यायन तथा अबलोकन भ्रमण | समिति तथा उपसमिति | १ | ५० | कार्यक्रम खर्च |
| क्षमता अभिबृद्धि तालिम | समिति तथा उपसमिति | आवश्यकता बमोजिम | १७ | कार्यक्रम खर्च |
| राष्टिय, अन्तराष्टिय गोष्ठी | समिति | २ | | कार्यक्रम खर्च |
| व्यावसायिक योजना तथा बजेट तयारी | समिति | १ | | कार्यक्रम खर्च |
| व्यावसायिक योजना समिक्षा | समिति | २ | | कार्यक्रम खर्च |
| निति निर्माण कार्यशाला | समिति र सम्बन्धीत उ.स | १ | | कार्यक्रम खर्च |
| संस्थागत विकास तालिम | समिति र उ.स | १ | ४५ | कार्यक्रम खर्च |
| वार्षिक साधारण सभा | सेयर सदस्य | १ | | कार्यक्रम खर्च |
| स्थापना दिवस, वार्षिकोत्सव कार्यक्रम | सेयर सदस्य | १ | | कार्यक्रम खर्च |

| | | | | |
|---|---|---|---|---|
| लक्ष्मी पूजा | समिति, उ.स र कर्मचारी | १ | | कार्यक्रम खर्च |
| अन्य कार्यक्रम | सेयर सदस्य | ४ | | कार्यक्रम खर्च |
| समवेदना | सेयर सदस्य | आवश्यकता बमोजिम | | कार्यक्रम खर्च |
| सामाजिक क्रियाकलाप | सेयर सदस्य तथा समुदाय | | | कार्यक्रम खर्च |
| शुभकामना आदान प्रदान कार्यक्रम | समिति, उ.स, कर्मचारी र सदस्य | ३ | | कार्यक्रम खर्च |
| अन्तरक्रिया कार्यक्रम | सेयर सदस्य | | | कार्यक्रम खर्च |

■ **छलफल तथा निर्णयार्थ प्रस्तावित विषयहरुः**

१. संस्थाको आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको आ.व.२०७९/०८० को प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. संस्थाको आ.व.२०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
४. संस्थाको आ.व. २०८०/०८१ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
५. संस्थाका उपसमितिहरुले प्रस्तुत गर्ने आ.व.२०७९/०८० को प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
६. संस्थाको आ.व २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र नीजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. संस्थाको आ.व. २०७९/०८० मा सञ्चालक समितिको निर्णयबाट भए गरेका सम्पूर्ण कार्यहरुको छलफल गरी पारित गर्ने सम्बन्धमा ।
८. लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
९. संस्थाको बिनियम संशोधन/ पूनर्लेखन साथै आन्तरिक कार्यविधि पारित तथा तर्जुमा गर्ने सम्बन्धमा ।
१०. जग्गा खरिद तथा बिक्री सम्बन्धमा ।
११. सदस्य सेवाकेन्द्र थप गर्ने सम्बन्धमा ।
१२. संस्था एकिकरण (मर्जर) का सम्बन्धमा ।
१३. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
१४. विविध सम्बन्धमा ।

अन्त्यमा,

आदरणीय सेयर सदस्यज्यूहरुले प्रस्तुत प्रगति प्रतिवेदन र आगामी कार्यक्रमहरुमाथि गहन छलफल गरी आवश्यक परिमार्जनसहित पारित गर्नुहुनेछ भन्ने विश्वास लिएकीछु । विभिन्न समिति उपसमितिहरुका पदमा रही काम गर्नुहुने सम्पूर्ण महानुभावहरुको अथक प्रयास र लगनशीलताबाट नै यो संस्थाले सफलता

प्राप्त गर्न सकेको कुरामा कुनै द्विविधा छैन । "एक थुकी सुकी सय थुकी नदी" भन्ने उखानलाई हाम्रो संस्थाका सेयर सदस्यहरु वीचको हातेमालो गर्ने व्यवहारले सार्थक बनाउदै लगिरहेको अनुभूति मलाई भएको छ । तपाईहरुको उत्साह र लगनशिलताले संस्थामा रही काम गर्न हामीलाई थप उर्जा मिलेकोछ । अतः संस्थाका अध्यक्षज्यू लगायत पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा समिति लगायत विभिन्न उप समितिका संयोजक तथा सदस्यज्यूहरु, सेयर सदस्यज्यूहरु एवं संस्थाका प्रवन्धक लगायत सम्पूर्ण कर्मचारी मित्रहरुमा मेरो व्यक्तिगत तर्फबाट र संस्थाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस्तै सहकार्य र एकता आगामी दिनहरुमा पनि रहिरहने विश्वास लिदै यहाँहरुको रचनात्मक सहयोगको अपेक्षासहित सधैँ मलाई हौसला प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरु तथा सेयर सदस्यज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दै विदा हुने अनुमति चाहन्छु ।

धन्यवाद । जय हंस । जय सहकारी ।

शारदा शर्मा पौडेल
सचिव

संस्थाको प्रधान कार्यालय तथा सेवा केन्द्रहरुमा सञ्चालित
रेमिट्यान्स सेवाहरु

IME International Money Express
A Complete Money Transfer Solution
WESTERN UNION MONEY TRANSFER
GME REMITTANCE
ipay remit
prabhu Money Transfer
प्रभुको इच्छा
SAMSARA REMIT
CITY EXPRESS MONEY TRANSFER
himal remit

यस सहकारी संस्थाबाट NTC, Ncell, CDMA, Dish Home को रिचार्ज गरिनुका साथै NTC Landline, ADSL, नेपाल विद्युत प्रधिकारणको विल भुक्तानी समेत गरिने भएकाले सो सेवाको प्रयोग गर्नुहुन सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनुरोध गरिन्छ ।

# २० औं वार्षिक साधारण सभामा प्रस्तुत कोषाध्यक्षको प्रतिवेदन



**प्रमोदकुमार श्रेष्ठ**
कोषाध्यक्ष

यस हंस बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष एवम्  २० औं गरिमामय वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, एवं मञ्चमा आसिन अतिथिज्यूहरू, सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमितिका पदाधिकारीज्यूहरू, कर्मचारी मित्रहरू तथा सम्पूर्ण सेयर सदस्य महानुभावहरूमा मेरो तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

आदरणीय सेयर सदस्यज्यूहरु, आर्थिक समृद्धि र समाजिक न्याय एवं सहकारीको भावनालाई आत्मासात् गर्दै यस संस्थाले आफ्ना सदस्यहरूलाई निरन्तर रूपमा सेवा प्रवाह गर्दै आएको कुरा सर्वविदितै छ। यसै सन्दर्भमा आज यस हंस बहुउद्देश्यीय सहकारी संस्था लि.को २० औं वार्षिक साधारण सभा समक्षे कोषाध्यक्षको तर्फबाट आर्थिक वर्ष २०७९/०८० को वास्तविक वित्तीय प्रगति विवरण तथा चालु आ.व. २०८०/०८१ का लागि प्रस्तावित वार्षिक लक्ष्य तथा बजेटको समीक्षात्मक विवरण प्रस्तुत गर्न पाउदाँ गैरवको अनुभूति गरेको छु ।

कोभिड महामारीले विश्वव्यापी रूपमा अर्थतन्त्रमा पारेको प्रभावकाट समाजका विभिन्न क्षेत्र बैंङ्क, वित्तीय संस्था जस्तै सहकारी क्षेत्र पनि अछुतो रहन सकेन । विश्व आर्थिक जगतमा नै देखिएको आर्थिक संकुचन र शिथिलता, पछिल्लो समयमा देखा परेको युद्धको प्रभाव, आर्थिक मन्दी, सहकारी प्रतिको नकरात्मक धारण आदि कारणबाट उद्योग, व्यापार, व्यवसाय प्रभावित हुन पुगे जसले गर्दा हाम्रा सदस्यहरूको व्यवसायमा पनि जटिल समस्या उत्पन्न भयो । यसको असर ऋणी सदस्यहरूले भुक्तान गर्ने कर्जाको किस्ता र ब्याज असुलीमा पर्न गयो । सदस्यले लिएको ऋणको किस्ता, साँवा, ब्याजको भुक्तानीमा असहज अवस्था सिर्जना हुन पुग्यो, जुन कारणबाट भाका नाघेको कर्जामा केही वृद्धि भएको देखिन्छ । जसले संस्थाको नाफामा असर पर्न गएको छ । यी विविध कारणहरूले सहकारी क्षेत्रमा परिरहेको असर र प्रभावका बबजुत पनि यस संस्थाले हासिल गरेका वित्तीय प्रगति सम्मान र सन्तोषजनक रहेको विवरण प्रस्तुत गर्न पाउँदा आफूलाई भाग्यमानी ठानेको छु ।

*आदरणीय सेयर सदस्यज्यूहरु,*

विश्वव्यापी रूपमा वित्तीय सङ्कट उत्पन्न भएर बजारमा लगानीयोग्य रकमको अभावका कारण सदस्यहरूले समयमै कर्जा नपाउँदा पूँजी अभाव भई व्यवसाय प्रभावित बन्न पुगेको छ। सदस्यले चाहेर पनि कर्जा लिन र व्यवसाय विस्तार गर्न कठिनाई उत्पन्न भएको छ । कतिपय सहकारीको कमजोर

व्यवस्थापन, सुशासन र पारदर्शिताको अभाव एवम् कर्जा प्रवाहमा भएको असन्तुलनले गर्दा संस्थाले समयमा निक्षेपकर्ता सदस्यको पैसा फिर्ता गर्न नसक्दा सहकारी अभियानप्रति समुदायको विश्वास घट्दै गएको देखिन्छ । यसको नकारात्मक प्रभाव धेरथोर सबै सहकारीमा पर्ने हुँदा यस्तो अविश्वास हाम्रो संस्थाप्रति नहोस् भनेर संस्थाको सम्पूर्ण कारोबारलाई व्यवस्थित, पारदर्शी र सन्तुलित बनाउने सबै उपाय अवलम्बन गरिएको छ । नीति विधि र प्रविधिको प्रयोग गरी संस्थालाई आगाडि बढाइएको छ । सेयर सदस्यहरुलाई संस्थाका गतिविधिहरू बारेमा जानकारी गराउने उद्धेश्य अनुरूप वर्षैभरि विभिन्न मिति र समयमा सदस्यहरूलाई वित्तयि सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिदै आएको कुरा जानकारी गराउन चाहन्छु । यस वर्ष पनि सदस्य वित्तीय सचेतना कार्यक्रमले निरन्तरता पाएको र सचेतना कार्यक्रम प्रभावकारी, उपलब्धिमूलक र सार्थक भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

संस्थामा वित्तीय अनुशासन र पारदर्शिता कायम गरेको कारण सदस्यहरूको विश्वास जित्न सफल भएका छौं । वित्तीय क्षेत्रमा परेको आर्थिक मन्दीको प्रभाव कहिलेसम्म पर्न हो भन्ने कुराको आँकलन वा अनुमान गर्न कठिनाइ हुने भएकाले आगामी दिन निकै चुनौतीपूर्ण बन्ने देखिन्छ । त्यसकारण अझै सचेत र संयमित भएर, सतर्कता अपनाएर संस्थालाई सन्तुलित एवं मितव्ययी ढङ्गबाट सञ्चालन आवश्यक छ भन्ने कुरामा हामी सचेत र प्रतिवद्धत रहेको कुरा समेत अवगत गराउन चाहन्छु ।

*आदरणीय सेयर सदस्य महानुभावहरु,*

अब म संस्थाले आ.व. २०७९/८० मा हासिल गरेका उपलब्धिहरुको सोही आ.व.को आषाढ मसान्तसम्मको तथ्यांकको आधारमा तयार पारिएको प्रगति प्रतिवेदनलाई समीक्षात्मक रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**पुँजीकोष:**

- आ.व. २०७९/८० मा संस्थाको कुल पुँजीकोष रकममा अघिल्लो आ.व. को तुलनामा १.३२ प्रतिशतले वृद्धि भई कुल १८ करोड १८ लाख २६ हजार ७ सय १७ रूपैयाँ ५४ पैसा पुगेको छ । आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थाको कुल पुँजीकोष मध्ये रू १० करोड २३ लाख ७८ हजार ७ सय चुक्ता पुँजी रहेको छ भने रू ७ करोड ९४ लाख ४८ हजार १७ रूपैयाँ ५४ पैसा जगेडा तथा अन्य कोषहरु रहेको छ ।
- आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थाको पुँजीकोष निक्षेप अनुपात २९.८९ प्रतिशत कायम भएको छ । समीक्षा वर्षमा संस्थाको कुल निक्षेपमा ७.३७ प्रतिशतले कमी भएको र पुँजीकोषमा १.३२ प्रतिशतको बृद्धिले गर्दा यस्तो अनुपात बृद्धि भएको हो ।
- संस्थाले समीक्षा वर्षमा रू. ६४ लाख ७१ हजार २ सय ७० रूपैयाँ ९६ पैसा लाभांश कोषमा र रू. २८ लाख ९५ हजार ४ सय २३ रूपैयाँ २५ पैसा संरक्षित पुँजी फिर्ता कोषमा रकम व्यवस्था गरेको छ । संस्थाले समीक्षा वर्षमा संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुलाई रू. २०,१७,२९०.८४ वितरण गरी बाँकी रू. ३५,८४,२९५.७४ जगेडा कोषमा स्थानन्तरण गरिएको छ ।

- समीक्षा वर्षमा संचालक समितिको निर्णय अनुसार सामुदायिक विकास कोषबाट रू. ३,९१,२८६.६३ खर्च गरिएको छ भने रू. ३,३२,५१२.३३ जगेडा कोषमा सारिएको छ । त्यस्तै सहकारी शिक्षा कोषबाट रू. ३३,६५० खर्च भई रू. ४,८०,५९१.८४ जगेडा कोषमा सरिएको छ, सहकारी बिकास कोषबाट रू. ६,२५,९७७.३० जगेडा कोषमा सरिएको छ। समीक्षा वर्षमा कुल रू. ५०,२३,३७७.२१ जगेडा कोषमा रकमान्तर गरिएको व्यहोरा समेत सभासमक्ष अवगत गराउँन चाहन्छु। यसमा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुको समर्थन रहने विश्वास गरेको छु।

निक्षेप:

- संस्थाको कुल निक्षेपमा आ.व. ०७८/७९ को आषाढ मसान्तको तुलनामा ७.३७ प्रतिशतले कमी आई आ.व. २०७९/८० को आषाढ मसान्तमा रू ६० करोड ८४ लाख २० हजार ३ सय २० रूपैयाँ ६४ पैसा कायम भएको छ।
- आ.व. ०७९/८० को आषाढ मसान्तमा संस्थामा कायम रहेको कुल निक्षेप मध्ये ६२.०४ प्रतिशत अर्थात रू. ३७ करोड ७४ लाख ४८ हजार ९०५ आवधिक निक्षेप रहेको छ, २८.६२ प्रतिशत अर्थात रू १७ करोड ४१ लाख ३९ हजार २ सय ७४ रूपैयाँ ७० पैसा ऐच्छिक बचत रहेको छ भने ९.३४ प्रतिशत अर्थात रू ५ करोड ६८ लाख ३२ हजार १ सय ४० रूपैयाँ ९४ पैसा मासिक बचत रहेको छ।

नगद तथा बैंक मौज्दात (तरलता)

- आ.व. २०७९/८० को आषाढ मसान्तमा अघिल्लो आ.व. को सोहि मसान्तको तुलनामा ६७.३० प्रतिशतले वृद्धि भई रू. ८६ लाख ९२ हजार ४ सय २९ रूपैयाँ ५१ पैसा नगद मौज्दात कायम भएको छ।
- आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थाले बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरेको कल, चल्ती तथा मुद्दती खाताको मौज्दात अघिल्लो आषाढ मसान्तको तुलनामा १९.०१ प्रतिशतले वृद्धि भई रू. १४ करोड ३४ लाख ५८ हजार २ सय २४ रूपैयाँ ७२ पैसा कायम भएको छ।
- आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थाको कुल निक्षेपको तुलनामा तरल सम्पत्ति अनुपात (तरलता) अघिल्लो आ.व. को तुलनामा १०.९४ प्रतिशतले वृद्धि भई २१.६० प्रतिशत कायम हुन पुगेको छ। समीक्षा वर्षमा संस्थाले तरलता व्यवस्थापनलाई नै बढी प्राथमिकता दिएकोले यस तर्फ केहि वृद्धि हुन गएको व्यहोरा अवगत गराउन चाहन्छु।

ऋण तथा सापट:

- आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थाको कुल ऋण अघिल्लो वर्षको आषाढ मसान्तको तुलनामा ७.८४ प्रतिशतले कमी भई रू. ६२ करोड ७२ लाख २२ हजार ७ सय ७८ रूपैंया १७ पैसा पुगेको छ।
- संस्थाको कर्जा लगानीतर्फबाट पाउनुपर्ने व्याज तथा विलम्ब रकम आ.व. २०७९/८० को आषाढ मसान्तमा कुल कर्जाको १.८३ प्रतिशत अर्थात रू. १ करोड १४ लाख ५९ हजार ३ सय ५४ रूपैयाँ

१७ पैसा कायम हुन पुगेको छ । समीक्षा अवधिमा समग्र बजार मन्दीको अवस्थाबाट गुज्रेको र सदस्यहरुको व्यापारिक र अन्य आयमा शिथिलता आएको कारण यस्तो अनुपातमा वृद्धि भएको व्यहोरा सभासमक्ष जानकारी गराउँन चाहन्छु ।

- सहकारी विभागको मिति २०८०/०३/२१ को निर्देशन बमोजिम संस्थाले समीक्षा वर्षको २०८० आषाढ मसान्तभित्र प्राप्त हुनुपर्नेमा २०८० साउन १५ गते सम्ममा प्राप्त भएको रू. २४ लाख ६९ हजार ७ सय ११ रूपैया ६२ पैसा रकमलाई यसै वर्ष आम्दानी जनाई वित्तीय प्रतिवेदन तयार गरेको व्यहोरा समेत म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

**स्थिर तथा अन्य सम्पति:**

- संस्थाको स्थिर सम्पत्तिमा अघिल्लो आ.व. को आषाढ मसान्तको तुलनामा २०८० आषाढ मसान्तमा २.७९ प्रतिशतको दरले वृद्धि भई रू. ६ करोड ५१ लाख ८१ हजार ९ रूपैयाँ ५५ पैसा कायम भएको छ। स्थिर सम्पत्ति अन्तर्गतको अधिकांश हिस्सा संस्थाको स्वामित्वमा रहेको जग्गा तथा भवन भएको व्यहोरा अवगत गराउँन चाहन्छु ।
- अन्य सम्पत्ति तर्फ अघिल्लो आषाढ मसान्तको तुलनामा २०८० आषाढ मसान्तमा १२७.४१ प्रतिशतले वृद्धि भई रू. १ करोड ९६ लाख ५८ हजार १ सय ८१ रूपैयाँ ७९ पैसा कायम भएको छ ।

**गैर बैंकिङ्ग सम्पति:**

- समीक्षा अवधिमा गैर बैकिङ्ग सम्पत्ति रू. २५ लाख रहन आएको छ । संस्थाका सदस्य शर्मिला बस्नेतको नाममा रहेको ऋण असुल गर्ने क्रममा नीजको नाममा रहेको धितो संस्थाले नै सकार गरेको थियो । सहकारी ऐन तथा नियमावली अनुसार संस्थाले लिलाम सकार गरेको सम्पत्ति ६ महिनासम्म बेचबिचन गर्न नपाउने प्रावधान रहेको व्यहोरा अवगत गराउँन चाहन्छु ।

**ब्याज आम्दानी तथा अन्य आम्दानी:**

- आ.व. २०७९/८० मा ऋण लगानी तर्फको ब्याज आम्दानीमा अघिल्लो आ.व. को तुलनामा ६.४९ प्रतिशतले वृद्धि भई रू. ९ करोड ८३ लाख १० हजार ६ सय १० रूपैयाँ २७ पैसा कायम भएको छ । त्यसै गरी बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त हुने ब्याजमा भने अघिल्लो आ.व. को तुलनामा समीक्षा वर्षमा ३७.०४ प्रतिशतले कमी भई रू. ८४ लाख ६८ हजार ६ सय ९१ रूपैयाँ ८८ पैसा कायम भएको छ । समीक्षा वर्षमा संस्थाको कर्जा लगानी तर्फको ब्याजदर वृद्धि भएको कारण यस तर्फको आम्दानीमा वृद्धि भएको तथा बैंकमा आवधिक बचतमा रहेको रकम घटेको कारणले बैंक व्याज आम्दानी तर्फ कमी आएको व्यहोरा अनुरोध गर्दछु ।
- आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थाको कुल कर्जाको तुलनामा ब्याज आम्दानी अघिल्लो आ.व. को तुलनामा १५.५६ प्रतिशत वृद्धि भई १५.६७ प्रतिशत कायम हुन पुगेको छ । समीक्षा वर्षमा संस्थाको कर्जा लगानीमा कमी आई कर्जा लगानी तर्फको आधार कम भई यस्तो अनुपात बढ्न गएको हो । साथै कर्जाको ब्याजदर समेत समय सापेक्ष वृद्धि गर्नु परेको कारण उक्त अनुपातमा

वृद्धि हुन गएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

- विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय प्रभाव र विशेष गरी समग्र बजारमा पैदा भएको वित्तीय असन्तुलनको कारण कर्जा लगानीको मागमा कमी आएको र संस्थाले पनि कर्जा लगानीमा बजार अनुकुल हुने गरी कसिलो नीति अख्तियार गरेकोले यस्तो आम्दानीमा कमी भएको व्यहोरा सदस्य महानुभावहरु समक्ष अनुरोध गर्न चाहन्छु ।

**ब्याज खर्च:**

- समीक्षा अवधिमा संस्थाले सदस्यहरुलाई प्रदान गरेको ब्याज खर्चमा अघिल्लो आ.व. को तुलनामा ५.७५ प्रतिशतले वृद्धि भई रू. ६ करोड ७९ लाख १ हजार ६ सय १२ रूपैयाँ ९५ पैसा खर्च हुन पुगेको छ । यस अवधिमा खास गरी बजार ब्याजदरमा अस्वाभाविक वृद्धि भएको कारण संस्थाले पनि सो अनुरूप हुने गरी समय सापेक्ष ब्याजदर बृद्धि गर्नुपरेको कारण र संस्थामा बढी ब्याजदरका आवधिक निक्षेपको मात्रा बढी भएको कारण ब्याज खर्चतर्फ वृद्धि व्यहोरा अनुरोध छ ।
- आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थामा रहेको कुल निक्षेपको तुलनामा उक्त आ.व. को व्याज खर्च ११.१६ प्रतिशत कायम भएको छ जुन अघिल्लो आ.व. मा ९.७७ प्रतिशत कायम भएको थियो । आ.व. २०७९/८० मा संस्थाको कुल ब्याज आम्दानीको तुलनामा व्याज खर्च अनुपात ६९.०७ प्रतिशत कायम हुन पुगेको छ जुन अघिल्लो वर्ष ६९.५५ प्रतिशत कायम भएको थियो । समीक्षा वर्षमा संस्थामा निक्षेपको ब्याजदर वृद्धिको तुलनामा सन्दर्भ ब्याजदरको सीमाको कारण कर्जा लगानीको ब्याजदर वृद्धि हुन नसकेको, तत्काल् असर देखिने बचत तर्फको ब्याजदर वृद्धि भएको, वृद्धि भएको ब्याजदरमा नयाँ कर्जा लगानी हुन नसकेको, कर्जा लगानी तर्फको ब्याज असूलीमा शिथिलता आएको, अल्पकालीन आवधिक बचतको समेत ब्याजदर अत्यधिक उच्च दरले वृद्धि हुँदा सदस्यहरुले बचत खाताको रकमलाई अल्पकालिन आवधिक बचतमा रकमान्तर गरेको कारण ब्याज खर्च वृद्धि भएको लगायतका कारण यस्तो अनुपातमा वृद्धि भएको व्यहोरा अनुरोध गर्दछु ।

**कर्मचारी खर्च:**

- आ.व. २०७९/८० मा संस्थाको कर्मचारी खर्चमा अघिल्लो आ.व. को तुलनामा २२.३९ प्रतिशतले वृद्धि भई रू ९६ लाख ७३ हजार १ सय रूपैयाँ ४ पैसा कायम भएको छ ।
- आ.व. २०७९/८० मा संस्थाले कर्मचारीहरुको आधारभूत तलब स्केलमा परिवर्तन नगरेपनि कर्मचारीको पदोन्नति, सोहि अनुरूप तलब तथा ग्रेड रकममा समेत वृद्धि, नयाँ सेवाकेन्द्रमा कर्मचारी थप हुनु लगायतका कारण कर्मचारी खर्चमा वृद्धि भएको व्यहोरा अनुरोध गर्दछु ।

**कार्यालय सञ्चालन तथा अन्य खर्च:**

- संस्थाको कार्यालय सञ्चालन खर्चमा अघिल्लो आ.व. को तुलनामा १७.५६ प्रतिशतले वृद्धि भई आ.व. २०७९/८० मा रू. ४२ लाख ७३ हजार २ सय ६७ रूपैयाँ १९ पैसा कायम हुनपुगेको छ ।

- संस्थाको कार्यक्रम खर्चमा अघिल्लो आ.व. को तुलनामा १८.७९ प्रतिशतले वृद्धि भई आ.व. २०७९/८० मा रू. २४ लाख ९७ हजार २ सय ५४ रूपैयाँ १४ पैसा कायम हुनपुगेको छ ।
- समीक्षा वर्षमा संस्थाको टेलिफोन तथा सञ्चार खर्च, कार्यालय चिया नास्ता, बिद्युत महशुल खर्च, इन्धन खर्च, बैंक क्लियरिङ्ग तथा चार्ज खर्च, इन्टरनेट तथा इन्ट्रानेट खर्च, नविकरण खर्च, मसलन्द खर्च, ढुवानी खर्च, खानेपानी खर्च, सरसफाइ खर्च, लेखापरीक्षण शुल्क, एसएमएस खर्च, बिमा खर्च, लेखापरीक्षण सम्बन्धित खर्च, ह्रास खर्च, कर्जा अनुगमन तथा असुली ताकेता खर्च, होडिङ्ग बोर्ड कर खर्च, मोवाइल बैंकिङ्ग खर्च, धितो लिलामी खर्च, वार्षिक साधारण सभा खर्च, तालिम खर्च, समवेदना खर्च, सामाजिक क्रियाकलाप खर्च, जितपुर सेवाकेन्द्र उद्घाटन खर्च, विभिन्न समिति उपसमिति भत्ता खर्च लगायतका खर्चमा वृद्धि भएको छ भने मर्मत तथा सम्भार खर्च, कार्यालय बहाल खर्च, विविध खर्च, पत्रपत्रिका खर्च, मसलन्द छपाइ खर्च, कर खर्च, विज्ञापन तथा प्रवर्द्धन खर्च, क्यालेण्डर प्रकाशन खर्च, सफ्टवेयर नविकरण तथा सञ्चालन खर्च, स्थापना दिवस, वार्षिकोत्सव कार्यक्रम खर्च, अन्य कार्यक्रम खर्च जस्ता खर्चमा कमी भएको व्यहोरा जानकारी गराउँदछु ।
- समीक्षा वर्षमा संस्थाको ह्रास खर्च अघिल्लो वर्षको तुलनामा ९६.१९ प्रतिशतले वृद्धि भई रू. ८ लाख २९ हजार ९ सय ३९ रूपैयाँ ५० पैसा कायम भएको छ ।
- यसरी समग्र प्रशासनिक तथा सहकारी कार्यक्रम खर्चमा अघिल्लो वर्षको तुलनामा ८.४० प्रतिशतले वृद्धि आएको व्यहोरा म यस सम्मानित सभा समक्ष जानकारी गराउँन चाहन्छु ।

**ऋण जोखिम व्यहोर्ने कोष:**

- संस्थाले आ.व. २०७९/८० को अन्त्यसम्ममा कुल रू २ करोड ५२ लाख ३ हजार ६ सय ३३ रूपैयाँ ४३ पैसा कर्जा नोक्सानी व्यवस्था कायम गरेको छ । उक्त रकम कुल कर्जाको ४.०२ प्रतिशत भएकोले आयकर ऐन २०५८ को दफा ५९ को १(ख) को व्यवस्था बमोजिम ५ प्रतिशतको सीमा भित्रै रहेको व्यहोरा समेत म सदस्य महानुभावहरुलाई जानकारी गराउँन चाहन्छु । यस्तो अनुपात अघिल्लो आ.व. मा २.१२ प्रतिशत रहेको थियो ।

**कर्मचारी बोनस व्यवस्था :**

- आ.व. २०७९/८० मा कर्मचारी बोनस व्यवस्था अन्तर्गतको खर्च अघिल्लो वर्षको तुलनामा ४७.३५ प्रतिशतले कमी भई रू. ९ लाख २६ हजार ४ सय १८ रूपैयाँ ८४ पैसा कायम भएको छ। समीक्षा वर्षमा समग्र कारोवारमा मन्दीको अवस्था सिर्जना भई कर्जा लगानीमा कमी, कर्जाको ब्याज असूलीमा कमी आउनुको साथै सञ्चालन आम्दानीमा समेत कमी भई संस्थाको खुद बचत (मुनाफा) मा कमी भएकोले यस तर्फको रकम व्यवस्थामा कमी भएको व्यहोरा अनुरोध छ ।
- संस्थाको विनियम बमोजिम संस्थाले गरेको खुद बचत (मुनाफा) को ५ प्रतिशतको दरले हुने रकम कर्मचारी बोनस व्यवस्था गरिएको व्यहोरा म सदस्यमहानुभावहरु समक्ष अनुरोध गर्न चाहन्छु ।

**खुद बचत (मुनाफा):**

- आ.व. ०७९/८० मा संस्थाको जोखिम कोष व्यवस्था पूर्वको सञ्चालन मुनाफा गत आ.व. को तुलनामा १७.१४ प्रतिशतले गिरावट आई रू. २ करोड ९३ लाख २५ हजार २ सय ७ रूपैयाँ ७९ पैसा कायम भएको छ जुन अघिल्लो वर्ष ४७.९८ प्रतिशतले वृद्धि भई रू. ३ करोड ५३ लाख ९२ हजार ४३ रूपैया ६३ पैसा कायम भएको थियो । समीक्षा अवधिमा माथि उल्लेखित व्यहोराको असरको कारण समग्र आयमा कमी भई खुद बचत (मुनाफा) मा कमी आएको व्यहोरा म सदस्य महानुभावहरु समक्ष अनुरोध गर्न चाहन्छु ।
- आर्थिक वर्ष २०७९/८० मा संस्थाले सदस्यको कुल जायजेथामा ३.३८ प्रतिशतको दरले प्रतिफल आर्जन गरेको छ, जुन अघिल्लो आ.व. मा ४.०२ प्रतिशत थियो ।
- आ.व. २०७९/८० मा संस्थाले रू. २८.६४ प्रति आम्दानी कायम गर्न सफल भएको छ, जुन अघिल्लो आ.व. मा रू. ३४.५२ थियो ।

**बचत (मुनाफा) को बाँडफाँड:**

- आ.व. २०७९/८० मा संस्थाले आर्जन गरेको खुद सञ्चालन मुनाफाबाट आयकर ऐन २०५८ बमोजिम करयोग्य आयको १० प्रतिशत तथा समायोजन कर समेत गरी रू. २१ लाख ५९ हजार ७ सय रूपैयाँ ५६ पैसा आयकर व्यवस्था कायम गरी बाँकी रकमबाट सहकारी ऐन २०७४, संस्थाको संसोधित विनियम अनुसार सो को २५ प्रतिशत अर्थात रू. ३८ लाख ६० हजार ५ सय ६४ रूपैया ३३ पैसा जगेडा कोषमा छुट्याई बाँकी रकम लाई १०० प्रतिशत मानि विनियम बमोजिम संरक्षित पुँजी कोषमा २५ प्रतिशत अर्थात रू. २८ लाख ९५ हजार ४ सय २३ रूपैयाँ २५ पैसा र ०.५ प्रतिशत अर्थात रू. ५७ हजार ९ सय ८ रूपैयाँ ४६ पैसा सहकारी प्रवर्द्धन कोषमा छुट्याइ बाँकी रकमलाई १०० प्रतिशत मानी लाभांश कोषमा सो को ७५ प्रतिशत अर्थात रू. ६४ लाख ७१ हजार २ सय ७० रूपैयाँ ९६ पैसा तथा संस्था विकास कोष, घाटा पूर्तिकोष, सामुदायिक विकास कोष, अन्य जोखिम व्यवस्थापन कोष, सहकारी शिक्षा कोष हरेकमा ५ प्रतिशत अर्थात ४ लाख ३१ हजार ४ सय १८ रूपैयाँ ६ पैसाको दरले व्यवस्था गरिएको व्यहोरा जानकारी गराउँन चाहन्छु ।

**लाभांश वितरणको प्रस्ताव:**

- आ.व. २०७९/८० मा बाँडफाँड गरिएको रकम मध्ये चालु आ.व. मा लाभांश कोषबाट सदस्यहरुलाई २०८० आषाढ मसान्तमा संस्थामा कायम रहेको चुक्ता पुँजी र संस्थामा कायम भएको मितिको आधारमा ७ प्रतिशत (कर सहित) का दरले लाभांश वितरण गर्ने प्रस्ताव गरिएको छ । संस्थाको संचालक समितिले गरेको यस प्रस्तावको यहाँ उपस्थित सम्पूर्ण सदस्यहरुको पूर्ण समर्थनका साथ स्विकृति प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु ।

आदरणीय सेयर सदस्यज्यूहरु, संस्थाले विगतको तथ्याङ्क तथा भावी योजनाको आधारमा नीति, कार्यक्रम तथा बजेट तयार गरी कार्यान्वयन गरेको छ । अब म सोको सङ्क्षिप्त विवरण सहित अनुमानित

बजेट तालिकाद्धारा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## आव.व. २०८०/०८१ को अनुमाननित वासलात

| विवरण | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को अनुमानित | आ.व. ०७९/०८० को यथार्थ | आ.व. ०८०/०८१ को अनुमानित |
|---|---|---|---|---|
| पूँजी तथा दायित्व | | | | |
| सेयर पूँजी | १०,२५,१६,४००।०० | १२,५०,१६,४००।०० | १०,२३,७८,७००।०० | ११,००,००,०००।०० |
| कोषहरु | | | | |
| क) जगेडा कोष | ५,०३,७१,९६३।८३ | ५,९८,०१,६७४।६३ | ५,९२,५५,९०५।३७ | ६,७५,०३,७५२।६४ |
| ख) अन्य कोषहरु | २,६५,७७,६८७।१५ | ३,४७,९८,४८४।१५ | २,०१,९२,११२।१७ | ३,४३,६३,७२१।७२ |
| ग) जोखिम बेहोर्ने कोष | १,४४,५३,६०२।९३ | १,४७,४३,३४५।४४ | २,५२,०३,६३३।४३ | १,७२,०३,६३३।४३ |
| पुँजीगत अनुदान | ०।०० | ०।०० | ०।०० | ५,००,०००।०० |
| बचत तथा निक्षेप | ६५,६८,५६,४६५।०० | ८१,०८,४०,४६५।०० | ६०,८४,२०,३२०।६४ | ६६,५२,३५,६८९।८३ |
| बाह्य ऋण तथा सापटी | १,८०,००,०००।०० | २,००,००,०००।०० | ३,६०,००,०००।०० | ०।०० |
| चालु दायित्व तथा व्यवस्था | ७९,००,८६३।८८ | ८७,३१,०१०।२५ | ५९,६९,६१७।३६ | ६२,६८,०९८।२३ |
| ब्याज (सस्पेन्स खाता) | ३८,५१,४०६।९४ | ४४,००,०००।०० | १,१४,५९,३५४।२७ | ५७,२९,६७७।१४ |
| कुल पूँजी तथा दायित्व | ८८,०५,२८,३८९।७३ | १,०७,८३,३१,३७९।४७ | ८६,८८,७९,६४३।२४ | ९०,६८,०४,५७२।९८ |
| सम्पत्ति | | | | |
| नगद मौज्दात | ५१,९५,७६५।६३ | ८२,०९,११७।४९ | ८६,९२,४२९।५१ | ८०,८३,९५९।४४ |
| बैंक मौज्दात (मुद्दती समेत) | १२,०५,४७,९०५।३१ | १५,४९,२४,०९९।०३ | १४,३४,५८,२४४।७२ | ११,८४,२३,९०१।०३ |
| कर्जा तथा सापट | ६८,०५,९२,४२४।०९ | ८४,३३,३४,५४३।९२ | ६२,७२,२२,७७८।१७ | ७०,९८,२९,१८५।७४ |
| स्थिर सम्पत्ति | ६,३४,१२,९६०।८३ | ५,५१,६२,४००।२४ | ६,५१,८१,००९।५५ | ५,७५,७३,८९८।५७ |
| गैर बैंकिङ्ग सम्पति | ०।०० | | २५,००,०००।०० | ०।०० |
| अन्य सम्पत्ति | ८६,४४,३३३।८० | ८६,६६,२१८।७९ | १,९६,५८,१८१।७९ | ९८,९३,६२८।२० |
| आर्थिक लगानी | २१,३५,०००।०० | ३०,३५,०००।०० | २१,६७,०००।०० | ३०,००,०००।०० |
| नयाँ परियोजना | ० | ५०००००० | ०।०० | ०।०० |
| कुल सम्पत्ति | ८८,०५,२८,३८९।७१ | १,०७,८३,३१,३७९।४७ | ८६,८८,७९,६४३।२४ | ९०,६८,०४,५७२।९८ |

## आ.व. २०८०/०८१ को अनुमाननित आय विवरण

| विवरण | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को अनुमानित | आ.व. ०७९/०८० को यथार्थ | आ.व. ०८०/०८१ को अनुमानित |
|---|---|---|---|---|
| आम्दानी | | | | |
| क) बहु व्यवसाय आम्दानी | ६,५००.०० | | ०.०० | २३,७३,०००.०० |
| ख) बहु व्यवसाय खर्च | -१,२२,५७५.०० | | ०.०० | २०,८०,२१९.७० |

| | | | | |
|---|---|---|---|---|
| कुल आम्दानी (बहु व्यवसाय कारोबार तर्फ) | -१,१६,०७५.०० | - | ०.०० | २,९२,७८०.३० |
| क) कर्जा तथा सापटबाट प्राप्त ब्याज | ९,२३,१७,२९२.६५ | १२,०८,४७,४०८.५६ | ९,८३,१०,६१०.२७ | १०,२९,५३,००१.२२ |
| ख) कर्जा तथा सापटबाट प्राप्त बिलम्ब शुल्क | ६३,५५,८७६.२५ | ५१,००,४९३.५२ | ४७,७२,७३७.७६ | ४५,००,०००.०० |
| ग) बैंक ब्याज | १,३४,५०,९४७.०६ | १,१५,२०,०००.०० | ८४,६८,६९१.८८ | ७६,२१,८२२.६९ |
| घ) विविध आम्दानी | ८०,२६,७१०.१० | ९७,४४,१२५.०० | ६१,१७,४३१.५० | ६७,३३,७८५.४२ |
| ङ) कर्जा अपलेखन फिर्ता आम्दानी | ०.०० | | २५,००,०००.०० | ०.०० |
| आम्दानी (बचत तथा ऋण कारोबार तर्फ) | १२,०१,५०,८२६.०६ | १४,७२,१२,०२७.०८ | १२,०१,६९,४७१.४१ | १२,१८,०८,६०९.३३ |
| खर्च | | | ०.०० | ०.०० |
| क) बचतमा ब्याज खर्च | ६,४२,०८,७९९.२८ | ७,७७,१४,५५२.४४ | ६,७९,०१,६१२.९५ | ६,५८,८९,३६०.८७ |
| ख) ब्याज छुट खर्च | २०,०९,०१२.४२ | १९,५१,७४४.२१ | १८,८८,३७६.२० | १९,६३,९११.२५ |
| ग) कर्जामा ब्याज खर्च | ३२,९४,७१३.४३ | ३१,००,०००.०० | ४,४०,३४२.४२ | ०.०० |
| घ) ऋण अपलेखन खर्च | | | ३१,०६,४८७.६८ | ०.०० |
| ङ) ह्रास खर्च | ४,२३,०११.५७ | १२,६१,०८६.६५ | ८,२९,९३९.५० | ७,८७,१११.०० |
| च) कर्मचारी खर्च | ७९,०३,२१३.२१ | १,००,४६,२९७.८४ | ९६,७३,१००.०४ | १,१७,३२,८५०.१९ |
| छ) क्षमता अभिबृद्धि खर्च | २,२१,०७३.५३ | ३,७०,०००.०० | ३,००,१९६.४५ | ९,९०,०००.०० |
| ज) कार्यक्रम खर्च | १८,८१,०३५.०८ | २९,४९,७५०.०० | २१,९७,०५७.६९ | २८,९८,६६०.०० |
| झ) समिति उपसमिति भत्ता एवम् अन्य खर्च | १४,८९,९२४.७१ | १८,३१,५००.०० | १०,६३,८२३.०० | १२,७८,०००.०० |
| ञ) अन्य प्रशासनिक खर्च | ३२,११,९२४.२० | ३३,६२,८००.०० | ३४,४३,३२७.६९ | ३९,९३,३१४.९८ |
| खर्च (बचत तथा ऋण कारो बार तर्फ):- | ८,४६,४२,७०७.४३ | १०,२५,८७,७३१.१४ | ९,०८,४४,२६३.६२ | ८,९५,३३,२०८.२८ |
| कुल आम्दानी (बचत तथा ऋण कारोबार तर्फ) | ३,५५,०८,११८.६३ | ४,४६,२४,२९५.९४ | २,९३,२५,२०७.७९ | ३,२२,७५,४०१.०५ |
| कर अघिको नाफा/नोक्सान | ३,५३,९२,०४३.६३ | ४,४६,२४,२९५.९४ | २,९३,२५,२०७.७९ | ३,२५,६८,१८१.३६ |
| कर्जा नोक्सानी व्यवस्था | १,९४,०७३.८२ | २,८९,७४२.५१ | १,०७,९६,८३१.०६ | (८०,००,०००.००) |
| सञ्चालन मुनाफा | ३,५१,९७,९६९.८१ | ४,४३,३४,५५३.४३ | १,८५,२८,३७६.७२ | ४,०५,६८,१८१.३६ |
| क) कर्मचारी बोनस ब्यवस्था | १७,५९,८९८.४९ | २२,१६,७२७.६७ | ९,२६,४१८.८४ | २०,२८,४०९.०७ |
| ख) आयकर ब्यवस्था यस आ.व. को | ३५,६२,९४२.९२ | ४२,११,७८२.५८ | २१,५९,७००.५६ | ३८,८१,३३९.८९ |

| | | | | |
|---|---|---|---|---|
| ग) आयकर गत आ.व. को | ०.०० | - | ०.०० | ०.०० |
| आयकर पछिको खुद नाफा । (नोक्सान) बांडफांड | २,९८,७५,१२८.४० | ३,७९,०६,०४३.१८ | १,५४,४२,२५७.३२ | ३,४६,५८,४३२.४० |
| जगेडा कोष | ७४,६८,७८२.१० | ९४,७६,५१०.८० | ३८,६०,५६४.३३ | ८६,६४,६०८.१० |
| सहकारी प्रवर्द्धन कोष | १,१२,०३१.७३ | १,४२,१४७.६६ | ५७,९०८.४६ | १,२९,९६९.१२ |
| संरक्षित पूंजी फिर्ता कोष | ५६,०१,५८६.५८ | ७१,०७,३८३.१० | २८,९५,४२३.२५ | ६४,९८,४५६.०७ |
| वितरण योग्य मुनाफाको बँडफांड | १,६६,९२,७२७.९९ | २,११,८०,००१.६२ | ८६,२८,३६१.२८ | १,९३,६५,३९९.१० |
| क) सेयर लाभांश कोष | १,२५,१९,५४६.०० | १,५८,८५,००१.२२ | ६४,७१,२७०.९६ | १,४५,२४,०४९.३३ |
| ख) संस्था बिकास कोष | ८,३४,६३६.४० | १०,५९,०००.०८ | ४,३१,४१८.०६ | ९,६८,२६९.९६ |
| ग) सहकारी शिक्षा कोष | ८,३४,६३६.४० | १०,५९,०००.०८ | ४,३१,४१८.०६ | ९,६८,२६९.९६ |
| घ) घाटापुर्ति कोष | ८,३४,६३६.४० | १०,५९,०००.०८ | ४,३१,४१८.०६ | ९,६८,२६९.९६ |
| ङ) सामुदायिक विकास कोष | ८,३४,६३६.४० | १०,५९,०००.०८ | ४,३१,४१८.०६ | ९,६८,२६९.९६ |
| च) अन्य जोखिम व्यवस्थापन कोष | ८,३४,६३६.४० | १०,५९,०००.०८ | ४,३१,४१८.०६ | ९,६८,२६९.९६ |

## आ.व. २०८०/०८१ को अनुमाननित अन्य आम्दानी

| क्र. सं. | विवरण | आ.व. ०७८/ ०७९ को यथार्थ | आ.व. ०७९/ ०८० को अनुमान | आ.व. ०७९/ ०८० को यथार्थ | आ.व. ०८०/ ०८१ को अनुमान |
|---|---|---|---|---|---|
| १ | सदस्यता शुल्क | १,४२,८००.०० | २,१५,०००.०० | ७५,९००.०० | १,२०,०००.०० |
| २ | पासबुक तथा भुक्तानी पूर्जा आय | २६,०५०.०० | ३०,०००.०० | २४,३५०.०० | २८,००२.५० |
| ३ | ऋण व्यवस्थापन शुल्क | ६४,४८,४९९.५२ | ७०,५७,१२५.०० | ४५,६९,७७३.०० | ५०,००,०००.०० |
| ४ | खाताबन्द शुल्क | १,१५,५४५.३१ | ३७,५००.०० | १,०८,९५०.६९ | १,२५,२९३.२९ |
| ५ | मोवाइल बैंकिङ्ग आय | ७९२०० | ७,५०,०००.०० | १,६१,५००.०० | ४,००,०००.०० |
| ६ | घरभाडा आय | १,५९,०००.०० | ४,५०,०००.०० | १,६०,०००.०० | २,५७,५००.०० |
| ७ | वार्षिकोत्सव कार्यक्रम आय | २७५०० | ३०,०००.०० | ७५,०००.०० | ०.०० |
| ८ | कर्मचारी आवेदन आय | ९५०० | ५,०००.०० | २२,१००.०० | २०,०००.०० |
| ९ | सामान बिक्री आय | १५०३७.२२ | - | ५,५४१.२९ | ४०,०००.०० |
| १० | कर्मचारी बिदा आय | ४,०५२.७८ | - | ०.०० | ०.०० |
| ११ | बिबिध आय | ३३,१७३.०६ | २५,०००.०० | १६,३०३.०६ | १८,७४८.५२ |
| १२ | बिप्रेषण सेवा आय | ४,४७,९२८.८६ | ६,००,०००.०० | ३,७५,१५०.५९ | ४,३१,४२३.१८ |
| १३ | बिद्युत महशुल भुक्तानी कमिसन आय | ९४,५७५.०० | १,००,०००.०० | ८६,६१५.०० | ९९,६०७.२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | वालेट तथा रिचार्ज कमिशन आय | १९,२०८.७४ | ३०,०००.०० | २०,१८३.२० | २३,२१०.६८ |
| १५ | लाभांश आय | ३,१३,१०७.५७ | १,७०,०००.०० | १,६८,१०६.३६ | १,२०,०००.०० |
| १६ | संरक्षित पूंजी फिर्ता कोष आय | ९१,५३२.०४ | २,४४,५००.०० | २,४७,९५८.३१ | ५०,०००.०० |
| | **जम्मा** | ८०,२६,७१०.१० | ९७,४४,१२५.०० | ६१,१७,४३१.५० | ६७,३३,७८५.४२ |

## आ.व. २०८०/०८१ को अनुमाननित कर्मचारी खर्च

| क्र.सं. | विवरण | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को अनुमान | आ.व. ०७९/०८० को यथार्थ | आ.व. ०८०/०८१ को अनुमान |
|---|---|---|---|---|---|
| १ | कर्मचारी तलब खर्च | ४७,८०,८९८.६२ | ५९,२८,०००.०० | ५८,७९,४४४.०५ | ६५,५२,०००.०० |
| २ | ग्रेड खर्च | ३,०९,३००.६९ | ३,५६,१०७.१३ | ३,१६,७५८.४४ | ३,४८,४३४.२८ |
| ३ | कर्मचारी संचय कोष खर्च | २,९५,८०१.६० | ४,७६,४००.०० | ३,७१,४५०.०० | १३,८०,०८६.८६ |
| ४ | दशैं भत्ता | ३,२०,३०८.०० | ४,४६,२०४.११ | ४,८९,७२६.७७ | ५,७५,०३६.१९ |
| ५ | बिदाको दिन कार्य बापत भत्ता | ६,६२,२३१.४७ | ७,१०,९४६.६० | ७,५९,६५०.०३ | ८,३५,६१५.०३ |
| ६ | कर्मचारी पोशाक खर्च | २,५६,०३५.०० | ३,४८,०००.०० | २,२६,९९०.०० | २,४९,६८९.०० |
| ७ | कर्मचारी मासिक भत्ता | १,५४,०००.०० | १,९८,०००.०० | १,८०,६८९.०७ | १,९८,७५७.९८ |
| ८ | टेलर भत्ता | ८५,८२५.०० | १,२६,०००.०० | ८८,४८५.०० | ९७,३३३.५० |
| ९ | कर्मचारी विशेष भत्ता | ८३,०००.०० | २,१६,०००.०० | २,१९,८००.०० | २,४१,७८०.०० |
| १० | कर्मचारी खाजा भत्ता | ५,००,१७२.५० | ७,९४,६४०.०० | ६,१५,१२०.०० | ६,७६,६३२.०० |
| ११ | कर्मचारी संचित बिदा खर्च | २,९४,८००.३३ | ३,६०,०००.०० | ४,५०,९६६.६८ | ४,९६,०६३.३५ |
| १२ | कर्मचरी मेस खर्च | ३४,९६०.०० | ३६,०००.०० | ३५,१७०.०० | ३८,६८७.०० |
| १३ | कर्मचारी सम्मान तथा पुरस्कार खर्च | १,२५,८८०.०० | ५०,०००.०० | ३८,८५०.०० | ४२,७३५.०० |
| | जम्मा | ७९,०३,२१३.२१ | १,००,४६,२९७.८४ | ९६,७३,१००.०४ | १,१७,३२,८५०.१९ |

## आ.व. २०८०/०८१ को अनुमाननित कार्यालय संचालन खर्च

| क्र.सं. | विवरण | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को अनुमान | आ.व. ०७९/०८० को यथार्थ | आ.व. ०८०/०८१ को अनुमान |
|---|---|---|---|---|---|
| १ | मसलन्द तथा सूचना सामाग्री छपाइ खर्च | १,३९,४४७.४५ | १,५०,०००.०० | ६५,७२३.६२ | १,०८,४४३.९७ |
| २ | बिद्युत महशुल खर्च | २,२६,६७८.०० | २,८८,०००.०० | २,५५,७८६.०० | २,८१,३६४.६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कार्यालय भाडा खर्च | ८,५२,२६७.८४ | ७,९३,८००.०० | ८,०५,५८८.७४ | ८,८६,१४७.६१ |
| ४ | सफ्टवेयर तथा सूचना प्रबिधि खर्च | ५,०१,५०२.९२ | २,००,०००.०० | ३,५०,३४९.९४ | ३,८५,३८४.९३ |
| ५ | खानेपानी खर्च | २४,९९०.९६ | ३०,०००.०० | ३०,६१८.६८ | ३३,६८०.५५ |
| ६ | टेलिफोन तथा सञ्चार खर्च | ९६,३२२.५८ | १,२०,०००.०० | १,०४,५९७.०० | १,१५,०५६.७० |
| ७ | मर्मत तथा सम्भार खर्च | ३,८३,०७३.३३ | ४,००,०००.०० | ३,०९,२१९.५७ | ३,४०,१४१.५३ |
| ८ | पत्रपत्रिका खर्च | १४,५००.०० | ४२,०००.०० | ११,२५०.०० | १२,३७५.०० |
| ९ | अतिथि सत्कार खर्च | | | - | ५०,०००.०० |
| १० | क्यालेन्डर छपाइ खर्च | ५४,९८५.८० | ५०,०००.०० | ५०,५६७.५० | ८०,०००.०० |
| ११ | इन्धन खर्च | ७३,२०५.०० | ८४,०००.०० | ७६,८९८.०५ | १,५०,०००.०० |
| १२ | सरसफाइ खर्च | ४६,३३५.०० | ६०,०००.०० | ५०,३५५.०० | ५५,३९०.५० |
| १३ | ढुवानी खर्च | ७,९९०.०० | १०,०००.०० | १६,९००.०० | १८,५९०.०० |
| १४ | इन्टरनेट तथा इन्ट्रानेट खर्च | १,२०,०००.०३ | १,६०,०००.०० | १,४४,८१७.०१ | १,९२,०००.०० |
| १५ | नविकरण खर्च | १२,८४५.०० | २५,०००.०० | १४,६२०.०० | १६,०८२.०० |
| १६ | एसएमएस रिचार्ज खर्च | ३०,०००.०० | १,९२,०००.०० | १,३०,०००.०० | १,४३,०००.०० |
| १७ | वेवसाइट निर्माण तथा नविकरण खर्च | ५८,७६०.०० | ६०,०००.०० | ०.०० | ७०,०००.०० |
| १८ | बिमा खर्च | - | २,००,०००.०० | २,११,४९०.८० | २,३२,६३९.८८ |
| १९ | बैंक क्लियरिङ्ग तथा चार्ज खर्च | ९,२२२.९८ | १०,०००.०० | ९,६२१.७८ | १०,५८३.९६ |
| २० | विज्ञापन तथा प्रवर्द्धन खर्च | ९४,२८५.२५ | ३,०००.०० | ५७,३००.०० | ६३,०३०.०० |
| २१ | आन्तरीक लेखापरीक्षण खर्च | १,००,९९४.९९ | १,००,०००.०० | ९९,९९९.९९ | १,०९,९९९.९९ |
| २२ | लेखापरीक्षण खर्च | ९०,४००.०० | १,००,०००.०० | ९४,९२०.०० | १,०४,४१२.०० |
| २३ | लेखापरीक्षण सम्बन्धित खर्च | - | - | ३,१५०.०० | १५,०००.०० |
| २४ | कार्यालय चिया नास्ता | ५७,८५५.०० | ६०,०००.०० | ६३,६३८.०० | ७०,०००.०० |
| २५ | मसलन्द खर्च | ९२,११०.०० | १,२५,०००.०० | १,६६,८३९.०० | १,८३,५२२.९० |
| २६ | कर्जा अनुगमन तथा असुली ताकेता खर्च | - | - | ५१,३३५.३२ | ५६,४६८.८५ |
| २७ | अन्य कर खर्च | ४,७१३.०६ | - | ६,६०८.०० | १०,०००.०० |
| २८ | मोवाइल बैंकिङ्ग खर्च | - | - | १६,२५८.७१ | २५,०००.०० |
| २९ | विविध खर्च | १,१९,४३९.०१ | १,००,०००.०० | १,८१,७००.०० | १,००,०००.०० |
| ३० | धितो लिलामी खर्च | - | - | ६३,१७४.९८ | ७५,०००.०० |
| | जम्मा | ३२,११,९२४.२० | ३३,६२,८००.०० | ३४,४३,३२७.६९ | ३९,९३,३१४.९८ |

## आ.व. २०८०/०८१ को अनुमाननित कार्यक्रम खर्च

| क्र. सं. | विवरण | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को अनुमान | आ.व. ०७९/०८० को यथार्थ | आ.व. ०८०/०८१ को अनुमान |
|---|---|---|---|---|---|
| १ | वार्षिक साधारण सभा खर्च | १४,२४,१७८.७६ | २१,३८,७५०.०० | १८,७३,६५६.६० | २१,८३,६६०.०० |
| २ | स्थापना दिवस, वार्षिकोत्सव कार्यक्रम खर्च | २,०५,९२५.०० | २,००,०००.०० | ८२,६२२.७२ | १,५०,०००.०० |
| ३ | लक्ष्मी पूजा खर्च | ९,५८०.०० | ११,०००.०० | १६,७५०.०० | २०,०००.०० |
| ४ | अन्य कार्यक्रम खर्च | ८४,७१०.०० | २,६०,०००.०० | ५४,०६५.०० | ४०,०००.०० |
| ५ | समवेदना खर्च | १,७५०.०० | १०,०००.०० | ८,०४५.०० | १५,०००.०० |
| ६ | सामाजिक क्रियाकलाप खर्च | १०,०००.०० | ६०,०००.०० | १५,०००.०० | २०,०००.०० |
| ७ | सेवाकेन्द्र उद्घाटन खर्च | ०.०० | ०.०० | ५८,६९३.८० | ०.०० |
| ८ | कौशीखेती तालिम खर्च | ०.०० | ०.०० | ११,५११.४७ | ०.०० |
| ९ | शुभकामना आदान प्रदान कार्यक्रम खर्च | ०.०० | ३०,०००.०० | ८,३३०.०० | ३०,०००.०० |
| १० | फाल्गुपूर्णिमा कार्यक्रम खर्च | ०.०० | ०.०० | ३१,४७७.०० | ०.०० |
| ११ | महिला साक्षरता कार्यक्रम खर्च | ०.०० | ०.०० | ४,३८०.०० | ०.०० |
| १२ | सदस्य अन्तरक्रिया कार्यक्रम खर्च | ०.०० | ०.०० | ३२,५२६.१० | ४०,०००.०० |
| १३ | सदस्य अवलोकन भ्रमण कार्यक्रम | १,४४,८९१.३२ | २,४०,०००.०० | ०.०० | ४,००,०००.०० |
| | जम्मा | १८,८१,०३५.०८ | २९,४९,७५०.०० | २१,९७,०५७.६९ | २८,९८,६६०.०० |

## आ. व. २०८०/०८१ को लागि कोषबाट आयोजना हुने कार्यक्रमको अनुमानित खर्च विवरण

| तालिम तथा कार्यक्रमको नाम | कार्यक्रम संख्या | सहभागी संख्या | खर्च दर | अनुमानित खर्च | प्रयोग गरिने कोष |
|---|---|---|---|---|---|
| बित्तिय साक्षरता | ५ | ३५ | ४०० | ७०,०००.०० | सहकारी शिक्षा कोष |
| सहकारी शिक्षा नयाँ सदस्य | आवश्यकता अनुसार | सबै नयाँ सदस्य | १०० | १,२०,०००.०० | सहकारी शिक्षा कोष |
| ऋण शिक्षा | ४ | २५ | ४०० | ४०,०००.०० | सहकारी शिक्षा कोष |
| महिला साक्षरता | २ | १०० | ३०० | ६०,०००.०० | सहकारी शिक्षा कोष |
| स्वास्थ्य/दन्त शिबिर | १ | | ४५००० | २०,०००.०० | सामुदायिक विकास कोष |
| वातावरण लक्षित कार्यक्रम | १ | | ५०००० | ५०,०००.०० | सामदायिक विकास कोष |

| | | | | | |
|---|---|---|---|---|---|
| राहात वितरण | १ | | ७५००० | ७५,०००.०० | सामुदायिक विकास कोष |
| बाल भेला तथा विद्यार्थी लक्षित कार्यक्रम | १ | | २५००० | २५,०००.०० | सामुदायिक विकास कोष |
| जेष्ठ नागरिक विशेष कार्यक्रम | १ | | २५००० | २५,०००.०० | सामुदायिक विकास कोष |
| | | | जम्मा | ५,१०,०००.०० | |

## आ.व. २०८०/०८१ को अनुमानित पुँजीगत खर्च

| क.सं. | पुँजीगत खर्च | रकम |
|---|---|---|
| १ | कार्यालय स्तरोन्नति | २,५०,०००.०० |
| २ | फर्निचर तथा फर्निसिङ्ग | १,५०,०००.०० |
| ३ | कार्यालय उपकरण (कम्प्युटर, फोटोकपी, सिसि टिभि आदि) | १,५०,०००.०० |
| ४ | विद्युतिय उपकरण (इन्भटर, व्याट्रि, ए.सी. आदि) | २,३५,०००.०० |
| ५ | बहु व्यवसाय जन्य सम्पति | ३,००,०००.०० |
| ६ | अन्य सम्पति (भान्सा सामाग्री आदि) | २०,०००.०० |
| ७ | सफ्ट्वेयर अध्यावधिक | ७५,०००.०० |
| | जम्मा | ११,८०,०००.०० |

आदरणीय सेयर सदस्यज्यूहरु, सामान्यतया बजेट तयार गर्दा निम्न विषयलाई आधार मानिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछुं ।

- संस्थाको सञ्चालक समितिद्वारा प्रस्तुत नीति तथा कार्यक्रम ।
- संस्थाद्वारा तयार पारिएको ४ वार्षीय व्यावसायिक रणनीति योजना ।
- सेयर सदस्य संख्या, सेयर, बचत तथा ऋण कारोबारमा बृद्धिदर ।
- संस्थाको सञ्चालन तथा प्रशासनिक आम्दानी तथा खर्चहरु।
- संस्थाद्वारा स्थीर सम्पत्तिहरुको खरिद तथा बिक्री ।
- कर्मचारी तलब सुविधामा बृद्धि ।
- व्याजदरहरुमा हुने परिवर्तन ।
- संस्थाले आयोजना गर्ने विभिन्न प्रकारका कार्यक्रमहरु ।
- विगतका वर्षहरुको तुलनात्मक अध्ययन ।
- संस्थाको विनियम, बचत तथा ऋण नीति, सहकारी विभागवाट जारी हुने
- निर्देशिकाहरुको आधारमा छुट्ट्याउनु पर्ने विभिन्न कोषका रकमहरु ।
- विविध

*आदरणीय सेयर सदस्य महानुभावज्यूहरु,*

सेयर सदस्यहरुको आशा अनुरूप यस संस्थाले हरेक वर्ष लाभांश वितरण गर्दै आइरहेको छ । यस वर्ष पनि सहकारी ऐन नियम मित्र रही सेयर सदस्यहरुलाई तिहार एवं छठ पर्वमा आर्थिक राहत होस् भनी २० औं सधारण सभाले अनुमोदन गर्ने गरी संचालक समितिले ७ प्रतिशत लाभांस वितरण गर्ने निर्णय गरी अग्रीम रूपमा सेयर सदस्यहरुको खातामा जम्मा गरिएको जानकारी गराउदछौं । त्यसैगरी संस्थामा बचत तथा ऋणको ब्याजको आधारमा सहकारी नियमावलीको अधिनमा रही संरक्षित पुँजी फिर्ता कोष समेत वितरण गरिने जानकारी गराउदछुं । त्यसैगरी बहुउद्देश्यीय प्रकृतिको संस्था भएको नाताले यस संस्थाले अन्य नयाँ परियोजना समेत सञ्चालन गर्ने लक्ष्यका साथ अगाडि बढेको छ। जसको लागि एक कार्यदल गठन गरी सोही अनुसार परियोजना सञ्चालन गरिनेछ ।

संस्थाको विकास तथा सेयर सदस्यको हितका लागि सोच बनाउने संस्थापकज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दै संस्थाका सामाजिक तथा आर्थिक क्रियाकलापमा आत्मविश्वासका साथ निरन्तर रूपमा संलग्न रहनु हुने सेयर सदस्यहरुप्रति कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै संस्थाको आर्थिक गतिविधि निरिक्षण गरी सल्लाह र सुझावहरु प्रदान गर्नुहुने लेखा समिति प्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी संस्थाको लेखा परीक्षण, प्रचलित नियम कानुन अनुसार गरी लेखा परीक्षण प्रतिवेदन तयार गरी दिनुभएकोमा लेखापरीक्षक श्री सुजित कोइरालाज्यूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस संस्थालाई समय समयमा सुझाव तथा मार्ग दर्शन प्रदान गर्नुहुने सहकारीका संघहरु तथा नियामक निकायहरुप्रति विशेष आभारी छु। साथै सम्पूर्ण कर्मचारीहरु जसले यस संस्थामा अहोरात्र खटिई संस्थालाई आजको अवस्था सम्म ल्याइपुऱ्याउन योगदान गर्नुभयो उहाँहरु सम्पूर्णप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, संस्थाको आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, आ.व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट एवम् अन्य प्रतिवेदनहरु अध्ययन गरी महत्वपूर्ण सुझाव सहित अनुमोदन गरिदिनु हुनेछ भन्ने अपेक्ष गर्दै विदा हुन्छु ।

धन्यवाद । जय हंस । जय सहकारी ।

**प्रमोद कुमार श्रेष्ठ**
(कोषाध्यक्ष)

संस्थाबाट लिएको कर्जाको किस्ता र व्याज
तोकिएको समयमा भुक्तानी गरी व्याजमा
५ प्रतिशतसम्म छुट प्राप्त गर्नुहोस् ।

# २० औं वार्षिक साधारण सभामा प्रस्तुत लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन



**गोविन्दप्रसाद पौडेल**
संयोजक

संस्थाका अध्यक्ष तथा २० औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा समिति सदस्यज्यूहरु, ऋण उप-समिति, शिक्षा उप-समिति, महिला उप-समिति, पदपूर्ति उप-समिति तथा अन्य विभिन्न उप-समितिहरुका संयोजक एवं सदस्यज्यूहरु, सेयर सदस्य महानुभावज्यूहरु, विभिन्न संचार माध्यमका पत्रकारज्यूहरु तथा यस संस्थामा कार्यरत कर्मचारी परिवार र संस्थाप्रति समभाव राख्ने सम्पूर्ण शुभचिन्तकज्यूहरु, संस्थाले २० औं साधारण सभा आयोजना गरेकोमा सञ्चालक समिति तथा सम्पूर्ण सेयर सदस्यहरुमा हार्दिक वधाई तथा धन्यवाद् दिंदै लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्त गौरवान्वित भएका छौं ।

सहकारी प्रजातान्त्रिक मूल्य मान्यता र सिद्धान्तमा चल्ने संस्था भएकोले निष्पक्षता, पारदर्शिता र जवाफदेहिता यसका आधारभूत तत्वहरु हुन् । प्रजातन्त्रका आधारभूत तत्वहरुलाई आत्मसात गर्ने सर्न्दभमा सहकारी संघ संस्थाको कारोवार तथा हर हिसावमा विश्वासनीयता र पारदर्शिता रहनु पर्दछ। यस परिप्रेक्षमा सहकारीमा आन्तरिक लेखापरीक्षण एक अपरिहार्य महत्वपूर्ण अंगको रूपमा क्रियाशिल रहेको हुन्छ। सामूहिक हक हित सुनिश्चित गर्न, सम्पति जायजेथा नगद कोष तथा अन्य पूँजिगत श्रोत साधन र सर सामानहरुको सुरक्षा र सदुपयोगको लागि आन्तरिक लेखपरीक्षण ज्यादै उपयोगी र महत्वपूर्ण औजार हुन सक्दछ। आन्तरिक लेखापरीक्षणको माध्यमबाट संस्थाको जिम्वेवार व्यक्ति वा समूहबाट भएका त्रुटि, गलत निर्णय, असावधानी, र अनुत्तरदायी कार्य समयमा नै पत्ता लगाउने र सो कार्य गर्ने गराउने व्यक्तिको ध्यान आकृष्ट गर्न र ठुलो नोक्सानी हुन बाट रोक्न तथा गल्ती सुधार गर्न सकिन्छ। सहकारी संस्था संचालन तथा व्यवस्थापनमा मुख्य जिम्मेवारी प्राप्त गरेका संचालकहरुले संस्था ठिक ढंगले सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी बिभागबाट जारी निर्देशिकाहरु, संस्थाको आफ्नै विनियम, संस्थाका आन्तरिक नीति तथा कार्यविधिहरु, साधारणसभाको निर्णय, रणनीतिक योजना, वार्षिक योजनाहरु अनुरूप संचालन गरे नगरेको, सहकारीको व्यवस्थापन प्रभावकारी ढंगले गरे नगरेको विषयमा निरन्तर अनुगमन गर्न साधारण सभाले निर्माण गर्ने ज्यादै महत्वपूर्ण समिति सहकारी संस्थाहरुको लेखा तथा सुपरिवेक्षण समिति हो । यस आ.व.मा हामीले चौमासीक रूपमा आ.ले.प. गरी प्रतिवेदन प्रस्तुत गरी सकेका छौं, आशा छ सो अनुसार सुधारका कार्यहरु सम्पन्न भएका छन् ।

नीति नियमहरु निर्माण र कार्यान्वयन, ऋण लगानी र समयमा असुलीको अभ्यास, समुदायप्रतिको समर्पण तथा सामाजिक कृयाकलाप सम्पादन गर्दै सेयर सदस्यहरुलाई वित्तीय तथा गैरवित्तीय सेवामार्फत सन्तुष्ट पार्ने संस्थाको परिकल्पना अनुसार समर्पित हुदै गरेको परिदृश्य हामी सबैले महशुस गरेकै छौं । हंस सहकारीले सदस्य सेवालाई अझ बढि परिस्कृत बनाउंदै डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी सदस्य सेवालाई अझ सरल, सभ्य र परिस्कृत बनाउँदै लैजाने कुरामा हामी विश्वस्त छौं ।

आदरणीय सेयर सदस्यज्यूहरु, हंस सहकारीले सेवालाई समुदायभरी फैलाउने अभिप्रायका साथ अन्य सहकारीसंग एकिकरण, समन्वय र सहकार्यको अवधारणा अन्तर्गत कार्य गरीरहेको छ । मन मिल्ने संस्थाहरुसंग सहकार्यका लागि हंस सहकारी संधै मित्रताको भाव राखिरहने कुरा यहाँहरु सबैमा जानकारी गराउन चाहन्छु । हामी समुदायलाई प्राथमिकतामा राखी हाम्रा सेवाहरुलाई सोहि रूपमा पस्किन संधै तत्पर रहने छौं । त्यसका लागि नविनतम् प्रविधिको उपयोग र सिद्धान्तहरुको भरपुर प्रयोग हुनेकुरामा हाम्रा संचालक तथा ब्यबस्थापनका साथीहरु संधै तत्पर रहनेकुरा हामी बिश्वास दिलाउन चाहन्छौं । हामी अझै फैलिन चाहन्छौं, त्यसका लागि हामी सधै प्रयत्नसील रहने छौं । सदस्यहरुलाई आवश्यक पर्ने सेवा र स्थानको पहिचान गरी हंस सहकारीका सेवाकेन्द्रहरु बढाउने कुरामा हंस सहकारीका सारथीहरु सधै लागिरहने छन् ।

आदरणीय सेयर सदस्यज्यूहरु, सहकारी ऐन तथा नियमावलीसंग सम्बन्धित र ऐनले लेखा समितिलाई दिएको जिम्मेवारी बमोजिमका विवरणहरु प्रस्तुत गर्न चाहन्छु ।

(सहकारी ऐन २०७४ को दफा ४९ (१) संग सम्बन्धित)

लेखा समितिको वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगानाः हंस बहुउद्देश्यीय सहकारी संस्था लि., भरतपुर-१, शहीदचोक, चितवन

**१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्थाः**

गत वर्ष यस संस्थाको १९ औं साधारण सभा २०७९ मंसिर १८-२१ गते सम्पन्न भएको थियो । १९ औं साधारण सभाले मुख्य १४ वटा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो । त्यस मध्ये अधिकांश कार्यक्रमहरु कार्यान्वयन भएको पाइयो । यस आ.व.मा कार्यान्वयन पूरा हुन बाँकी रहेका निर्णयहरु साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छौं ।

- २०७९/०८० मा ६ हजार ३५ जना सदस्य पुऱ्याउने लक्ष्य लिएकोमा ४ हजार ६ सय २७ मात्र पुगेको ।
- यस आ. वर्षमा १२ करोड ५० लाख १६ हजार ४ सय सेयर पुँजी पुऱ्याउने लक्ष्य लिएकोमा १० करोड २३ लाख ७८ हजार ७ सय मात्र पुगेको ।
- यस आ. वर्षमा ८१ करोड ८ लाख ४० हजार बचत पुऱ्याउने लक्ष्य लिएकोमा ६० करोड ८४ लाख २० हजार ३ सय २० मात्र पुगेको ।

- यस आ. वर्षमा ८४ करोड ३३ लाख ३४ हजार ऋण पुऱ्याउने लक्ष्य लिएकोमा ६२ करोड ७२ लाख २२ हजार ७ सय ७८ मात्र पुगेको ।
- यस आ. वर्षमा १ अर्ब ७ करोड ८३ लाख ३१ हजार कूल सम्पत्ति पुऱ्याउने लक्ष्य लिएकोमा ८६ करोड ८८ लाख ७९ हजार ६ सय ४३ मात्र पुगेको ।

**२. आ.व. २०७९/०८० मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था:**

यस वर्ष २०७९ मंसिर २१ देखि २०८० कार्तिक २१ गते सम्म संचालक समितिको १७ वटा बैठक बसी विभिन्न निर्णयहरु गरेको पाइयो जुन निर्णयहरु प्राय जसो कार्यान्वयनमा आएको पाइयो । त्यसै गरी लेखा तथा सुपरिवेक्षण समितिको वैठक ८ वटा, ऋण उपसमितिको वैठक १२ वटा, शिक्षा उपसमिति ७ वटा, पदपूर्ति उपसमिति ६ वटा, नीतिविधि उपसमिति ३ वटा, महिला परिचालन उपसमिति ३ वटा, बचत बृद्धि उपसमिति १ वटा, जेष्ठ नागरिक उपसमिति २ वटा, युवा, संस्कृति, स्वास्थ्य, सञ्चार तथा वातावरण उपसमिति २ वटा, विजयनगर सेवाकेन्द्र व्यवस्थापन उपसमिति ६ वटा, टाँडी सेवाकेन्द्र व्यवस्थापन उपसमिति ७ वटा, जीतपुर सेवाकेन्द्र व्यवस्थापन उपसमिति ५ वटा, समिति र उपसमिति संयुक्त वैठक ३ वटा तथा अन्य विभिन्न उप-समितिहरुको बैठक पनि नियमित बसी आवश्यकता अनुसारका निर्णयहरु गरेको र सो निर्णयहरुको कार्यान्वयन गरेको पाइयो ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था:**

ऋण वापतको अचल सम्पती धितो राखी ऋण लगानी गर्दा धितो मुल्याङ्कन समितिद्धारा ऋण व्यवस्थापन नीति अनुसार धितो मूल्याङ्कन गर्ने, धितो रोक्का गर्ने, व्यवस्थापन तथा ऋण उप समितिबाट अधिकार क्षेत्र भित्रको रकमको स्वीकृति र सिफारिस गर्ने र संचालक समितिबाट अनुमोदन तथा स्वीकृत गर्ने गरिएको छ। रू १० लाख भन्दा माथिको ऋणको धितो मूल्याङ्कन संस्थागत मूल्याङ्कनकर्ताद्धारा गराउने प्राबधान अनुसार कार्यान्वयन भएको छ। पूँजीकोषको १० प्रतिशत भन्दा बढी एक सेयर सदस्यलाई कर्जा दिएको छैन ।

**४. नियमनकारी निकायबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण:**

संस्थाको कारोवार तथा नीतिगत निर्णयको मुख्य आधार सहकारी ऐन २०७४, नियमावली २०७५ एवं विभागबाट जारी भएका निर्देशनहरु रहेका छन् । उल्लेखित निर्देशनहरुको परिधिभित्र रहि संचालक समितिले निर्णय गर्दै आफ्ना त्रियाकलापहरु संचालन गर्ने गरेको छ ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु:**

नियमनकारी निकायले यस संस्थाको स्थलगत अनुगमन भ्रमण तथा पत्राचार गरि दिइएका निर्देशन तथा सुझावहरु यस संस्थाले पालना तथा ग्रहण गरेको पाइयो ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण:**

संस्थाका सञ्चालक समिति पदाधिकारीहरु, लेखा समिति सदस्यहरु, ऋण उप-समिति, शिक्षाउप-

समिति, महिलाउप-समिति, पदपूर्ति उप-समिति तथा अन्य उप समितिका पदाधिकारीहरुलाई बैठक बसेको दिनको भत्ता तथा मासिक रूपमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा ऋण संयोजकलाई यातायात तथा संचार भत्ता र आ.ले.प. भत्ता लेखा समितिले लिने बाहेक अन्य सुविधा दिने गरेको पाइएन ।

**७. कर्मचारी प्रशासन सम्बन्धीव्यवस्थाहरू:**

७.१ संचालक समितिले तर्जुमा गरी साधारण सभाबाट पारित मानव संसाधन व्यवस्थापन नीति छ।

७.२ कर्मचारी प्रशासन सम्बन्धी मानव संसाधन व्यवस्थापन नीति प्रयोगमा ल्याइएको छ।

७.३ कर्मचारी भर्ना प्रक्रिया पारदर्शीता र प्रतिस्पर्धी भएको पाइएको छ।

७.४ संस्थामा कार्यरत कर्मचारीहरु र कार्य वोझ बीच तादम्य रहेको पाइएको छ।

७.५ संस्थाको व्यवस्थापन प्रमुखको योग्यता र क्षमता नेपाल सरकारको निर्धारित मापदण्ड बमोजिम कायम गरिएको छ।

७.६ संस्थामा जम्मा कार्यरत कर्मचारी संख्या २६ जना रहेको छ।

७.६.१ करार : ६ जना

७.६.२ अस्थायी : ६ जना

७.६.३ स्थायी : १४ जना

**८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयन गर्ने प्रयास गरेको पाइयो ।**

**९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू:**

आर्थिक वर्ष २०७९/२०८० मा आम्दानीका विभिन्न शिर्षकहरुमा रू १४,७२,१२,०२७/०८ प्रस्ताव गरेकोमा रू १२,०१,६९,४७१/४१ आम्दानी भई रू २,७०,४२,५५५/६७ प्रस्तावित भन्दा कम आम्दानी भएको पाईयो। त्यसै गरि खर्चका विभिन्न शिर्षकहरुमा रू १०,२५,८७,७३१/१४ अनुमान गरेकोमा रू ९,०८,४४,२६३/६२ खर्च भई रू १,१७,४३,४६७/५२ अनुमान गरेको भन्दा कम खर्च भएको पाइयो।

**१०. लेखा समितिको सुझावहरू:**

- विभिन्न समयमा लेखा सुपरिवेक्षण समितिले दिएका सुझावहरुलाई संचालक समिति तथा व्यवस्थापन पक्षले गम्भिर रूपमा लिई दिएका सुझावहरु पूर्ण रूपमा पालना गरेमा संस्था संस्थगत रूपमा चल्ने तथा आकस्मिक दुर्घटना नहुने कुरा जानकारी गराउँदछौं। त्यसैले संस्थालाई भविष्यमा हुन सक्ने दुर्घटनाबाट बच्नका लागि गत वर्ष साधारण सभा तथा आ.ले.प.का सन्दर्भमा दिइएका सुझावहरु पूर्ण रूपमा पालना गर्नु गराउनु हुन सुझाव छ।
- संस्थाले सदस्य सेवालाई अझ बढि परिस्कृत बनाउंदै डिजीटल प्रविधिको माध्यमबाट सेवा दिने र नगदरहित, भुक्तानिपुर्जारहित र कम कागज प्रयोग गरी सेवाका लागि सदस्यहरुलाई डिजीटल सचेतना कार्यक्रमका लागि अनुरोधका साथ सुझाव गर्दछौं। वित्तीय प्रविधि साक्षरता तालिमको लागि

तालिम पुस्तिका बनाई निर्दिष्ट लक्षित समुहलाई निर्दिष्ट पाठ्यक्रम अनुसार तालिम संचालन गर्नु हुन सुझाव छ ।

- संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई संस्था तथा सदस्यप्रतिको उत्तरदायित्व अझ बढि बोध गराउनु हुन सुझाव छ ।
- उत्पादन क्षेत्रको कृषिमा लगाानीका अवसरहरुको खोजि गरी बृद्धि गराउनुहुन र घरजग्गामा भएको लगानीलाई निरूत्साह गरी घटाउनुहुन सुझाव छ । कृषि पेशालाई मर्यादित व्यवसायिकीकरण र आधुनिकीकरण गरी आकर्षक बनाउन र अधिक सदस्यलाई व्यावसायिक कृषि, कृषिजन्य उद्योग र गैर कृषि उत्पादनशील क्षेत्रमा लगानी बढाऊन जरूरी छ। त्यसको लागि कृषक अभिमुखीकरण तथा कृषि जन्य तालिम कार्यक्रमको आयोजना गरी कृषक सदस्य र समुदायका अन्य कृषकलाई समेत सहभागी गराई लगानी र बजारीकरणको समेत अध्ययन गरी लगानीमा बृद्धि गर्न सुभाव छ।
- भाका नाघेका ऋणहरुलाई नीति अनुरूप ताकेता गरी समयमै ऋणको सावाँ व्याज असुली गर्नुहुन सुझाव गर्दछौ ।
- संस्था नीति र विधिले चल्छ भन्ने भावनालाई सशक्त बनाउँदै संस्थाका हरेक निर्णयहरु नीति र विधिका आधारमा गर्नु गराउनुहुन सुझाव छ। नीति र विधिले पहिल्याउन नसकेमा नीति र विधिमानै सुधार गरी नीति र विधि भित्र ल्याउनुहुन सुझाव छ ।
- संस्थाका सेवाहरुको सन्दर्भमा बजारीकरणका बिभिन्न माध्यमबाट समुदायमा जान सुझाव छ ।
- २ वर्ष भन्दा अगाडी गरिएको ऋण लगानीको धितोको अवस्था के कस्तो रहेको छ र हालको मूल्याङ्कनको अवस्था के कस्तो रहेको छ सो को पुनर्मूल्याङ्कन गर्नु गराउनु हुन सुझाव छ ।

अन्त्यमा, यस संस्थाको बृहत्तर हितको लागि क्रियाशिल सञ्चालकज्यूहरु, विभिन्न समिति तथा उप-समितिहरु, सेयर सदस्यज्यूहरु, व्यवस्थापन समुह लगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

धन्यवाद । जय सहकारी ।

| संयोजक : | सदस्य : | सदस्य : |
|---|---|---|
| श्री गोविन्द प्रसाद पौडेल | श्री गोविन्द सुवेदी | श्री कृष्णहरि तिमिल्सेना |

**हरेक महिना आफूले तोकेको नियमित मासिक बचत जम्मा गरौं ।**

# सहकारी सिद्धान्त

**क. अन्तर्राष्ट्रियसहकारीमहासंघद्वारापारीत सहकारीका सात सिद्धान्तहरू:**

१. स्वेच्छिक तथा खुला सदस्यता ।

२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण ।

३. सदस्यहरूको आर्थिक सहभागिता ।

४. स्वायत्तता तथा स्वतन्त्रता ।

५. शिक्षा, तालिम र सूचना ।

६. सहकारीहरुबीच सहयोग ।

७. समुदाय प्रति चासो ।

**ख. विश्व ऋण परिषद(WOCCU) द्वारा प्रतिपादित ९ वटा सिद्धान्तहरू:**

१. प्रजातान्त्रिक संरचनाः

१.१ खुल्ला र स्वेच्छिक सदस्यता,

१.२ प्रजातान्त्रिक नियन्त्रण

१.३ समानता

२. सदस्यलाई सेवाः

२.१ सदस्यलाई सेवा,

२.२ सदस्यहरुलाई लाभांस वितरण

२.३ आर्थिक स्थायित्व

३. सामाजिक उद्देश्यहरूः

३.१ अनवरत शिक्षा

३.२ सहकारीबिच सहयोग

३.३ सामाजिक दायित्व

## सदस्य हुनको लागि आवश्यक कागजातहरु

- नागरिकताको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो ४ प्रति
- हकवालाको फोटो तथा परिचय पत्रको प्रतिलिपि १/१ प्रति
- १ जना सेयर सदस्यको सिफारिस
- प्रवेश शुल्क रु. १००।-
- न्यूनतम सेयर १ कित्ता रू. १००।- (अधिकतम ३,००० कित्ता)
- भवन निर्माण कोष रू. १००।-
- मासिक अनिवार्य बचत न्यूनतम रू. ३००।- वा आफूले तोके बमोजिम
- (चितवन बाहिरको नागरिकताको हकमा चितवनमा बसोबास गरेको प्रमाण खुल्ने कागजात समेत पेश गर्नु पर्नेछ ।)

## कर्जा आवेदनको लागि आवश्यक कागजातहरु :

- नागरिकताको प्रतिलिपी - १
- पासपोर्ट साइजको फोटो - २
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपी
- ब्लु प्रिन्ट नक्सा - १
- कम्प्युटर नक्सा - १
- चार किल्ला प्रमाणित भएको सिफारिस पत्र
- तिरो तिरेको रसिद
- आयश्रोत खुल्ने कागजात
- धन जमानी बस्ने एकाधरको एक जनाको नागरिकताको प्रतिलिपी र पासपोर्ट साइजको फोटो
- धन जमानी बस्ने एकजना पुरानो सेयर सदस्यको नागरिकताको प्रतिलिपी र फोटो
- कर्जाको प्रकृति अनुसार संस्थाले मागेका अन्य आवश्यक कागजातहरू

# २० औं वार्षिक साधारण सभामा प्रस्तुत ऋण उप-समितिको प्रतिवेदन



**बाबुराम अधिकारी**

संयोजक

यस हंस बहुउद्देश्यीय सहकारी संस्था लि. को २० औं वार्षिक साधारण सभाका सभाध्यक्ष तथा संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा समिति संयोजक एवं सदस्यज्यूहरु अन्य उप समितिहरुका संयोजक एवं सदस्यज्यूहरु, सेवाकेन्द्र व्यवस्थापन उप समितिका संयोजक एवं सदस्यज्यूहरु, पत्रकार मित्रहरु, उपस्थित सेयर सदस्य महानुभावहरु र कर्मचारी परिवारमा ऋण उप समिति संयोजकको तर्फबाट सादर नमस्कार ।

कुनै पनि सहकारी संस्थाको मेरूदण्ड भनेको पर्याप्त सदस्य संख्या, सोही अनुसारको सेयर पूँजी र बलियो पूँजीकोष हुनु हो भने वित्तिय संस्थाको वित्तिय अवस्थाको उन्नति एवंम् प्रगतिको आधारशीलता ऋण लगानी तथा ऋण असूलीको प्रभावकारी व्यवस्थापन नै महत्वपूर्ण हो । हाम्रो समाजमा पनि ऋण लगानी र असूलीलाई एक अर्काको परिपूरकको रूपमा लिने गरिन्छ । यस उपसमितिले आफ्नो कार्य क्षेत्रभित्र रही प्राप्त जिम्मेवारी अनुसार अत्यन्तै पारदर्शी ढंगबाट कर्जा लगानीका कार्यहरु व्यवस्थित गर्दै आइरहेको छ । ऋण नीतिले तोकिएको परिधिभित्र रहेर सदस्यहरुको वित्तिय समस्याहरुलाई यथासक्य छिटो, छरितो र सहजरूपमा समाधान गर्न यस ऋण उप-समिति सदैव यहाँहरुको सेवामा कार्यरत रहेको जानकारी गराउन चाहन्छौं ।

संस्थामा बढ्दो सदस्य संख्या र बढ्दो वित्तिय कारोवारका माझ प्रभावकारी र सुरक्षित कर्जा लगानी एवं असूली र त्यसको व्यवस्थापन गर्नु पर्ने यस ऋण उप-समितिको जिम्मेबारी निकै चुनौतीपूर्ण छ । तथापि आफ्नो जिम्मेवारी भित्र रहेर काम गर्दा सदस्यहरुलाई अधिकतम सन्तुष्ट बनाउने हाम्रो प्रयास हुँदाहुँदै पनि सहकारी ऐन, नियमावली, संस्थाको विनियम र कर्जा नीतिको परिधि भित्र रहेर काम गर्नु हाम्रो बाध्यता हो । सदस्यहरुलाई छिटो छरितो सेवा प्रदान गर्न चितवन जिल्लामा ४ वटा कार्यालय (प्रधान कार्यालय नारायणगढ, सेवाकेन्द्रहरु : सौराहचोक टाँडी, भरतपुर-१६ विजयनगर र भरतपुर-२८ जीतपुर) मार्फत सदस्यहरुलाई सेवा प्रदान गर्दै आइरहेको साथै आगामी दिनमा सेवालाई अझ विस्तार गर्दै लैजाने संस्थाको योजना रहेको कुरा समेत यस सम्मानित साधारण सभा समक्ष जानकारी गराउदछौं ।

*आदरणीय सेयर सदस्य महानुभावहरु,*

यस संस्थाको ऋण उप-समितिको तर्फबाट आ.व. ०७९/०८० मा भएका ऋण सम्बन्धि गतिविधिहरु

यस साधारण सभा समक्ष छोटकरीमा प्रस्तुत गर्दछौं ।

## कर्जा लगानी तथा असूली

- संस्थाले वार्षिक कार्यक्रम तयार गर्दा कुन-कुन शीर्षकमा के कति कर्जा लगानी गर्ने भन्ने तय गरेको हुन्छ र सोही अनुरूप सदस्यहरुको आवश्यकता अनुसार कर्जा प्रवाह भएकाले कर्जाको सही सदुपयोग र सदस्यको आर्थिक उन्नति भएको हामीमा अनुभव रहेको छ । यस आ.व.को अवधिमा सेयर सदस्यहरुको कर्जा मागलाई मध्यनजर गदै ऋण उप-समितिको १२ वटा बैठकबाट धितो मूल्याङ्कन गरी ऋण स्वीकृत तथा सिफारिस गरिएको छ ।
- आ.व. ०७८/०७९ को अन्त्यमा लगानीमा रहिरहेको कर्जा रू. ६८ करोड ५ लाख ९२ हजार ४ सय २४ रूपैंया ९ पैसा भएकोमा आ.व. २०७९/०८० मा संस्थाको कुल ऋण अघिल्लो वर्षको आषाढ मसान्तको तुलनामा ७.८४ प्रतिशतले कमी भई रू. ६२ करोड ७२ लाख २२ हजार ७ सय ७८ रूपैंया १७ पैसा पुगेको छ । जुन अघिल्लो बर्षको यसै अवधिमा १३.४९ प्रतिशतले बढेको थियो ।
- आ.व. २०७९/८० को आषाढ मसान्त सम्मको तथ्यांकमा संस्थाको निक्षेप वृद्धिको तुलनामा कर्जा तर्फको वृद्धिदर उल्लेख्य भएता पनि पछिल्लो समय वित्तिय बजारमा बढ्दो तरलता अभावका कारण बजार ब्याजदरमा वृद्धि भई संस्थाले निर्धारण गरेको बचत तथा कर्जाको ब्याजदर उकालो लागिरहेको अवस्थाले गर्दा बचतकर्ता सदस्यहरुलाई केहि लाभ महसूस भएता पनि ऋण लिने सदस्यहरुको ऋण भुक्तानी गर्ने क्षमतामा ह्रास आउन सक्ने हाम्रो विश्लेषण रहेको छ ।
- आ.व. २०७९/८० को आषाढ मसान्तमा संस्थाको कर्जा निक्षेप अनुपात १०३.०९ प्रतिशत कायम हुन पुगेको छ जुन अघिल्लो आषाढ मसान्तमा १०३.६१ प्रतिशत रहेको थियो । त्यसैगरी खुद कर्जा कुल सम्पती अनुपात ७२.१९ प्रतिशत रहेको छ ।
- संस्थाले कर्जा तथा लगानीबाट व्याज आम्दानी बापत रू. ९ कारोड ८३ लाख १० हजार ६ सय १० रूपैयाँ २७ पैसा र विलम्ब शुल्क बापत ४७ लाख ७२ हजार ७ सय ३७ रूपैयाँ ७६ पैसा प्राप्त गरेको थियो । त्यसैगरी नियमित रूपमा किस्ता व्याज तिर्ने ऋणीहरुले व्याज छुट बापत रू. १८ लाख ५१ हजार ७ सय ४४ रूपैयाँ २१ पैसा प्राप्त गरेका थिए ।
- संस्थाले व्याज आम्दानीलाई नगद प्राप्तिको आधारमामात्र लेखांकन गर्ने गरेको र कर्जामा पाकेको व्याज लाई लिनुपर्ने ब्याजमा लेखांकन गर्ने गरेकोमा उक्त पाउनु पर्ने व्याज रकम आ.ब. २०७९/८० को आषाढ मसान्तमा कुल कर्जाको १.४३ प्रतिशत अर्थात रू. ८९ लाख ७३ हजार २ सय २४ रूपैंयाँ ६१ पैसा कायम हुन पुगेको छ । जुन अघिल्लो आषाढ मसान्तमा ०.५६ प्रतिशत अर्थात रू. ३८ लाख ५१ हजार ४ सय ६ रूपैंयाँ ९४ पैसा रहेको थियो । संस्थाले भाका नाघेका र तिर्न बाँकी ब्याज धेरै भएका ऋणीहरुलाई कानूनी प्रक्रियाबाट कर्जा असूली गर्न आवश्यक कदम अघि बढाएको व्यहोरा अवगत गराउदछुँ ।

## ऋण लगानी तथा असुली सम्बन्धी विस्तृत विवरण :

रु. हजारमा

| क्र. सं. | कर्जाको प्रकार | २०७९ असार मसान्त | यस वर्षको लगानी | यस वर्षको असुली | २०८० असार मसान्त | ऋणीको संख्या | ऋणको अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि कर्जा | ५,३७६ | ७०० | २,४४६ | ३,६३० | ५ | ०.५८% |
| २ | व्यवसायीक कर्जा | २,०६,५३३ | ६९,२२० | ८५,८३७ | १,८९,९१६ | ८६ | ३०.२८% |
| ३ | शैक्षिक कर्जा | १,७३८ | १,३७५ | ११०७.५८ | २,००६ | ३ | ०.३२% |
| ४ | बैदेशिक रोजगार कर्जा | १६,१३९ | ६,४०० | ५,५०६ | १७,०३३ | १६ | २.७२% |
| ५ | हायर पर्चेज कर्जा | १,५७१ | १३० | ९८२ | ७१९ | ८ | ०.११% |
| ६ | घर निर्माण कर्जा | १५,६९४ | ११,८०० | ४,९२४ | २२,५७१ | १२ | ३.६०% |
| ७ | जग्गा खरिद कर्जा | ५२,२५९ | २,८५० | २०,५२५ | ३४,५८४ | ३२ | ५.५१% |
| ८ | व्यक्तिगत कर्जा | ४८,८४१ | १४,३०० | २४,०४२ | ३९,१०० | ९४ | ६.२३% |
| ९ | अल्पकालिन कर्जा | २,९३,०६१ | २,५८,७५० | २,८६,८३६ | २,६४,९७५ | ४७ | ४२.२५% |
| १० | बजार कर्जा | ७,६२३ | ४५,५६० | ३८,३८७ | १४,७९६ | ५५ | २.३६% |
| ११ | आवधिक निक्षेप धितो कर्जा | २४,८४६ | २४,५१३ | १७,९६३ | ३१,३९६ | ३० | ५.०१% |
| १२ | निक्षेप धितो कर्जा | ८६३ | २,३६८ | १,२९५ | १,९३६ | २७ | ०.३१% |
| १३ | कोभिड १९ राहत कर्जा | १९९ | ० | ८१ | ११८ | १ | ०.०२% |
| १४ | कर्मचारी कर्जा | २,१४७ | ० | ४६४ | १,६८३ | ४ | ०.२७% |
| १५ | बैदेशिक शिक्षा कर्जा | ३,५९३ | ० | ९५७ | २,६३६ | ४ | ०.४२% |
| १६ | कर्मचारी राहत कर्जा | १०८ | २०० | १८४ | १२५ | २ | ०.०२% |
| | **कुल जम्मा** | ६,८०,५९२ | ४,३८,१६६ | ४,९१,५३५ | ६,२७,२२३ | ४२६ | १००.००% |

## सेवाकेन्द्र अनुसार कर्जा लगानी तथा असुली:

रु. हजारमा

| कार्यालय | २०७९ असार मसान्तको बाँकी | यस वर्ष लगानी | यस वर्षको असुली | २०८० असार मसान्तको बाँकी | ऋणी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|
| प्रधान कायाल्य | ५,३७,८२५ | ३,७९,९०२ | ४,०६,०८६ | ५,११,६४० | २३५ | ८१.५७% |
| टाँडी सेवाकेन्द्र | ३१,३९५ | २७,१३४ | २९,७२३ | २८,८०७ | ६९ | ४.५९% |
| विजयनगर सेवाकेन्द्र | १,११,३७२ | २९,३८० | ५५,०९० | ८५,६६२ | ११६ | १३.६६% |
| जीतपुर सेवाकेन्द्र | ० | १,७५० | ६३६ | १,११४ | ६ | ०.१८% |
| कुल जम्मा | ६,८०,५९२ | ४,३८,१६६ | ४,९१,५३५ | ६,२७,२२३ | ४२६ | १००% |

*आदरणीय सेयर सदस्य महानुभावज्यूहरु,*

यस उपसमितिले कर्जा लगानीका निर्णय तथा सिफारिस गर्नु पूर्व धितो निरिक्षण र मूल्याङ्कनको कार्य गर्ने गर्दछ । संस्थामा मौज्दात नीति नियमका आधारमा धितो मूल्याङ्कन र कर्जा लगानीलाई निम्नानुसार व्यवस्थापन गरिएको छ ।

## धितो मूल्याङ्कन:

सेयर सदस्यहरुको कर्जा मागको आधारमा रू ९९९,९९९।- सम्मको धितो मूल्याङ्कन यसै समितिले धितो निरिक्षण गरी गर्ने गर्दछ भने १० लाख भन्दा माथिको धितो मूल्याङ्कन गर्दा हुने निरिक्षणमा ऋण उप-समिति र संस्थागत धितो मूल्याङ्कन कर्ता (कन्सल्टेन्सी) बाट निरिक्षण गरी कन्सल्टेन्सीको धितो मूल्याङ्कन प्रतिवेदनका आधारमा लगानीको निर्णय वा संचालक समितिमा सिफारिस गर्ने कार्य गर्दै आइएको छ।

## कर्जा लगानी सिमा:

सेयर सदस्यहरुको कर्जा मागका आधारमा रू १५ लाख सम्म कर्जा ऋण उप-समितिबाट निर्णय गरी कर्जा लगानी हुने गरेको र १५ लाख भन्दा माथि प्राथमिक पूँजी कोषको १० प्रतिशत नबढ्ने गरी कर्जा मागको निवेदनमा ऋण उप-समितिले सिफारिस गर्ने र संचालक समितिबाट कर्जा लगानीको लागि निर्णय भए पछि मात्र कर्जा लगानी हुने गरेको यस साधारण सभामा जानकारी गराउदछौं।

## कर्जाको लागि आवश्यक योग्यता तथा कागजातहरू:

- संस्थाको सदस्यता लिएको ३ महिना अवधि पुरा भई नियमित मासिक बचत जम्मा गरेको।
- ऋण मागको लागि ऋणको सदुपयोगिताको विवरण सहितको निवेदन पेश गर्नु पर्ने।
- नेपाली नागरिकताको प्रतिलिपि।
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति
- एकाघरको परिवारको बालिग सदस्यहरुको नागरिकताको प्रतिलिपि र १ प्रति फोटो
- घरजग्गाको सक्कल नक्शा १ प्रति
- चालु आ. व. मा एकिकृत सम्पत्ति कर/मालपोत तिरेको रसिद
- लालपुर्जाको सक्कल प्रति
- चार किल्ला प्रमाणित सक्कल पत्र
- धितो मूल्याङ्कन विवरण (रू. १० लाख भन्दा माथि Valuator बाट तयार गर्नुपर्ने)
- परियोजना प्रस्तावको विस्तृत विवरण तथा आम्दानीको स्रोत खुलाउने कागजातहरु
- व्यक्तिगत धन जमानत दिनेको फोटो तथा नागरिकताको फोटोकपि
- मालपोत कार्यालयवाट दृष्टिबन्धक सहितको रोक्का पत्र
- ऋणको प्रकृति अनुसार आवश्यक परेमा संस्थाले मागेका थप कागजातहरु

## कर्जा लगानी योजना

| क्र. सं. | कर्जा शिर्षक | व्याज दर (घट्दो दरमा) | कर्जाको अवधि (अधिकतम) | भूक्तानी तरिका |
|---|---|---|---|---|
| १ | कृषि कर्जा | १३.५० | ५ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| २ | व्यापारिक कर्जा | १५.५० | ५ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| ३ | शैक्षिक कर्जा (वैदेशिक अध्ययन कर्जा) | १५.५० | ५ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |

| | | | | |
|---|---|---|---|---|
| ४ | वैदेशिक रोजगारी कर्जा | १५.५० | ५ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| ५ | हायर प्रचेज कर्जा | १५.५० | १८ महिना | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| ६ | हाउजिङ कर्जा | १५.५० | ५ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| ७ | घर जग्गा खरिद कर्जा | १५.५० | ५ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| ८ | व्यक्तिगत कर्जा | १५.५० | ५ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| ९ | छोटो अवधि कर्जा | १५.५० | १ वर्ष | व्याज: मासिक, किस्ता: ऐच्छिक |
| १० | कर्मचारी कर्जा (संस्थाका कर्मचारीहरूको लागि मात्र) | १३.०० | ७ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| ११ | बजार कर्जा (मार्केट लोन), बिना धितो | १५.५० | ६ महिना | व्याज: दैनिक, किस्ता: दैनिक |
| १२ | सामुहिक जमानी कर्जा | १५.५० | १ वर्ष | व्याज: मासिक, किस्ता: मासिक/त्रैमासिक |
| १३ | आवधिक बचत रसिद/मासिक बचत/अन्य बचत धितो कर्जा | प्राप्त हुने व्याजदरमा थप २% तथा | आवधिक बचतको अन्तिम समय सिमा | ब्याज त्रैमासिक |

आदरणीय सेयर सदस्य महानुभावहरु, हामीले ऋण लगानी गर्ने सिमा र प्रक्रिया लाई सहकारी विभागबाट जारी मापदण्ड बमोजिम नै गर्न प्रतिवद्ध भएकै कारण सहकारीका नियामक निकायबाट अनुगमन गर्दा समेत उक्त विषयमा सकारात्मक प्रतिक्रिया प्राप्त गर्न सफल भएका छौं । तपाई सेयर सदस्यहरुले आफ्नो कमाई सञ्चित रकम र व्यवसायको कारोवार मार्फत बचत गरेको रकम नै तपाई सेयर सदस्यहरुले प्राप्त गर्ने कर्जा हुने हुँदा आफ्नो व्यक्तिगत, व्यवसायिक र विभिन्न प्रयोजनको लागि कर्जा लिनुभएका सदस्य महानुभावहरुले नियमित रूपमा समयमा नै किस्ता र व्याज वुझाई अतिरिक्त व्याज तथा हर्जनाबाट बची असल ऋणीको नमूना प्रस्तुत गरिदिनु हुन पनि अनुरोध गर्दछौं ।

अन्त्यमा, यस ऋण उप-समितिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने संस्थाका अध्यक्षज्यू, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु, अन्य सवै उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका प्रबन्धक तथा कार्यरत कर्मचारी साथीहरु संस्थाका सेयर सदस्यहरु लगायत सम्पूर्ण शुभचिन्तकहरुमा धन्यबाद दिदै विदा हुन्छु ।

धन्यवाद । जय हंस । जय सहकारी ।

| | | |
|---|---|---|
| **बाबुराम अधिकारी** | **प्रमोद कुमार श्रेष्ठ** | **षडानन्द लामिछाने** |
| संयोजक ऋण उप-समिति | सदस्य ऋण उप-समिति | सदस्य ऋण उप-समिति |

# २० औं वार्षिक साधारण सभामा प्रस्तुत शिक्षा उप-समितिको प्रतिवेदन



**देशबन्धु अधिकारी**
संयोजक

*"सम्पूर्ण सदस्यहरुसंगको सहकार्यता
हंस सहकारी संस्थाको उद्देश्य र प्रतिबद्धता"*

यस साधारण सभाका अध्यक्ष तथा संचालक समितिका अध्यक्ष दिनेश कुमार चुकेज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, संचालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा तथा सुपेरीवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, संस्थाका प्रबन्धकज्यू, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, सम्पूर्ण सेयर सदस्यज्यूहरू, कर्मचारी वर्ग, उपस्थित सञ्चारकर्मी तथा पत्रकार साथीहरु, सबैमा शिक्षा उपसमितिको तर्फबाट हार्दिक अभिवादन !

यस संस्थाको १९ औं वार्षिक साधारण सभाबाट सर्वसम्मत रूपले निर्वाचित संचालक समितिको मिति २०७९/१०/२४ को बैठकले सहकारीको विनियम अनुसार संस्थाका विभिन्न क्षेत्रको कार्यलाई व्यवस्थित ढंगबाट अगाडि बढाउने उद्देश्यलाई साकार बनाउन मनोनित गरिएका धेरै उपसमितिहरु मध्येको एक शिक्षा उपसमिति गठन गरी यो जिम्मोवारी दिने संचालक समितिलाई हार्दिक आभार व्यक्त गर्दछौं । प्राप्त जिम्मेवारीलाई इमान्दारिपूर्वक पूरा गर्न यो उपसमिति प्रतिवद्ध रहेको छ र रहिरहने छ भन्ने कुरामा विश्वस्त रहन यहाँहरु सबैमा हार्दिक अपिल गर्दछौं ।

*आदरणीय अध्यक्षज्यू एवम् सहभागी सम्पूर्ण मित्रहरु,*

संचालक समितिको मातहतमा रहेर संस्थाको नीति तथा कार्यविधिलाई अवलम्वन गरी निर्दिष्ट काम, कर्तव्य र अधिकारलाई लोकप्रिय ढंगबाट अगाडि बढाउनु तथा सम्पन्न गर्नु यस उपसमितिको मूल कर्तव्य हो । यसका साथै हाल सहकारीप्रति फैलाइएका गलत भ्रमहरुलाई निवारण गर्ने सहयोग गर्ने, एकाध सहकारी संस्थाका कमजोर पक्षहरुलाई देखाएर सबै सहकारी उस्तै हुन् भन्ने गलत दृष्टिकोणलाई निरूत्साहित गर्ने, सहकारी संस्थाको लोकप्रियतालाई जनताको माझमा पुऱ्याउने जस्ता कामहरुमा पनि यो उपसमिति अध्ययनशील र कर्मशील बन्नेछ भन्ने कुराको पनि प्रतिवद्धता जाहेर गर्दछौं । यस उपसमितिको काम कर्तव्य र जिम्मोवारीलाई स्पष्ट पार्न बुँदागत रूपमा प्रस्तुत गर्दछौं ।

- ❖ सहकारीको अवधारणा, मूल्य मान्यता र सिद्धान्तको सम्बन्धमा सदस्यलाई जानकारी दिनका लागि सहकारी सम्बन्धी तालिम अन्तरक्रिया र सेमिनारको आयोजना गर्ने ।
- ❖ संस्थाका सदस्य र गैर सदस्यका वीचको भेदको बारेमा सदस्यहरुलाई जानकारी गराउन, प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

- ❖ कार्यक्षेत्रका नयाँ व्यक्तिहरुलाई सदस्य बनाउन प्रयन्तशील रहने ।
- ❖ यस उपसमितिले गरेका काम र त्यसको प्रभावलाई समेटी लिखित प्रतिवेदन तयार गरी कार्य समितिमा पेश गर्ने ।
- ❖ आवश्यकता अनुसार सबै उपसमिति एवं सदस्यहरुको वीचमा सहकार्य र अन्तरसम्बन्ध वढाउन विशेष कार्यक्रमको व्यवस्था मिलाउने ।

माथि उल्लेखित काम र कर्तव्यलाई व्यवहारमा उर्तान यस उपसमितिले गठन भएको १० महिनाभित्र निम्न अनुसारका कामहरु गरेको कुरा जानकारीको लागि बुँदागत रूपमा पेश गरेका छौं ।

- ❖ यस उपसमितिले यस अवधिभित्र ७ वटा वैठक बसेको छ ।
- ❖ २०८० साल जेठ २८ गते इच्छाकामना अवस्थित रा.मा.वि हात्तिवाङलाई सन्दर्भ सामग्रीको रूपमा मा.वि. स्तरका विद्यार्थीहरुलाई लक्षित गरी राम्रो संख्यामा पुस्तक वितरण भयो । उक्त कार्यक्रम संस्थाको प्रधान कार्यालयमा संस्थाका अध्यक्ष लगायत कार्य समितिका सदस्यहरु र उक्त विद्यालयको प्रचार्यको सहभागितामा सम्पन्न भएको थियो ।
- ❖ मिति २०८० साल श्रावण २८ गते जीतपुर सेवाकेन्द्रका ५८ जना सदस्यलाई सहकारी शिक्षा र मोवाइल बैकिङ्ग एप्स सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । लेखा तथा सुपरीवेक्षण समितिका संयोजक गोविन्द प्रसाद पौड्याल र संस्थाका प्रबन्धक नारायण प्रसाद सापकोटाले प्रशिक्षण दिनु भएको थियो । यसै कार्यक्रमको अवसरमा त्यस क्षेत्रका केही विद्यालयलाई शैक्षिक सामग्री स्वरूप केही पुस्तक वितरण गर्न सेवाकेन्द्रलाई जिम्मा दिइयो ।
- ❖ मिति २०८०/०४/१९ मा बसेको उपसमितिको वैठकको निर्णय अनुसार अन्तर्राष्ट्रिय साक्षरता दिवस २०२३ को अवसरमा "शिक्षाः विकासको मूल आधार" भन्ने शीर्षकमा चितवन जिल्ला स्तरीय अन्तर मा. वि. निवन्ध लेखन प्रतियोगिता गराइयो । यस प्रतियोगितामा ३९ विद्यालयबाट ३८ जना छात्रा र ३६ जना छात्र गरी ७४ जनाले भाग लिएका थिए । निबन्ध परीक्षण गर्ने २ जनाको मूल्याकंनको आधारमा प्रथम, द्वितीय, तृतीय र चतुर्थ स्थान प्राप्त गर्ने विद्यार्थीलाई नगद पुरस्कार सहित प्रमाण पत्र प्रदान गरियो । सहभागी अन्य ७० जना विद्यार्थीलाई सहभागिताको प्रमाण पत्र वितरण भयो । पुरस्कार वितरण कार्यक्रम भव्य रूपमा संस्थाका अध्यक्ष दिनेश कुमार चुकेको अध्यक्षतामा प्रधान कार्यालयको सभा हलमा सम्पन्न भयो ।
- ❖ सहकारी संस्थाको आवश्यकता र महत्वलाई जनसमक्ष पुऱ्याउने र सेयर सदस्यलाई संस्थाले पुऱ्याएको सेवा सुविधा सम्बन्धमा उनीहरुको अनुभव र जिज्ञाशलाई समेटी संस्थालाई अझ प्रभावकारी बनाउने उद्देश्यले सेयर सदस्यसंग लिखित रूपमा राय संकलन गर्ने काम अगाडि बढाउने योजना तयार भएको छ ।

*सम्पूर्ण महानुभावहरु,*

कार्य समितिको निर्णय र निर्देशन अगाडी आ.व. २०८०/०८१ का लागि यस उपसमितिले निम्न

अनुसारका कामहरु गर्ने योजना बनाएको कुरा जानकारी गराउदै सवैको सहयोगको अपेक्षा गरेको छौं ।

- सहकारी शिक्षा तथा मोवाइल बैकिङ्ग एप्स सम्बन्धी प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने
- सदस्यता विस्तार तथा सहकारी सचेतनाको कार्यक्रमको अभियान चलाउने
- नेतृत्व विकास सम्बन्धी कार्यक्रम गर्ने
- कर्मचारीको कार्य दक्षताको विकासको लागि तालिम संचालन गर्ने
- शैक्षिक संस्था तथा विद्यार्थी वीच संस्थाको परिचय पुऱ्याउन विभिन्न खालका शैक्षिक कार्यक्रमहरु संचालन गर्ने
- प्रधान कार्यालय एवं सेवाकेन्द्रमा सहकारी पुस्तकालयको व्यवस्थापन गर्ने

*श्रीमान् अध्यक्षज्यू,* समय, प्राकृतिक वातावरण सरकारको अर्थनीति र अन्य केही कारणले गर्दा यस उपसमितिले यस अवधिभित्र गर्न पर्ने केही कामहरु बाँकी नै रहेता पनि आगामी दिनहरुमा पूरा गर्ने प्रतिवद्धता जाहेर गर्दछौं । यस अवधिमा जे जति र जस्ता कार्यक्रमहरु भए त्यसको समिक्षा यहाँहरुबाट भएकौ छ र हुने नै छ। यहाँहरुको राय र सल्लाहको अपेक्षालाई निरन्तरता दिदैं हामीलाई काम गर्ने हौसला र अवसर दिने कुरामा विश्वस्त हुँदै यहाँहरुले यस उपसमितिलाई पुऱ्याएको सहयोगका लागि हार्दिक आभार र धन्यवाद अर्पण गर्दछौं ।

जय सहकारी संस्था, जय सहकारी अभियन्ता


देशबन्धु अधिकारी
संयोजक


नेत्रबन्धु पोखरेल
सदस्य


विदुर के.सी.
सदस्य

## हंसका सेयर सदस्यहरूलाई सेवामा छुटको व्यवस्था

- नारायणी सामुदायिक अस्पताल, पुष्पाञ्जली अस्पताल र चितवन हिमाल डेण्टल प्रा.लि.मा हाम्रा सेयर सदस्यहरुलाई स्वास्थ्य सेवा तथा ल्याव परीक्षणका लागि विशेष छुट सुविधाको व्यवस्था मिलाइएको छ ।
- होटल गंगोत्री प्रा.लि.र होटल गंगोत्री हाइवे प्रा.लि. बाट रेष्टुरेण्टमा १५% प्रतिशत तथा कोठा भाडामा समेत छुटको व्यवस्था ।
- भेटघाट रेष्टुरेण्ट मा १० प्रतिशत छुटको व्यवस्था ।
- सक्रिय वेवी संसार, चमेली विग बजारमा १५% छुटको व्यवस्था ।
- राम मिष्ठान भण्डारमा १० प्रतिशत छुटको व्यवस्था ।
- जेम्सवर्ड फनपार्कमा विशेष छुटको व्यवस्था ।

# २० औं वार्षिक साधारण सभामा प्रस्तुत पदपूर्ति उप–समितिको प्रतिवेदन



**प्रा.डा. होमनाथ सापकोटा**
संयोजक

यस हंस बहुउद्देश्यीय सहकारी संस्था लि. को २० औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, आमन्त्रित अतिथि महानुभावहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा समिति संयोजक एवं सदस्यज्यूहरु, पदपूर्ति उपसमितिका सदस्यज्यूहरु, अन्य उपसमितिहरुका संयोजक एवं सदस्यज्यूहरु, सेवाकेन्द्र व्यवस्थापन उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, पत्रकार मित्रहरु, उपस्थित सेयर सदस्य महानुभावहरु र कर्मचारी परिवार यहाँहरु सबैमा पदपूर्ति उपसमिति तथा मेरो व्यक्तिगत तर्फबाट सादर अभिवादन ।

यस हंस बहुउद्देश्यीय सहकारी संस्थाले तीन सदस्यीय पदपूर्ति उपसमितिको व्यवस्था गरेको छ। यस उपसमितिको मुख्य काम स्वीकृत दरबन्दीअन्तर्गत संस्थालाई आवश्यक र उपयुक्त जनशक्ति छनोट गरी नियुक्तिका लागि संचालक समितिमा सिफारिस गर्नु हो। यसअनुरुप निश्चित प्रक्रिया र मापदण्ड पूरा गरी संस्थालाई आवश्यक जनशक्ति छनोट गर्दै आइरहेको कुरा यहाँहरु सबैलाई अवगत नै छ। साथै कार्य सम्पादन मूल्याङ्कनका आधारमा अस्थायी, स्थायी, ग्रेड थप, बढुवा र पुरस्कारका लागि सिफारिस गर्ने काम समेत हुँदै आएको छ।

संस्थाको आवश्यकता अनुरुप निश्चित तह र दरबन्दीहरु निर्धारित छन्। तिनै तह र दरबन्दीहरुमा शुरूमा नियुक्त भइसकेपछि उपल्ला तहहरु रिक्त हुन आएमा कार्य सम्पादन मूल्याङ्कन तथा निश्चित योग्यता र क्षमताका आधारमा बढुवा गर्ने काम पनि वेलाबखत हुदै आएको छ। संस्थाको आर्थिक अवस्थाअनुसार बेलाबखत तलब समायोजन र सेवासुविधा वृद्धिका निम्ति समेत सिफारिस गरिएको छ। हाम्रा कर्मचारीहरुको लगनशीलता सराहनीय छ। तथापि अपेक्षित प्रतिफल प्राप्त हुन नसकिरहेको अनुभव पनि हामीसँग छ। यिनै सिलसिलामा अघिल्ला वर्षहरुझैं यस अवधिमा यस उप समितिअन्तर्गत भए गरेका कामको विवरण निम्न अनुसार रहेको अवगत गराउन चाहन्छौं।

*सेयर सदस्य महानुभावहरु,*

मिति २०७९ फागुन १५ गते तीन सदस्यीय पदपूर्ति उपसमितिको गठन भए पश्चात् यस अवधिमा मानव संसाधन व्यवस्थापन, मूल्याङ्कन, पदोन्नति तथा पदपूर्तिका सम्बन्धमा यस उपसमितिका विभिन्न बैठकहरु सम्पन्न भएका छन्। रिक्त हुन आएका र थप आवश्यक पदहरुको पूर्तिका निम्ति खुला विज्ञापन, लिखित, मौखिक र प्रयोगात्मक परीक्षाका माध्यमबाट छनोट भएका उम्मेदवारहरुलाई नियुक्तिका निम्ति

संचालक समितिमा सिफारिस गरिएको छ। कार्य सम्पादन मूल्याङ्कनका आधारमा आन्तरिक बढुवा र पुरस्कारका निम्ति समेत सिफारिस गरिएको छ।

*सेयर सदस्य महानुभावहरु,*

- यस अवधिमा सर्वप्रथम पदपूर्ति उपसमितिको जिम्मेवारीका निम्ति संचालक समितिप्रति धन्यवाद ज्ञापन गरिनुका साथै संस्थाका निम्ति आवश्यक सहायक तह र बजार प्रतिनिधि पदका निम्ति विज्ञापनद्वारा आवेदन आ्वान गर्न संचालक समितिमा सिफारिस गरिएको छ।
- रत्ननगर शाखाका निम्ति लिइएको बजार प्रतिनिधि पदको परीक्षामा सफल उम्मेदवार रिस्मा महतो र वैकल्पिक उम्मेदवार रीता सार्कीको नाम संचालक समितिमा सिफारिस गरिएको छ।
- निश्चित लक्ष्य (टार्गेट) लाई मापदण्ड बनाई सो आधारमा नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न संचालक समितिमा सुझाव प्रस्तुत गरिएको छ।
- विजयनगर शाखामा सहायक तहमा कार्यरत रेनु कार्कीलाई कामप्रतिको अनुशासन, लगनशीलता, नियमितता, इमानदारिता र कार्यकुशलताका आधारमा निजलाई वरिष्ठ सहायक तहमा पदोन्नति गर्न सिफारिस गरिएको छ।
- प्रधान कार्यलयमा वरिष्ठ सहायकमा कार्यरत प्रकाश पौडेललाई निजको कार्यक्षमता, संस्थाको आवश्यकताका आधारमा २०८० जेठ १ गते देखि लागू हुने गरी सोही पदमा स्थायी गर्न सिफारिस गरिएको छ।
- जीतपुर र विजयनगर शाखाका निम्ति आवश्यक जनशक्ति आपूर्तिको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।
- विजयनगर शाखाका निम्ति सहायक र बजार प्रतिनिधि पदको परक्षिामा उत्तीर्ण एवं सफल उम्मेदवार क्रमशः ज्योति अधिकारी र गीता खनालको नाम सिफारिस गरिएको छ।
- जीतपुर शाखाका निम्ति बजार प्रतिनिधि पदको परीक्षमा सफल उम्मेदवार लक्ष्मी थनेत र वैकल्पिक उम्मेदवार मनिषा घर्ति मगरको नाम सिफारिस गरिएको छ।
- स्वमूल्याङ्कन र सुपरीवेक्षकको मापदण्ड एवं अङ्कभार निर्धारण गरी सो आधारमा कर्मचारीको मूल्याङ्कन गर्ने परिपाटी बसाइएको छ।
- कर्मचारीहरको भविष्यको सुरक्षाका निम्ति सामाजिक सुरक्षाकोषमा आबद्ध गराउन उपयुक्त देखिएकोले सो व्यवस्थाका लागि संचालक समितिमा सिफारिस गरिएको छ।
- कर्मचारीहरुको काम र पेशागत हित तथा तिनका समस्याहरुको स्थलगत अध्ययन-मूल्याङ्कनका निम्ति शाखाहरुमा अनुगमन र छलफलको प्रक्रियालाई अगाडि बढाइएको छ।

हाल संस्थामा १४ जना स्थायी, ६ जना अस्थायी र ६ जना करार गरी २६ जना कर्मचारी कार्यरत रहेका छन् निजहरुको दरबन्दीको अवस्था निम्न अनुसार रहेको छ।

| कर्मचारीको पद | संख्या |
|---|---|
| ब्यबस्थापक | १ |
| वरिष्ठ अधिकृत | १ |
| सहायक अधिकृत | १ |
| वरिष्ठ सहायक | ३ |
| सहायक | ५ |
| कनिष्ठ सहायक | ६ |
| बजार प्रतिनिधि | ४ |
| कार्यालय सहयोगी | १ |
| सुरक्षा गार्ड | ४ |
| जम्मा | २६ |

आदरणीय सेयर सदस्य महानुभावहरु,

संस्थालाई थप व्यवस्थित गर्दै लैजाने जिम्मेवारी तपाई हामी सबैको हो। यसर्थ कर्मचारी व्यवस्थापनका क्षेत्रमा रहेका कमी कमजोरीहरु औंल्याई संस्थाको समुन्नति र हितका लागि हामीलाई बेलाबखत सल्लाह सुझावहरु प्रदान गरी सहयोग गर्नुहुन समेत अनुरोध गर्दछौं ।

धन्यवाद, जय सहकारी ।

**प्रा. डा. होमनाथ सापकोटा**
**संयोजक**
**पदपूर्ति उप समिति**

**जगन्नाथ न्यौपाने**
**सदस्य**
**पदपूर्ति उप समिति**

**ओम प्रसाद लामिछाने**
**सदस्य**
**पदपूर्ति उप समिति**

3rd Floor, Signature II, Sahid Sukramarg, Teku, Kathmandu, Nepal
PAN : 617266657

L.A. & ASSOCIATES
Chartered Accountants

## हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयर सदस्यहरुलाई

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### १. राय

हामीले यसै साथ संलग्न **श्री हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** ("संस्था") को मिति २०८० आषाढ ३१ को वित्तीय स्थिति विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९।८० सालको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाडँफाड, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नीतिहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, संलग्न वित्तीय विवरण तथा सहकारीको लेखा नीति र लेखासम्बन्धि टिप्पणी अध्ययन गर्दा संलग्न वासलातले **श्री हंस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लिमिटेडको** आषाढ ३१, २०८० को वित्तीय स्थिति, तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्विटिमा भएको परिवर्तन सम्बन्धी संस्थाको नाफा नोक्सान, नाफा नोक्सान बाडँफाड, नगद प्रवाह र इक्विटिमा भएको परिवर्तनको सही र यथार्थ चित्रण गर्दछ ।

### २. रायको आधार

संलग्न वित्तीय विवरणको अनुसूची १५: प्रमुख लेखा नीतिहरुमा खुलासा गरिएअनुसार सहकारीले आफ्नो वित्तीय विवरण प्रथमत: स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्धती, सहकारी ऐन, नियमावली तथा नेपाल लेखामान अनुसार तयार गरेको छ । त्यस अनुसार संस्थाले वित्तीय विवरण तयार गर्दा सहकारी ऐन र नियमावलीले तोकेका विषयमा ऐन बमोजिम र अन्य विषयमा प्रचलनमा रहेका लेखा पद्धती र नेपाल लेखामान बमोजिम कारोबारको लेखांकन गरी वित्तीय विवरण तयार गरेको छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन र समितिको दायित्व

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारीता कायम राख्ने कार्यहरु पर्दछन र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नितिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

### वित्तीय विवरणमा लेखापरीक्षकको दायित्व

व्यवस्थापनले तयार गरेका वितीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । संस्थाले वित्तिय विवरण तयार गर्दा अवलम्बन गरेको लेखा सिद्धान्त, लेखा नितिको सान्दर्भिकता, विश्लेषण र व्यवस्थापनले गरेका महत्वपूर्ण लेखाअनुमानको उपयुक्तता एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन गर्ने कार्यसमेत लेखापरिक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभुत रुपमा सारभूत रुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार योजना तयार गरी तद्अनुसार लेखापरिक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको छड्के परीक्षण कार्यविधि समेत लेखापरिक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम

GPO 8975 EPC 5470
(+977) 01 4100054
(+977) 01 4100067 (Fax)
info@lacanepal.com
www.lacanepal.com

मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

लेखापरीक्षण परिधी तथा अवधी, लेखापरीक्षण कैफियत तथा आन्तरीक नियन्त्रण प्रणालीमा देखिएका कमी कमजोरीका बारेमा व्यवस्थापनलाई सुझाव पेश गर्नु हाम्रो जिम्मेवारी हो र सो अनुरुप हामीले व्यवस्थापनलाई सुझाव पेश गरी सकेका छौ ।

**सहकारी ऐन बमोजिम हाम्रो प्रतिवेदन**

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारामा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं:

क) लेखा परीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन् । हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलीत कानुन बमोजिम रितपूर्वक राखिएको पाइयो ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धि विवरण सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुनलाई आधार मानी तयार गरिएका छन् र सस्थाले राखेका हिसाब किताबसँग दुरुस्त रहेका छन्,

ग) हामीले लेखा परीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रहेको पाइयो ।

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टिकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरको पाएनौं ।

सिए सुजित कोईराला
लेखापरिक्षक
एल.ए. एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्टस्

स्थान : काठमाण्डौ, नेपाल
मिति : २०८० कार्तिक १६
UDIN: 231109CA01653yuurx

# हंस बहुउद्धेश्यीय सहकारी संस्था लि.

नारायणगढ, चितवन

२०८० आषाढ मसान्तको वासलात

| विवरण | अनुसुची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| **पुंजी तथा दायित्व** | | | |
| चुक्ता पुंजी | १ | १०,२३,७८,७००.०० | १०,२५,१६,४००.०० |
| कोषहरु :- | | | |
| क) जगेडा कोष | | ५,९२,५५,९०५.३७ | ५,०३,७१,९६३.८३ |
| ख) अन्य कोष | २ | २,०१,९२,११२.१७ | २,६५,७७,६८७.१५ |
| बचत | ३ | ६०,८४,२०,३२०.६४ | ६५,६८,५६,४६५.०० |
| वित्तीय संस्थाबाट प्राप्त ऋण | | ३,६०,००,०००.०० | १,८०,००,०००.०० |
| चालु दायित्व तथा व्यवस्था | ४ | ३,११,७३,२५०.७८ | २,२३,५४,४६६.८१ |
| ब्याज (सस्पेन्स खाता) | | १,१४,५९,३५४.२७ | ३८,५१,४०६.९४ |
| **जम्मा :-** | | ८६,८८,७९,६४३.२४ | ८८,०५,२८,३८९.७१ |
| **सम्पत्ति** | | | |
| नगद मौज्दात (व्यवस्थापन बाट प्रमाणित) | | ८६,९२,४२९.५१ | ५१,९५,७६५.६३ |
| बैंक मौज्दात (मुद्दती समेत) | ५ | १४,३४,५८,२४४.७२ | १२,०५,४७,९०५.३१ |
| कर्जा तथा सापट | ६ | ६२,७२,२२,७७८.१७ | ६८,०५,९२,४२४.०९ |
| स्थिर सम्पत्ति | ७ | ६,५१,८१,००९.५५ | ६,३४,१२,९६०.८३ |
| गैर बैंकिङ्ग सम्पति | | २५,००,०००.०० | - |
| अन्य सम्पत्ति | ८ | १,९६,५८,१८१.७९ | ८६,४४,३३३.८० |
| लगानी | १३ | २१,६७,०००.०० | २१,३५,०००.०० |
| **जम्मा :-** | | ८६,८८,७९,६४३.२४ | ८८,०५,२८,३८९.७१ |

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु अनूसुची १५

| | | | |
|---|---|---|---|
| प्रमोद कुमार श्रेष्ठ<br>कोषाध्यक्ष | शारदा शर्मा पौडेल<br>सचिव | बाबुराम अधिकारी<br>उपाध्यक्ष | दिनेश कुमार चुके<br>अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| षडानन्द लामिछाने<br>सदस्य | प्रा.डा. होमनाथ सापकोटा<br>सदस्य | देशबन्धु अधिकारी<br>सदस्य | अनिता मैनाली<br>सदस्य | सन्तोष पाठक<br>सदस्य |

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

| | | | | |
|---|---|---|---|---|
| ध्रुव कुमार ओझा<br>सदस्य | सूर्य बराल<br>सदस्य | नारायण प्रसाद सापकोटा<br>प्रबन्धक | नविना अधिकारी<br>लेखा प्रमुख | सिए सुजित कोईराला<br>लेखापरीक्षक<br>एल. ए. एण्ड एसोसियट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

स्थान: नारायणगढ, चितवन

मिति : २०८० असोज ३०

# हंस बहुउद्देश्यीय सहकारी संस्था लि.

नारायणगढ, चितवन

आय विवरण

२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ सम्मको

| विवरण | अनुसुची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| आम्दानी | | | |
| क) कृषि फार्म आम्दानी | ९ | - | ६,५००.०० |
| ख) कृषि फार्म खर्च | १० | - | (१,२२,५७५.००) |
| कुल आम्दानी (कृषि फार्म कारोबार तर्फ) | | - | (१,१६,०७५.००) |
| क) कर्जा तथा सापटबाट प्राप्त ब्याज | | ९,८३,१०,६१०.२७ | ९,२३,१७,२९२.६५ |
| ख) कर्जा तथा सापटबाट प्राप्त विलम्ब शुल्क | | ४७,७२,७३७.७६ | ६३,५५,८७६.२५ |
| ग) बैक ब्याज | | ८४,६८,६९१.८८ | १,३४,५०,९४७.०६ |
| घ) विविध आम्दानी | ११ | ६१,१७,४३१.५० | ८०,२६,७१०.१० |
| ङ) कर्जा अपलेखन फिर्ता आम्दानी | | २५,००,०००.०० | - |
| कुल आम्दानी (बचत तथा ऋण कारोबार तर्फ) | | १२,०१,६९,४७१.४१ | १२,०१,५०,८२६.०६ |
| खर्च | | | |
| क) बचतमा ब्याज खर्च | | ६,७९,०१,६१२.९५ | ६,४२,०८,७९९.२८ |
| ख) ब्याज छुट खर्च | | १८,८८,३७६.२० | २०,०९,०१२.४२ |
| ग) कर्जामा ब्याज खर्च | | ४,४०,३४२.४२ | ३२,९४,७१३.४३ |
| घ) ऋण अपलेखन खर्च | | ३१,०६,४८७.६८ | |
| ङ) कर्मचारी खर्च | १२ | ९६,७३,१००.०४ | ७९,०३,२१३.२१ |
| च) कार्यालय खर्च | १४ | ७८,३४,३४४.३३ | ७२,२६,९६९.०९ |
